साप्ताहिक
# साँघु
SANGHU Vernacular Weekly

वेबसाइट: www.sanghunews.com

अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की नेपालको ४७औं प्रधानमन्त्री भएको १९३औं दिन

वर्ष ४३, अंक ४२, २०८२, चैत ९ गते, सोमबार (MAR. 23, 2026) मूल्य रू. १०।-

# गृहमै गाँठो : बालेन-रविबीच शक्ति संघर्ष
## रास्वपाभित्र खटपट, मन्त्री बाँडफाँटमा पेच

**काठमाडौं। बालेन्द्र शाहको नेतृत्वमा बन्न लागेको नयाँ सरकारमा सबैभन्दा ठूलो पेचिलो गाँठो गृहमन्त्रालय बनेको छ। राष्ट्रिय स्वतन्त्र पार्टीभित्र यतिखेर गृह मन्त्रालय कसको नियन्त्रणमा रहने भन्ने विषयले खुला रस्साकस्सीको रूप लिएको खबर छ। सरकार गठनको अन्तिम तयारी चलिरहँदा सभापति रवि लामिछाने र भावी प्रधानमन्त्री बालेन्द्र शाहबीच यही मन्त्रालयलाई लिएर असहमति चर्किएको स्रोतहरू बताउँछन्।**

स्रोतका अनुसार, बालेन्द्र शाह गृह मन्त्रालय आफ्नै मातहतमा राख्न चाहन्छन्। उनको तर्क छ-अर्थ र परराष्ट्र जस्ता शक्तिशाली मन्त्रालय रास्वपाकै टिमलाई दिने सहमति भइसकेपछि गृह पनि प्रधानमन्त्रीको छातामुनि हुनुपर्छ। बालेनको बुझाइमा गृह मन्त्रालय भनेको केवल प्रशासनिक मन्त्रालय होइन, सरकारको वास्तविक नियन्त्रण केन्द्र हो। सुरक्षा निकाय, प्रशासन, अनुसन्धान र राज्य संयन्त्र सम्हाल्ने मन्त्रालय अर्को शक्ति केन्द्रलाई दिएर आफू कमजोर बन्न नहुने उनको स्पष्ट लाइन देखिन्छ।

तर, स्रोत भन्छ, रवि लामिछाने भने गृह मन्त्रालय बालेनलाई सुम्पिने पक्षमा देखिएका छैनन्। स्रोतको दाबी अनुसार लामिछाने डीपी अर्याललाई गृहमन्त्री बनाउन चाहन्छन्। उनी गृहमा आफ्ना विश्वासिला पात्र राखेर सरकारभित्रको 'म्यानेजमेन्ट' आफ्नो पकडमा



राख्न खोजिरहेका छन्। यही कारण अहिले बालेन र रविबीच सहमति हुन नसकेको स्रोतको दावी छ। अर्को विकल्पका रूपमा सुनिल लम्सालको नाम पनि चर्चामा रहेकाले रास्वपाभित्र दुई धार देखिन थालेको छ।

गृह मन्त्रालयलाई लिएर यस्तो टकराव हुनुको कारण पदको आकर्षण मात्र होइन, शक्ति-सन्तुलन पनि हो। बालेनको बुझाइमा गृह प्रधानमन्त्रीकै नियन्त्रणमा रहेमा विभिन्न संवेदनशील मुद्दा, अनुसन्धान, पक्राउ-पूर्जी र प्रशासनिक निर्णयहरूमा आफ्नो प्रभाव कायम गर्न सजिलो हुन्छ। उता, रवि लामिछानेको भय उल्टो देखिन्छ-गृह अर्काको हातमा गए भोलि त्यही मन्त्रालय राजनीतिक अस्त्रका रूपमा आफैंविरुद्ध प्रयोग हुन सक्छ। त्यसैले उनी गृह मन्त्रालयलाई "अरूको हातको हतियार" बन्न दिन चाहँदैनन्।

यही विवादका कारण मन्त्रिपरिषद्को आकार, मन्त्रालय बाँडफाँट र अन्य नामहरूमा पनि सहमति जुट्न नसकिरहेको स्रोत बताउछ। पर्यटन मन्त्रालयमा गणेश पराजुली, विराजभक्त श्रेष्ठ र धनञ्जय रेग्मीका नाम चलिरहेका छन्। शिक्षा मन्त्रालयका लागि सस्मित पोखरेल चर्चामा छन्। कानूनमन्त्रीमा सोविता गौतम र सुलभ खरेलको नाम अगाडि सारिएको छ। परराष्ट्र मन्त्रालयमा (बाँकी पृष्ठ ८ मा)

# राजनीतिक सोच र कार्यक्षमताको अभाव
# सरकार सञ्चालन : विज्ञ बनाम निर्वाचितको द्वन्द्व !

● साँघु विशेष टिप्पणीकार

**काठमाडौं। २०८२ को निर्वाचनपछिको वर्तमान परिदृश्यले नेपालको राजनीतिमा एउटा नयाँ 'प्रयोग' र त्यसका गम्भीर चुनौतीहरूलाई संकेत गरेको छ। एकातिर जनमतको प्रचण्ड बहुमत छ भने अर्कोतिर स्रोतको अभाव र दुई शक्तिशाली व्यक्तित्वबीचको सम्भावित टकराव। यसले गर्दा आगामी नयाँ प्रतिनिधि सभा र नयाँ सरकार कसरी सञ्चालन होला भन्ने जिज्ञासा र संशय उत्पन्न हुनु स्वाभाविक देखिन्छ।**

**१. जनमतको भार र स्रोतको खाडल**

२०८२ को निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्राप्त गरेको प्रचण्ड बहुमत केवल विजय मात्र होइन, यो दशकौंदेखिको राजनीतिक निराशाको विस्फोट पनि हो। आम नागरिकमा अबको सरकारले जादुमयी ढङ्गले परिवर्तन ल्याउँछ भन्ने तीव्र आकांक्षा छ। तर, वास्तविकता निर्मम छ।

देशको आन्तरिक स्रोत र राजस्वले साधारण खर्चसमेत धान्न नसक्ने अवस्थामा जनताका यी उर्लंदा अपेक्षाहरू पूरा गर्नु बालेन शाह नेतृत्वको नयाँ सरकारका लागि 'फलामको चिउरा चपाउनु' सरह हुने अड्कलबाजी गरिदैछ। मतदाताहरू सरकारप्रति पूर्ण रूपमा निर्भर भइदिँदा र आर्थिक आधार कमजोर हुँदा सानो गल्तीले पनि जनआक्रोशको रूप लिन सक्ने जोखिम देखिन्छ।

**२. दुई विपरीत ध्रुवीय शक्ति केन्द्र : रवि र बालेनको कार्यशैली**

रास्वपाभित्र दुई फरक प्रवृत्तिका नेताहरूको मिलन भएको छ। पार्टी सभापति रवि लामिछाने एक कुशल सञ्चारकर्मी र भावुक नेता हुन्, जसले रास्वपालाई आफ्नो रगत-पसिनाले सिँचेको 'आफ्नै सन्तान' सरह मान्छन्। उनी कार्यकर्ता र संगठनसँग जोडिन रुचाउँछन्। अर्कोतर्फ, प्रधानमन्त्रीका रूपमा अघि सारिएका बालेन शाह एक अन्तर्मुखी तर 'एकल निर्णय' (Single-Man Decision) मा विश्वास गर्ने पात्र हुन्।

बालेन पार्टीको विचार वा संगठनभन्दा पनि आफ्नो व्यक्तिगत लोकप्रियता र प्राविधिक विज्ञताका आधारमा चल्न चाहनेछन्। पार्टी निर्माण गर्ने रवि र पार्टीको सफलता उपभोग गर्ने 'पाहुना' जस्ता देखिने बालेनबीचको यो मनोवैज्ञानिक खाडल नै आगामी सत्ता यात्राको सबैभन्दा ठूलो चुनौती हो।

**३. सरकार सञ्चालन : विज्ञ बनाम निर्वाचितको द्वन्द्व**

बालेन शाहको कार्यशैली काठमाडौं महानगरका प्रमुख हुँदा नै स्पष्ट भइसकेको छ-उनी प्रक्रियाभन्दा परिणाम र राजनीतिक सहमतिभन्दा विज्ञको सल्लाहमा बढी विश्वास गर्छन्। प्रधानमन्त्री बनेपछि पनि उनले निर्वाचित सांसदहरूलाई भन्दा स्वतन्त्र विज्ञहरूलाई मन्त्री बनाउन चाहेको संकेतले पार्टीभित्र हलचल पैदा गरेको छ।


संवैधानिक बाध्यताका कारण उनले निर्वाचित सांसदलाई मन्त्री बनाउन राजी भए तापनि मन्त्रालय सञ्चालनका क्रममा उनले पार्टीसँग समन्वय नगर्ने र आफ्नै सचिवालय वा विज्ञ टोली (Kitchen Cabinet) मार्फत शासन चलाउने सम्भावना प्रबल छ। यसले पार्टीका पुराना नेताहरू र प्रधानमन्त्रीबीच गहिरो अविश्वास पैदा गर्न सक्छ।

**४. पार्टी-सरकार टकराव र सम्भावित दुर्घटना**

इतिहासले के देखाउँछ भने, जब सरकारले पार्टीलाई र पार्टीले सरकारलाई उपेक्षा गर्न थाल्छ, तब व्यवस्था नै सङ्कटमा पर्छ। रास्वपाभित्र विभिन्न पेसा र विचारधाराका मानिसहरूको भिड छ, जसलाई व्यवस्थापन गर्न रविलाई हम्मेहम्मे परिरहेको छ। यस्तोमा बालेनले एकतर्फी तरिकाले सरकार चलाउँदा पार्टीका सांसदहरूले आफूलाई 'रबर स्ट्याम्प' मात्र महसुस गर्नेछन्।

यदि बालेनले पार्टीको नीतिभन्दा बाहिर गएर वा पार्टीलाई (बाँकी पृष्ठ ८ मा)


## राष्ट्रपतिले किन अड्काए अर्याल ?



*काठमाडौं। राष्ट्रपति रामचन्द्र पौडेलले सरकारले सिफारिस गरेको राष्ट्रिय सभा सदस्य नियुक्ति रोकेपछि सत्ता वृत्तमा नयाँ राजनीतिक तरंग उत्पन्न भएको छ। मन्त्रिपरिषद्ले ओमप्रकाश अर्याललाई राष्ट्रिय सभामा मनोनीत गर्न २०८२ चैत १ गते निर्णय गरेर यसै हप्ता सिफारिस पठाएको थियो। तर, राष्ट्रपति कार्यालयमै त्यो निर्णय रोकिए(होल्ड)पछि अब प्रश्न उठेको छ-यो संवैधानिक प्रक्रिया रोकिएको हो कि व्यक्तिगत स्वार्थले बाटो छेकेको हो ?*

*उच्च स्रोतका अनुसार, राष्ट्रपति पौडेल अर्यालको नाममा सहज थिएनन्। उनको चाहना आफ्नै पक्षको व्यक्ति, अझ स्पष्ट रूपमा भन्ने हो भने आफ्नी छोरीलाई राष्ट्रियसभामा लैजानेतर्फ रहेको दाबी स्रोतहरूको छ। यसअघि नेपाली कांग्रेसको समानुपातिक सूचीमा छोरीको नाम राखिँदा चर्को आलोचना भएपछि त्यो नाम फिर्ता लिनुपरेको थियो। तर, त्यसपछि पनि राष्ट्रपति पौडेलले राष्ट्रियसभा मनोनयनमार्फत त्यही अभिलाषा जोगाइराखेको चर्चा अहिले फेरि बलियो बनेको छ।* (बाँकी पृष्ठ ८ मा)

## प्रचण्ड दलमा द्वन्द्व चर्कियो, एकता कि विभाजन ?



काठमाडौं। नेपाली कम्युनिष्ट पार्टी (नेकपा) भित्र यतिखेर दुईखाले मत स्पष्ट रूपमा देखिन थालेका छन्। संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले अब कस्तो राजनीतिक लाइन लिने हुन् भन्नेमा तल्लो तहदेखि मझौला नेतासम्म अन्योल बढेको छ। यही अन्योलबीच नेताहरूले प्रचण्डसमक्ष दुई फरक सुझाव राख्न थालेका छन्।

पहिलो सुझाव छ-प्रचण्डले पार्टी नेतृत्वबाट राजीनामा दिउन्, महाधिवेशन गरून् र नेतृत्व हस्तान्तरणमार्फत परिवर्तनको सन्देश दिउन्। कार्यकर्ता र मझौला तहका नेताहरूको एउटा पंक्ति अहिले यही लाइनमा देखिएको छ। उनीहरूको तर्क छ, पछिल्लो चुनावले नयाँ सन्देश, नयाँ अनुहार र नयाँ शैलीको माग गरेको छ। त्यसैले प्रचण्ड अब सक्रिय नेतृत्वभन्दा अभिभावकीय भूमिकामा बस्नुपर्छ। तर, प्रचण्डले भने यस्तो सुझावलाई सहज रूपमा लिएको संकेत देखिएको छैन। बरु उनी आफू कसरी अघि बढ्ने भन्नेमै अलमलमा रहेको स्रोतहरूको भनाइ छ।

दोस्रो मत अझ राजनीतिक छ-नेतृत्व परिवर्तनसँगै पार्टी एकता। विशेषगरी एमालेसँग पुनः एकतामा जानुपर्ने तर्क नेकपाभित्र बलियो हुन थालेको छ। स्थानीय तह निर्वाचनअघि नै वाम एकताको सन्देश दिन सकिए कार्यकर्तामा ऊर्जा थपिने र बिखरिएको कम्युनिष्ट मत फेरि संगठित गर्न सकिने बुझाइ एकथरी नेताहरूको छ। उनीहरूको भनाइमा माधव नेपाल, झलनाथ खनाल र वामदेव गौतमहरूलाई बोकेर हिँड्नुभन्दा एमालेसँग सहकार्य वा एकता (बाँकी पृष्ठ ८ मा)

## कांग्रेसमा दुई समूह भिडन्त बैठकको तयारी



काठमाडौं। नेपाली कांग्रेसको आन्तरिक विवाद अब उत्कर्षतिर पुगेको छ। विशेष महाधिवेशनमार्फत महामन्त्री गगन थापाले सभापतिको दाबी अघि सारेपछि चुनावसम्म विवाद दबाएर बसेको शेरबहादुर देउवा समूह अब प्रतिकारको रणनीतिमा खुलेर उत्रिएको छ।

देउवा समूहले थापा पक्षले राखेको केन्द्रीय समिति बैठकलाई अस्वीकार गर्दै समानान्तर बैठक बोलाउने तयारी थालेको छ। त्यसका लागि पार्टी संरचनाभित्र छलफल तीव्र पारिएको छ। कार्यवाहक सभापति पूर्णबहादुर खड्काको नेतृत्वमा केन्द्रीय कार्यसमिति बैठक बोलाउने तयारी भइरहेको स्रोतहरूको दाबी छ। यो तयारीमा रमेश लेखक, कृष्ण सिटौला, मीन विश्वकर्मालगायतका नेताहरू सक्रिय रहेको बताइएको छ।

देउवा समूहको रणनीति केन्द्रीय कार्यसमितिमा मात्र सीमित छैन। उनीहरू संसदीय दलभित्र पनि आफ्नो पकड देखाउने तयारीमा छन्। आफ्नै समूहको सांसदलाई अघि सारेर संसदीय दलको नेतामा निर्वाचित गराउने योजना बनाइएको बताइन्छ। विशेषगरी समानुपातिक सांसदहरूमा देउवा समूहको प्रभाव बलियो रहेकाले गगन थापा पक्षलाई संसदीय दलबाटै काउन्टर गर्ने लाइन लिइएको छ।

अहिलेको संसदीय अंकगणित हेर्दा देउवा र थापा समूह लगभग हाराहारीमा रहेको आंकलन छ। यस्तो अवस्थामा थापा पक्षका उम्मेदवारलाई संसदीय दलमै पराजित गर्न सके कांग्रेसभित्र शक्ति सन्तुलनबारे ठूलो सन्देश जाने देउवा समूहको बुझाइ छ। त्यसैले पहिलो चरणमा केन्द्रीय कार्यसमिति बैठकबाट दबाब सिर्जना गर्ने र दोस्रो चरणमा संसदीय दलको (बाँकी पृष्ठ ८ मा)

## नयाँ सरकार, नयाँ वर्ष नयाँ आईजीपी ?

काठमाडौं। २०८३ वैशाख १८ गते सशस्त्र प्रहरी बलका महानिरीक्षक (आईजीपी) राजु अर्याल चारवर्षे कार्यकाल पूरा गरी सेवा निवृत्त हुँदैछन्। उनी अवकाशमा गएपछि एआईजीद्वय नारायणदत्त पौडेल र वंशीराज दाहालमध्ये एकजना नयाँ आईजीपी बन्ने छन्। उनीहरूमध्ये पौडेल वरिष्ठ एआईजी भएकाले राजु अर्यालपछि उनै पौडेल आईजीपी बन्ने निश्चित मानिएको छ। पौडेल पनि २०८४ चैतमै अवकाशमा जानेछन्।

त्यसपछि सि.सं. १, २ र ३ का टोलीलाई आईजीपी बन्ने अवसर भने न्यून देखिएको संगठन स्रोत बताउँछ। कारण, डीआईजी पदमा चार प्लस एक गरी पाँच वर्ष पदावधिका कारण उनीहरू नेतृत्व तहमा (बाँकी पृष्ठ ८ मा)

## शहरीमा बजेट रोकियो खेलोफड्को रोकिएन ?

काठमाडौं। शहरी विकास मन्त्रालयले चालु आर्थिक वर्षमा अर्बौं बजेट पायो, तर कामको हालत हेर्दा लाग्छ-मन्त्रालय विकासका लागि होइन, कमिशन र बहानाका लागि चलेको छ। कहिले निर्वाचनको बहाना, कहिले बजेट रोक्काको रोना। तर, जति रकम फुकुवा भयो, त्यो कहाँ गयो भन्ने प्रश्नको जवाफ भने सचिवलगायत डीजीहरु कसैसँग छैन। खर्च भएन, काम बढेन, तर फाइल, बैठक र दाबीचाहिँ बाक्लै चलेको देखिन्छ।

मन्त्रालयको असली अनुहार हेर्न टाढा जान पर्दैन, निर्माणाधीन संघीय संसद् भवन हेरे पुग्छ। देशको कानून बन्ने घरै (बाँकी पृष्ठ ८ मा)

## सेनाको बढुवा प्रणालीमा ठूलो फेरबदल हुँदै
# मेजर-कर्नेल तहका अधिकृतलाई 'राहत प्याकेज'

**काठमाडौं। नेपाली सेनाभित्र लामो समयदेखि उठ्दै आएको बढुवा प्रणालीसम्बन्धी असन्तुष्टि र गुनासो अब औपचारिक रूपमा सम्बोधन हुने चरणमा पुगेको छ। प्रस्तावित सैनिक नियम (छैटौं संशोधन)-२०८२ मार्फत बढुवाको संरचनामा महत्वपूर्ण फेरबदल गर्न लागिएको सैनिक स्रोतहरूले बताएका छन्।**



प्रधानसेनापति अशोक राज सिग्देल नेतृत्वमा अघि बढाइएको यो संशोधनले विशेषगरी सेनानी (मेजर) तहका अधिकृतहरूको दीर्घकालीन पीडालाई सम्बोधन गर्ने लक्ष्य राखेको छ। हालसम्म ठूलो संख्यामा रहेका सेनानीहरू बढुवा नपाई ४०-४२ वर्षकै उमेरमा अवकाश लिन बाध्य हुँदै आएका थिए। यसले संगठनभित्र निराशा, असन्तुलन र पेशागत असुरक्षाको वातावरण सिर्जना गरेको भन्दै सैनिक अधिकृतहरुले लामो समयदेखि गुनासो गर्दै आएको थिए।

**बढुवाको 'बटलकनेक्स' तोड्ने प्रयास**

नेपाली सेनामा सेनानीबाट प्रमुख सेनानी (कर्नेल) मा बढुवा हुने चरण सबैभन्दा 'बटलकनेक्स' का रूपमा चिनिँदै आएको छ। सीमित दरबन्दी, उच्च प्रतिस्पर्धा र स्टाफ कलेज पास गरेका अधिकृतहरूलाई प्राथमिकता दिने व्यवस्थाका कारण ठूलो संख्यामा प्रोफेसनल, योग्य अधिकृतहरू बढुवाबाट वञ्चित हुँदै आएका थिए।

प्रस्तावित संशोधनअनुसार अब सेनानीबाट प्रमुख सेनानीमा बढुवाका लागि स्टाफ कलेज र नन-स्टाफ कलेजबीचको अनुपात परिवर्तन गरिने भएको छ। यसअघि ७० प्रतिशत स्टाफ कलेज र २० प्रतिशत नन-स्टाफ कलेजको कोटा रहेकोमा नन-स्टाफ कलेजतर्फको हिस्सा बढाएर ३० प्रतिशत पुऱ्याउने प्रस्ताव गरिएको छ। यसले स्टाफ कलेज जान नपाएका तर लामो अनुभव भएका अधिकृत(सेनानी)हरूलाई पनि बढुवाको अवसर विस्तार गर्ने अपेक्षा गरिएको छ।

**कर्नेलदेखि कर्नेलसम्म नियममै स्पष्टता**

त्यसैगरी प्रमुख सेनानी (कर्नेल) बाट महासेनानी(कर्नेल)मा बढुवाका लागि पनि अब स्पष्ट कोटा प्रणाली नियममै समावेश गरिने भएको छ। स्रोतका अनुसार ८० प्रतिशत स्टाफ कलेज र २० प्रतिशत नन-स्टाफ कलेजको (बाँकी पृष्ठ ८ मा)

## 'सेटिङ'-नियुक्तिमाथि कालो बादल

*काठमाडौं। यही साता अन्तरिम प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकार बाहिरिने छ। सरकारको बहिर्गमनसँगै साढे ६ महिनाको अवधिमा भएका राजनीतिक, विवादित र पहुँच-आधारित नियुक्तिहरू अब नयाँ सरकारको पहिलो निशानामा पर्ने संकेत देखिएको छ।*

*संघीय संसद् सचिवालयले २०८२ चैत १२ गते बिहीबार दिउँसो २ बजे नवनिर्वाचित प्रतिनिधि सभा सदस्यहरूको शपथग्रहण कार्यक्रम तय भइसकेको छ। त्यसै दिन राष्ट्रिय स्वतन्त्र पार्टीले वरिष्ठ नेता बालेन्द्र शाहलाई संसदीय दलको नेताका रूपमा अघि सार्ने तयारी गरेको बताइएको छ। त्यसपछि संविधानको धारा ७६(१) अनुसार बहुमत प्राप्त दलका नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने प्रक्रिया अघि बढ्नेछ।*

*रास्वपाको नेतृत्वमा बन्ने भनिएको नयाँ सरकारले पहिलो चरणमै 'राजनीतिक नियुक्ति सफाया' अभियान सुरु गर्न सक्ने चर्चा सिंहदरबारमा व्यापक छ। विशेषगरी अन्तरिम प्रधानमन्त्री कार्कीका प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठको प्रभाव र सेटिङमा भएका भनिएका नियुक्तिहरू अब धरापमा पर्ने आंकलन गरिएको छ।* (बाँकी पृष्ठ ८ मा)

## डेपुटीको नियुक्ति अड्कियो, राष्ट्र बैंकमा राजनीति
# नयाँ सरकार नयाँ गभर्नरको खेलमा ?

काठमाडौं। नेपाल राष्ट्र बैंकमा यतिखेर दुई डेपुटी गभर्नर पद रिक्त छन्। तर, नियुक्ति प्रक्रिया भने अगाडि बढ्न सकेको छैन। कारण, मुलुक नयाँ सरकार गठनको प्रतीक्षामा छ, र नेपाल राष्ट्र बैंकको नेतृत्वसमेत अब केवल प्रशासनिक विषय नभई सिधै राजनीतिक शक्ति-सन्तुलनको खेलमा तानिएको छ।

२०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनपछि राष्ट्रिय स्वतन्त्र पार्टी निर्णायक हैसियतमा पुगेको छ। अब बन्ने सरकारमा अर्थ मन्त्रालयको नेतृत्व सोही दलका उपसभापति स्वर्णिम वाग्लेले सम्हाल्ने चर्चा छ। यही सन्दर्भमा अहिलेका गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको भविष्यलाई लिएर पनि अनेक अड्कलबाजी सुरु भएको छ। स्रोतहरूका अनुसार, वाग्ले अर्थमन्त्री बन्ने अवस्था आए आफू पदमै बसिरहने पक्षमा नरहेको संकेत पौडेलले निकटवृत्तमा यसअघि नै दिएका थिए। यही कारण राष्ट्र बैंकमा डेपुटी नियुक्तिको प्रश्न पनि सिधै गभर्नरको कुर्सीसँग जोडिन पुगेको छ।यदि गभर्नर पौडेलले राजीनामा दिए भने प्रक्रिया उल्टिन्छ-पहिले नयाँ गभर्नरको खोजी हुन्छ, त्यसपछि मात्रै डेपुटी गभर्नरहरु नियुक्ति अघि (बाँकी पृष्ठ ८ मा)

# अख्तियारबाट डामिएका यी सहसचिव
## असुली धन्दाको खेल खेल्ने यसरी फसे ?

काठमाडौं। लामो समयदेखि 'मालदार' अड्डा र संवेदनशील विभागहरूमा घुम्दै आएका सहसचिव झलकराम अधिकारी अन्ततः अख्तियार दुरुपयोग अनुसन्धान आयोगको फन्दामा परेका छन्। ७० लाख रुपैयाँ घुस लिएको आरोपमा अख्तियारले विशेष अदालतमा भ्रष्टाचार तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा दायर गरेपछि उनी निलम्बित मात्र भएका छैनन्, निजामती प्रशासनभित्रै चलिरहेको सेटिङ-संस्कृतिमाथि पनि फेरि प्रश्न उठेको छ।



सहसचिव झलकराम अधिकारी

कास्कीको ढिकुरपोखरीमा जन्मिएका अधिकारी २०५९ देखि २०६६ सालसम्म शाखा अधिकृत रहँदादेखि नै गृह प्रशासनतिर चलाख र पहुँचवाला कर्मचारीका रूपमा चिनिन्थे। भृकुटीमण्डपस्थित अध्यागमन विभागमा कार्यरत हुँदा कायममुकायम महानिर्देशक मोहनकृष्ण सापकोटासँग उनको सम्बन्ध सामान्य प्रशासनिक सीमाभन्दा बाहिर पुगेको चर्चा त्यतिबेलै सुरु भएको थियो। स्रोतहरूका अनुसार, विभिन्न अध्यागमन कार्यालयमार्फत विदेशी नागरिकलाई सेटिङमा भित्र्याउने र त्यसबाट लाभ उठाउने काममा उनीहरू नजिक थिए।

**'मालदार' अड्डामा निरन्तर उकालो**

पछि सापकोटा सहसचिव हुँदै गृहसचिवसम्म बने। उनकै निकटताबाट प्रशासनिक खेल (बाँकी पृष्ठ ८ मा)

## कूटनीतिक पहुँच देखाएर ठगी धन्दा ?
### मलंगवाका विकास ठाकुर फेरि पक्राउ



*काठमाडौं, चैत। कूटनीतिक नियोगको नाम लिएर व्यक्तिगत स्वार्थ पूरा गर्ने, झुठा आश्वासन दिँदै व्यापारी र सर्वसाधारणसँग असुली गर्ने धन्दामा संलग्न रहेको आरोपमा सर्लाहीका विकास ठाकुर दोस्रो पटक पक्राउ परेका छन्।*

*प्रहरी स्रोतका अनुसार, सर्लाहीको मलंगवा नजिक घर भएका ठाकुरलाई २०८२ चैत ४ गते सर्लाही प्रहरीले पक्राउ गरी थप अनुसन्धानका लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको हो। उनी यसअघि पनि प्रहरी परिसर काठमाडौंमा अशोक सिंह प्रमुख रहेका बेला यस्तै प्रकृतिको आरोपमा पक्राउ परी कारबाही भोगिसकेको बताइएको छ।*

*ठाकुरले काठमाडौंस्थित भारतीय राजदूतावासका विभिन्न विभागका हाकिमहरूसँग आफ्नो राम्रो पहुँच, सम्बन्ध रहेको दाबी गर्दै भारतमा छात्रावृत्ति नेपालमा एम्बुलेन्स, बस लगायतका सुविधा उपलब्ध गराइदिन्छु, जुनसुकै काम पनि मिलाइदिन्छु भनेर सर्वसाधारणबाट आर्थिक लाभ लिने गरेको आरोपमा अनुसन्धान भइरहेको जानकारी हुन आएको छ।*

*त्यसैगरी, उनले भारतमा छात्रवृत्तिमा पढ्न पठाइदिने प्रलोभन देखाउँदै विभिन्न व्यक्तिहरूसँग असुली गर्दै आएको आरोप पनि रहेको छ। प्रहरीका अनुसार, उनले भारतीय राजदूतावास र 'रअ' (रिसर्च एन्ड एनालाइसिस विङ) को नामसमेत प्रयोग गरी झुठा आश्वासन दिँदै ठगी गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। प्रहरी स्रोतका अनुसार, कुनै औपचारिक पेशा वा व्यवसाय नभएका ठाकुरले करोडौं बराबरको सम्पत्ति आर्जन गर्न सफल भएको देखिएको छ। उनीसँग दुई वटा हायस गाडीसमेत रहेको सर्लाही प्रहरी स्रोतको दाबी छ।* (बाँकी पृष्ठ ८ मा)

## सचिव बिडारीको अवकाश भौतिकको सचिव को बन्ला ?

काठमाडौं। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका केपी ओली सरकारका विश्वास पात्र सचिव केशवकुमार शर्मा बिडारी ५८ वर्षे उमेरहदका कारण २०८२ चैत ८ गते आइतबारदेखि निजामती सेवाबाट अवकाशमा गएका छन्। उनी बाहिरिएसँगै भौतिक मन्त्रालयको सचिव पद फेरि शक्ति-सन्तुलन, पहुँच र सरुवाको रस्साकस्सीको केन्द्र बन्दैछ।

२०८२ चैत ८ गतेदेखि रिक्त भएको सचिव पदमा सरुवा हुन हाल शहरी विकास मन्त्रालयमा कार्यरत विवादस्पद सचिव गोपाल सिग्देलले तीव्र सक्रियता बढाएको उच्च स्रोतको दाबी छ। उनीसँगै खानेपानी मन्त्रालयका सचिव विश्वबाबु पुडासैनी तथा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयमा कार्यरत केही सचिवसमेत उक्त 'आकर्षक' मन्त्रालयमा जान रहर गरिरहेको बताइएको छ।

स्रोतका अनुसार, मन्त्री माधव प्रसाद चौलागाईंले यसअघि पनि अवकाशको मुखमा पुगेका सचिव शर्मालाई हटाएर पुडासैनीलाई ल्याउने प्रयत्न गरेका थिए। तर, मुख्यसचिव सुमनराज अर्याल र प्रधानमन्त्री सुशीला कार्कीले त्यसमा चासो (बाँकी पृष्ठ ८ मा)

# चुनावी सर्जिकल स्ट्राइक-सहमतिको चुनौती !

**नेपालको राजनीतिक इतिहासमा वि.सं. २०८२ (सन् २०२६) को निर्वाचन एउटा निर्णायक 'टर्निङ प्वाइन्ट' सावित भएको छ। दशकौंदेखि सत्तामा स्थापित दलहरूका लागि यो निर्वाचन गम्भीर आत्मसमीक्षाको घडी बनेको छ। "नो, नट अगेन" को नारा यसपटक सामाजिक सञ्जालमा मात्र सीमित रहेन, बरु मतदान केन्द्रसम्मै पुगेर निर्णायक बन्यो।**

### यो बेला

**टंकमणि शर्मा दंगाल**



**कुनै एउटा दलले मात्र रणनीतिक र राष्ट्रिय महत्त्वका विषयहरूको पूर्ण जिम्मेवारी वा बोझ बोक्न सक्दैन। विगतमा अघिल्लो सरकार पनि करिब दुई-तिहाइ नजिक थियो, तर प्रतिपक्षले संसदमा सशक्त उपस्थिति जनाएकै थियो।**

विश्व इतिहासमा क्यानडा, फ्रान्स र भारतको दिल्लीजस्तै नेपालको २०८२ को निर्वाचन परिणाम पनि एक 'इलेक्टोरल सर्जिकल स्ट्राइक' हो, जहाँ मतदाताले दलीय 'भोट बैंक' भत्काउँदै रास्वपा (RSP) लाई रोजेका छन्। यसले स्पष्ट पार्छ कि पुराना दलहरूले नेपाली राजनीतिमा आफ्नो सान्दर्भिकता पुनःस्थापित गर्नका लागि नयाँ खालको तयारी र ध्रुवीकरण गर्नु आवश्यक छ।

यस निर्वाचनको नतिजा हेर्दा राष्ट्रिय स्वतन्त्र पार्टीले करिब दुई-तिहाइ बराबरको सिट आर्जन गरेको छ। "नेपालको निर्वाचन प्रणालीका कारण प्रतिनिधि सभामा एकल बहुमत सम्भव छैन, त्यसैले प्रणाली नै बदल्नुपर्छ" भन्ने जुन भाष्य बनेको थियो, यस निर्वाचनले त्यसलाई गलत सावित गर्दै दुई-तिहाइ बहुमतसमेत सम्भव छ भन्ने सिद्ध गरिदिएको छ।

यसले गर्दा सरकार सञ्चालन र संसदमा विधेयक तथा नीतिहरू पारित गर्न उसलाई सहज भएको देखिन्छ। सरकार राम्ररी सञ्चालन भएमा राजनीतिक अस्थिरता समाप्त हुन्छ, जुन सकारात्मक पक्ष हो। तर, संसदीय प्रणालीमा सरकार राजनीतिक दलद्वारा निर्देशित, नियन्त्रित हुने भएकाले सत्ताधारी दल र सरकारका बिच समन्वयको अभाव भएमा सरकार सञ्चालनमा अवरोध सिर्जना हुनेतर्फ हेक्का राख्नु जरुरी छ।

संसदमा सत्तापक्षको भन्दा प्रतिपक्षको भूमिका बढी प्रभावशाली हुने भएकाले सत्तापक्षसँग जति नै बढी सिट संख्या भए तापनि राष्ट्रिय महत्त्वका विषयहरू राजनीतिक सहमतिका आधारमा मात्र निर्णय गरिनुपर्दछ भन्ने विगतदेखिकै मान्यता छ।

कुनै एउटा दलले मात्र रणनीतिक र राष्ट्रिय महत्त्वका विषयहरूको पूर्ण जिम्मेवारी वा बोझ बोक्न सक्दैन। विगतमा अघिल्लो सरकार पनि करिब दुई-तिहाइ नजिक थियो, तर प्रतिपक्षले संसदमा सशक्त उपस्थिति जनाएकै थियो। प्रतिपक्षी सांसदहरूको संख्या धेरै हुँदैमा बलियो र थोरै हुँदा कमजोर हुने भन्ने हुँदैन।

संसदमा संख्या जति धेरै भए पनि गहन विचार राख्ने (बाँकी पृष्ठ ८ मा)

## जीवनधारा

### बुद्धिमान मन्त्री

बुद्धिमान व्यक्तिको कुरा गर्ने तरिका नै बेग्लै हुन्छ । एकपटक एक राजाले जनतामा धेरै कर लगाएका थिए । प्रजा धेरै दुखी थिए, तर कसैले पनि हिम्मत गर्न सकेको थिएन कि प्रजाको दुःख र करको बारेमा राजालाई केही भनिहाल्ने । एकदिन राजा आफ्ना मन्त्री र सभाषद्हरूको साथमा राज्यभन्दा बाहिरको भ्रमणमा निस्किएको बेलामा आकाशमा कालो बादल मडारिएर गड्याङगुडुङ हुन थाल्यो । लाग्दोथियो मूसलधारे पानी पर्नै लागेको छ । राजाले भने–'पानी पर्नै लाग्यो । हामी चाँडै फर्किनुपर्छ ।' राजाको कुरा सुनेर मौकामा चौका हान्दै एक बुद्धिमान मन्त्रीले भनिहाले–आत्तिनु (घवराउनु) पर्दैन–महाराज, बादल (पानी) हाम्रो राज्यमा प्रवेश गर्न सक्दैन । राजाले सोधे–किन ? मन्त्रीले भने–किनभने ऊ डराउँछ । उसलाई हाम्रो राज्यमा धेरै कर तिर्नुपर्छ ।

मन्त्रीको कुरा सुनेर राजा हाँस्न थाले, तर राजाले थाहा पाए, ती बुद्धिमान मन्त्री राजालाई के भन्न खोजिरहेका छन् भन्ने कुरा । राजाले मन्त्रीको प्रशंसा गर्न थाले र आफ्नो राज्यमा फर्कनासाथै जनतामा लगाइएको अतिरिक्त कर हटाउने आदेश तुरुन्तै दिए ।

क्रोधको सर्वोत्तम औषधि विलम्ब हो । -सेनेका

## सम्पादकीय

### अपेक्षाको पहाडमुनि रास्वपाको परीक्षा

*राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले १८२ सिटसहित प्रतिनिधिसभामा जुन उछाल लिएको छ, त्यो सामान्य चुनावी सफलता मात्र होइन, पुराना दलप्रति जनताको गहिरो वितृष्णाको विस्फोट पनि हो । जनता थाकेका थिए, रास्वपा त्यस थकानको निकास बन्यो । जनता निराश थिए, रास्वपा त्यस निराशामाथि टेकेर आशाको नाम बन्यो। तर अब प्रश्न चुनाव जित्ने होइन, त्यो आशालाई धान्ने हो । यही ठाउँमा रास्वपाको असली परीक्षा सुरु भएको छ ।*

*२०८२ चैत ४ गते सभापति रवि लामिछानेले सांसद अभिमुखीकरण कार्यक्रममा "अदब", मर्यादा र अनुशासनबारे कडा अभिव्यक्ति दिनुभयो । यो अभिव्यक्ति सामान्य थिएन । यसले एउटा भित्री भय उजागर गरेको छ-जनलहरबाट जितेर आएका, स्वतन्त्र पेशागत पृष्ठभूमिका, संसदीय संस्कारमा अपरिचित र राजनीतिका जटिल मोडबारे अनभिज्ञ ठूलो जमातलाई पाँच वर्षसम्म कसरी एक ढिक्कामा राख्ने ? यही चिन्ता अहिले बुद्धिजीवी वृत्तमा मात्र होइन, रास्वपाकै भित्री घेरामा पनि गुम्सिएको विषय हो ।*

*किनकि १८२ सांसद भनेको १८२ मत मात्र होइन, १८२ महत्वाकांक्षा पनि हो । त्यसभित्र मन्त्री बन्ने आकांक्षा छ, समिति सभापति बन्ने लोभ छ, शक्ति केन्द्र नजिक बस्ने लालसा छ, क्षेत्रका समर्थकलाई सन्तुष्ट पार्ने दबाब छ, चुनावमा गरेको खर्च असुल्ने मनोविज्ञान छ । नयाँ दल भएकैले यी रोग नलाग्ने होइन । बरु नयाँ दलमा पुरानो रोग झन् छिटो देखापर्छ, किनकि आदर्शको लुगा च्यातिन धेरै समय लाग्दैन ।*

*रास्वपाको अहिलेको सबैभन्दा ठूलो संकट विपक्षी दल होइन, आफ्नै पंक्तिभित्रको आकांक्षाको विस्फोट हो । मन्त्रीको कुर्सी सीमित छन्, तर दाबी गर्ने अनुहार धेरै छन् । समेट्न नसकिएकाहरूमा वितृष्णा बढ्नेछ । वितृष्णा असन्तोषमा बदलिनेछ । असन्तोष अन्ततः गुट, चुहावट, अवज्ञा र भित्री विद्रोहमा परिणत हुनेछ । आज "अदब" को उपदेश किन आवश्यक परेको हो भन्ने उत्तर यही हो । पार्टी नेतृत्वले भित्रको तापक्रम बुझेको छ । प्रश्न यत्ति हो-के त्यो तापक्रम नियन्त्रणमा राख्न सक्छ ?*

*रास्वपाले अहिले जुन प्रकारको नैतिक उच्चासन ओगटेको छ, त्यहाँबाट लड्नु अरू दलभन्दा धेरै महँगो पर्नेछ । कांग्रेस, एमाले वा माओवादी चिप्लिए भने जनता "यिनै त हुन्" भन्छन् । रास्वपा चिप्लियो भने जनता "यिनै पनि उस्तै रहेछन्" भन्न् थाल्नेछन् । यही वाक्य रास्वपाका लागि सबैभन्दा घातक हुनेछ । किनकि यस दलको राजनीतिक पूँजी विचारधारात्मक संगठन होइन, जनताको भरोसा हो। भरोसा एकपटक चुँडियो भने त्यसलाई भाषणले टाल्न सकिँदैन ।*

*अर्कोतिर, रास्वपा र नयाँ सरकारप्रति जनअपेक्षा अस्वाभाविक रूपमा ठूलो छ । जनताले भ्रष्टाचार घटोस्, प्रशासन सुध्रियोस्, सेवा-प्रवाहले गतिलिओस्, रोजगारी बढोस्, सेवा सहज होस्, महँगी नियन्त्रणमा आओस्, सुशासन देखियोस् भनेर एकैचोटि धेरै अपेक्षा राखेका छन् । तर, सरकार चलाउने आर्थिक जमिन भने अति कमजोर छ । राजस्वको अवस्था धेरै नाजुक छ । राज्यकोषको आकारले जनताको अपेक्षाको बोझ धान्न सक्ने अवस्था छँदैछैन । यथार्थमा, अपेक्षा हिमालजस्तो छ, तर कोषको पेट रित्तिँदै गएको छ ।*

*यहीं रास्वपाका लागि दोस्रो ठूलो संकटले जन्मलिनेछ-राजनीतिक वाचा र आर्थिक यथार्थबीचको टक्कर । चुनावताका जे बोलियो, त्यो राज्यसञ्चालनको टेबुलमा आएर बजेट, नीति, प्रशासन, कानून, कर्मचारीतन्त्र र संसाधनको भित्तामा ठोक्किन्छ । जनतालाई परिणाम चाहिएको छ, तर राज्यकोषले साथ दिइरहेको छैन । यस्तो अवस्थामा सरकार या त लोकप्रिय नाराको नशामा बाँच्नेछ, या कठोर यथार्थको जमिनमा ओर्लिन बाध्य हुनेछ । नशा लामो टिक्दैन, जमिन कठोर हुन्छ ।*

*रास्वपाको तेस्रो संकट भनेको अनुभवहीनता हो । राजनीति केवल जोश, भाषण र भिड तान्ने कौशलले चल्दैन । संसद् चलाउन प्रक्रिया चाहिन्छ, सरकार चलाउन संयन्त्र चाहिन्छ, निर्णय कार्यान्वयन गर्न प्रशासन चाहिन्छ, र संकट थेग्न धैर्य चाहिन्छ । सामाजिक सञ्जालमा लोकप्रिय भएर राज्य चल्दैन । क्यामेरा अगाडि धारिलो देखिनु र फाइलभित्र परिणाम निकाल्नु एउटै कुरा होइन। यहीं धेरै नयाँ शक्ति चिप्लिएका छन्। रास्वपा पनि यही भिरमा उभिएको छ ।*

*अझ गम्भीर कुरा के हो भने, स्वतन्त्र व्यवसायी शैलीका सांसद र राजनीतिमा नयाँ अनुहारहरूको भेलालाई पार्टी अनुशासनमा राख्नु आफैँमा जोखिमयुक्त भारी काम हो । जो जसरी उठेर आएका छन्, उनीहरू सबै दलगत संस्कारमा ढल्न तयार हुन्छन् भन्ने छैन । कसैले आफूलाई जनमतको प्रत्यक्ष मालिक सम्झनेछन्, कसैले पार्टीभन्दा आफ्नो छवि ठूलो ठान्नेछन्, कोही मन्त्री नपाएदेखि चिसिनेछन्, कोही जिम्मेवारी नपाए सार्वजनिक असन्तोष पोख्नेछन् । पाँच वर्ष यही जमातलाई एकै दिशामा हिँडाउनु अहिलेको सबैभन्दा कठोर राजनीतिक काम हो ।*

*रवि लामिछानेले "अदब" को कुरा गर्नुको अर्थ संसद् शिष्टाचार सिकाउनु मात्र होइन, सम्भावित अराजकताको पूर्वसूचना पनि हो । अनुशासनको भाषा त्यहीँ प्रयोग गरिन्छ, जहाँ नेतृत्वले अव्यवस्थाको गन्ध पाइसकेको हुन्छ । बाहिर विजयको उत्सव देखिए पनि भित्र आकांक्षाको भिडन्त सुरु भइसकेको छ । नेतृत्वले त्यो भिडन्त दबाउन खोज्दैछ । तर, दबाबले सबै समस्या सुल्झिँदैन । न्यायपूर्ण अवसर, पारदर्शी भूमिका बाँडफाँट, राजनीतिक प्रशिक्षण र संस्थागत निर्णय प्रक्रिया नबनाए "अदब" को नारा पनि चाँडै खोक्रो साबित हुनेछ ।*

*जनताको अपेक्षा रास्वपाले आफैँले पनि चर्काएको हो । पुराना दल असफल, हामी फरक ! उनीहरू भ्रष्ट, हामी स्वच्छ ! उनीहरू सडेका, हामी नयाँ-यही भाष्यमा टेकेर रास्वपा माथि उठेको हो । अब यही भाष्य उसको घाँटीमा फलामको घण्टी नबनोस् । अब उसले एक-एक निर्णयमा आफू फरक भएको प्रमाण दिनुपर्नेछ । पद बाँडफाँटमा, नियुक्तिमा, सरकारी खर्चमा, कार्यशैलीमा, संसदीय व्यवहारमा, विपक्षीसँगको व्यवहारमा-छिमेकी राष्ट्रसँगको सन्तुलन र अन्तर्राष्ट्रिय कूटनीतिक सम्बन्ध-सबैतिर । नत्र नयाँ अनुहारले पुरानै रोग बोकेको निष्कर्षमा पुग्न जनतालाई धेरै समय लाग्ने छैन ।*

*यो पनि बुझ्नुपर्छ-पुराना दलहरूको विफलताले रास्वपाको उदय सम्भव भयो, तर पुराना दलहरूको विफलताकै बाटोमा रास्वपा पनि फस्यो भने त्यसपछि जनतामा झन् ठूलो राजनीतिक नैराश्य जन्मिनेछ । त्यो नैराश्य लोकतन्त्रकै लागि खतरनाक हुन सक्छ । किनकि जब मतदाताले "कोही पनि फरक छैन" भन्न थाल्छन्, त्यहाँबाट व्यवस्था-विरोधी आवेग तीव्र बन्छ ।*

*यसकारण रास्वपाको प्रश्न केवल पाँच वर्ष कसरी बिताउने भन्ने होइन ! पाँच वर्षपछि आफूलाई कस्तो राजनीतिक शक्ति बनाउने भन्ने हो । क्षणिक लहरको दल बन्ने कि संस्थागत शक्ति बन्ने ? उत्साहको भीड बन्ने कि अनुशासित पार्टी बन्ने ? जनआक्रोशको सवारी बन्ने कि राज्यसञ्चालनको भरोसायोग्य शक्ति बन्ने ? अहिलेको हरेक कदमले त्यसको उत्तर लेखिरहेको छ ।*

*निष्कर्ष स्पष्ट छ-रास्वपाले चुनाव जितेको छ, तर राज्य जितेको छैन । प्रतिनिधि सभा त कब्जा गरेको छ, तर शासनकला सिकेको छैन । जनताको आशा बटुलेको छ, तर त्यसलाई धान्ने संरचना बनाइसकेको छैन । यही कारण अहिलेको उत्सवभित्रै संकटको बीउ छ । आज ताली बजिरहेको छ, भोलि हिसाब मागिनेछ । आज भाषणले काम चलिरहेको छ, भोलि परिणाम चाहिनेछ । आज १८२ सिटको दम्भ छ, भोलि एउटा-एउटा असफलताले त्यो दम्भ चकनाचुर पार्न सक्छ ।*

*रास्वपाले अब बुझ्नुपर्ने एउटा मात्र कुरा छ-जनताले उसलाई अवसर दिएका छन्, क्षमादान होइन ।*

# रास्वपाले संविधान संशोधन गर्न सक्ला ?

**भारतीय नेता पण्डित नेहरुले संविधानलाई 'नागरिकको विस्वास र अपेक्षाको दस्तावेज' भएको उल्लेख गर्नुभएको छ । उहाँका अनुसार–'संविधान जनताको लागि जनताले दिएको अत्यावश्यक दस्ताबेज र उपहार हो ।' संविधान निर्माण गर्ने अधिकार मौलिक अधिकार हो भने संशोधन गर्ने अधिकार विधायिकी अर्थात संवैधानिक सीमामा रही अभ्यास गर्ने अधिकार हो । संविधान कुनै पनि देशको शासकीय जीवनको आधार हो । कुनै पनि संविधानले निश्चित मूल्य र पद्धति ग्रहण गरेकै हुन्छ । जसलाई संविधान निर्माण गर्ने शक्तिले संविधानमा नै उल्लेख गर्ने गरेको पाइन्छ । उक्त मूल्य, मान्यता र प्रबन्धलाई प्रतिनिधि सभाले संख्यात्मक बहुमतको आधारमा आफूखुसी संशोधन गर्न सक्दैन । रास्वपालाई शासन गर्ने अधिकार हो । 'सबै गर्न पाउने' अधिकार अहिले छैन ।**

## समय र विचार



डा. प्रेमराज सिलवाल, अधिवक्ता

**अहिले रास्वपाको सरकार बनेसँगै संविधान संशोधनको मुद्दा चर्को बन्ने अवस्था छ । 'उकास्नेहरूले जनमतले सबै गर्ने अधिकार दिएको' भन्दै जानेछन् । प्रधानमन्त्रीले संविधान संशोधन गरेर लोकतान्त्रिक दलहरूलाई 'रुल बाइ ल' को 'मान्यता अनुसार' 'तोकिएको साइज'मा राख्ने सोचेको र चाहेको देखिन्छ ।**

संविधान मुलुकको सर्वोच्च र गतिशील दस्तावेज हो । यस्तो गतिशील दस्तावेज समय, आवश्यकता र राष्ट्रिय सहमतिको आधारमा संशोधन गर्न सकिने दस्तावेज पनि हो । तथापि कसैको निजी आवश्यकता, चाहना र लहडमा संशोधन गर्ने उपन्यास होइन संविधान । प्रतिनिधि सभामा रास्वपाको दुई तिहाई नै भोट आएको भए पनि संविधान संशोधन गर्ने कुरा जटिल र कठिन छ । पहिले त संविधानका कुनकुन धारा केकति कारणले संशोधन गर्नुपर्ने हो त्यसैमा बहस हुन आवश्यक छ ।

**रास्वपाले संशोधन गर्न सक्दछ ?**

राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिनिधि सभामा दुई तिहाइ पुग्ने गरी एकल बहुमत ल्याएपछि संविधान संशोधनको विषयले बढी चर्चा पाएका हुन् । नेपालको संविधानको धारा २७४ मा संविधान संशोधनको प्रबन्ध रहेको छ। उपधारा (१) मा 'नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी यो संविधान संशोधन गर्न सकिने छैन' भनि प्रष्ट गरिएको छ । प्रदेशको सीमाना र अनुसूची ६ मा उल्लिखित विषयदेखि बाहेकका संविधानमा उल्लिखित अन्य व्यवस्था संशोधन गर्न उक्त धाराको उपधारा (८) बमोजिम 'संसदका दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमत आवश्यक हुने' संवैधानिक प्रबन्ध देखिन्छ । संविधान अनुसार प्रतिनिधि सभामा २७५ र राष्ट्रिय सभामा ५९ सदस्यको कूल संख्या ३३४ सदस्य हुन आउँदछ । राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने नेपाली काङ्ग्रेस वा नेकपा मध्ये कुनै एक दलको समर्थन भएमा मात्र रास्वपालाई संघीय संसदमा संविधान संशोधनका लागि आवश्यक संख्या पुग्ने देखिन्छ । केही संविधानविदले प्रतिनिधि सभातर्फबाट मात्र २२३ को संख्या पुग्यो भने संघीय संसदको दुई तिहाइ हुने तर्क गर्ने गरेको भए पनि संविधानको धारा ८३ मा संघीय व्यवस्थापिका प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदन हुने कुरा उल्लेख गर्दै दुवै संसदलाई संघीय संसदको नाम दिएकोले दुवै सदनको दुई तिहाईको समर्थन संविधान संशोधनमा आवश्यक पर्ने कुरा प्रस्टै छ । यस हिसाबमा रास्वपा एक्लैले संविधान संशोधन गर्न सक्दैन । संविधानमा रहेको राष्ट्रिय सभालाई नै खारेज गर्ने कुरा पनि सतहमा आएका छन् । संविधानको संशोधनसम्बन्धी बहससँगै संविधानको आधारभूत संरचना बदल्न सकिन्छ कि सकिँदैन भन्ने प्रश्न कानूनी, राजनीतिक र सचेत बौद्धिक जगतमा सार्वजनिक बहसका विषय हुन् । बदलिँदो जनमत वा पार्टीको निकटता अनुसारका व्याख्या पनि आउने गरेको देखिन्छ । सार्वजनिक, कानूनी र राजनीतिक बहसमा प्रश्न धेरै छन् । संविधानका कुन-कुन प्रबन्ध वा धारा संशोधन गर्न सकिन्छ ? संविधानको बेसिक स्टक्चर (आधारभूत बनोट) र मौलिक चरित्र बदल्न सकिन्छ कि सकिँदैन ? संविधानमा आधारभूत संरचना हुन्छन् कि हुँदैनन् ? नेपालको संविधानमा केकस्ता आधारभूत संरचना छन् ? संघीय संसदमा दुई तिहाइ पुगेपछि संविधानका सबै प्रावधान र धारा संशोधन हुन सक्दछन् ? कुन-कुन प्रबन्ध र संवैधानिक व्यवस्था चाहिँ दुई तिहाइले पनि बदल्न सक्दैन ? अन्तर्राष्ट्रिय अभ्यास र अदालती नजीरहरूले के बोलेका छन् ? यस्ता अनगिन्ती सवालहरूमा अध्ययन, विवेचना, विश्लेषण र मनन गर्नु आवश्यक हुन्छ ।

**इन्दिरा गान्धीको उदाहरण**

रास्वपाको प्रतिनिधि सभातर्फ दुई तिहाइ समर्थन आएपछि भारतीय प्रधानमन्त्री 'इन्दिरा गान्धीको बाटोमा जाने' अडकल गरिएको छ । इन्दिरा गान्धीले आफ्नो दललाई समेत विभाजित गराएर मुलुकमा संकटकाल लगाएकी थिइन । संसदको बलमा संविधानमा आफूखुसी संशोधन गरेर थप शक्तिशाली बन्ने बाटोमा गएकी थिइन । संविधानको आधारभूत मूल्यलाई समेत संशोधन गरिन, त्यसपछि कांग्रेस आइको दुर्दशाको सुरुआत भयो । रास्वपाको प्रधानमन्त्रीलाई त्यसैगरी 'उकास्ने तत्व' सलबलाउन थालेका छन् । संविधानको व्याख्या गर्ने क्रममा भारतीय अदालतले आधारभूत संरचनाको सिद्धान्तको विवेचना गर्दै आएको देखिन्छ । सन् १९६९ मा प्रधानमन्त्री इन्दिरा गान्धीले निजी बैंकहरूलाई सरकारले राष्ट्रियकरण गर्ने निर्णय गरेपछि त्यसलाई अदालतले 'संविधानप्रदत्त निजी सम्पत्तिको अधिकारको हनन हुने' भन्दै रोक लगायो । नागरिक र मूलतः भारतमा रहेका अनेकौं राजाहरूले खर्च गर्ने पाकेट खर्चमा समेत सरकारले कर लगाउने निर्णय गर्न गान्धीको सरकारले सन् १९७१ मा ल्याएको अध्यादेशलाई समेत अदालतले खारेज गऱ्यो । प्रधानमन्त्री गान्धीले संविधान संशोधन गर्ने धारा ३६८ लाई नै संशोधन गर्नेगरी निर्देशक सिद्धान्त परिवर्तन गर्न ल्याइएको प्रस्तावमा अदालतले रोक लगायो । यसअघि गान्धीको निर्वाचन क्षेत्र रायबरेलीमा उनले 'सत्ताको दुरुपयोग गरी निर्वाचनमा विजयी भएको' भन्ने राजनारायणले गरेको मुद्दामा अलाहावाद उच्च अदालतले दोषी देखाएपछि उहाँ सर्वोच्च अदालत जानुभयो । सर्वोच्च अदालतले प्रधानमन्त्री गान्धीलाई निर्वाचित भएको मान्यता दिएको भए पनि संसदको मतदानमा भाग लिन रोक लगाइदियो । त्यसको झोँकमा प्रधानमन्त्री गान्धीले मुलुकमा इमर्जेन्सी लगाउनु भयो । साथै संविधान संशोधनको प्रस्ताव संसदमा लानुभयो । 'संसद सर्वोच्च हो संसदले आफूलाई आवश्यक हुने गरी संविधानको संशोधन गर्न सक्ने' तर्क सरकारले गऱ्यो । सो मुद्दामा 'संसदले आफूखुसी संविधानको संशोधन गर्न सक्दैन' भन्दै संविधानको आधारभूत संरचना बदल्न नपाउने सिद्धान्तको फैसला भयो ।

**सारमा**

संविधानमा सानोतिनो परिवर्तन गर्ने कुरा पनि संविधानको संशोधन हो । 'र' को ठाउँमा 'वा' राख्ने, कमा राख्ने वा हटाउने जस्ता कुरा पनि संशोधन नै भएकाले संविधानवादको मूल्य र मान्यताविपरीत गर्न सकिन्न भन्ने हो । संविधानको आधारभूत संरचना र चरित्र नै नष्ट हुने गरी संविधानको संशोधन गर्न सकिँदैन । आधारभूत संरचना के के हुन् भन्ने सन्दर्भमा आ-आफ्नो मुलुकको संविधानको प्रबन्ध, चरित्र, क्रान्ति र व्यवस्थालाई ख्याल गर्नुपर्ने हुन्छ। नेपालको संविधानको आधारभूत संरचनामा जनतामा निहित सार्वभौमसत्ता, गणतन्त्र, संवैधानिक सर्वोच्चता, लोकतन्त्र, संघीयता, धर्मनिरपेक्षता, स्वतन्त्र न्यायालय, मौलिक हक तथा विधिको शासन आदि हुन् । भारतीय संविधानमा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, नागरिक सर्वोच्चता, मौलिक हक आदि मानिन्छन् । अमेरिकी संविधानका आधारभूत विषय जीवन, स्वतन्त्रता, सम्पत्तिको सुरक्षा, संविधानवाद, पूर्ण संघीयता आदि हुन् । यिनै मूल्यका आधारमा अदालतहरूले संविधानको आधारभूत संरचनासम्बन्धी सिद्धान्तको व्याख्या गर्दै आएको पाइन्छ । अहिले रास्वपाको सरकार बनेसँगै संविधान संशोधनको मुद्दा चर्को बन्ने अवस्था छ । 'उकास्नेहरूले जनमतले सबै गर्ने अधिकार दिएको' भन्दै जानेछन् । प्रधानमन्त्रीले संविधान संशोधन गरेर लोकतान्त्रिक दलहरूलाई 'रुल बाइ ल' को 'मान्यता अनुसार' 'तोकिएको साइज'मा राख्ने सोचेको र चाहेको देखिन्छ। तथापि संविधान संशोधन गर्ने कुरा हल्का, संख्यात्मक बहुमत र संसद वा सरकारको मात्र विषय नभएकाले रास्वपाको सरकारले चाहेर पनि आफूखुसी संविधान संशोधन गर्न सक्ने अवस्था चाहिँ छैन ।

# सरकारी काम : ढिलाइ, टिप्पणी र दफ्तरको दन्त्यकथा

**कर्मचारीतन्त्र संसारभरि नै आफ्नो ढिलासुस्ती, झन्झटिलो प्रक्रिया र अलि 'अजीब' नियमका लागि चिनिन्छ । कर्मचारीतन्त्र भनेको यस्तो मेसिन हो, जसमा काम कम हुन्छ तर धूलो धेरै उड्छ । यदि कुनै काम सिधा तरिकाले गर्न सकिन्छ भने, कर्मचारीतन्त्रले त्यसलाई घुमाउरो बनाउने नयाँ नियम पक्कै खोज्छ । यहाँ केही चर्चित चुटकिलाहरू छन्, जसले कर्मचारीतन्त्रको चरित्रलाई बडो रोचक ढंगले चित्रण गर्छन्:**

## कर्मचारीतन्त्र: रोचक र घोचक



डा. प्रवीन सूर्य

**माथिबाट झन् कडा आदेश आयो–"यदि हात्तीको कागजपत्र छैन भने त्यो हात्ती सरकारी होइन, त्यसैले उपचारको बजेट निकासा हुन सक्दैन । बरु त्यो हात्ती किन सरकारी जग्गामा बसिरहेको छ, त्यसको स्पष्टीकरण पेस गर्नु !"**

१. **नर्कको कर्मचारीतन्त्र**

● एकजना मान्छे मरेपछि नर्क पुगेछ । त्यहाँ उसलाई दुईवटा ढोका देखाइयो: "साम्यवादी नर्क" र "पुँजीवादी नर्क"।

● **पुँजीवादी नर्कमा:** उसले दिनभरि तातो कोइलामा हिँड्नुपर्दथ्यो र साँझमा राक्षसले कोर्रा हान्थे ।

● **साम्यवादी नर्कमा:** त्यहाँ पनि प्रक्रिया उस्तै थियो, तर मानिसहरूको लामो लाइन 'साम्यवादी नर्क' तिरै थियो ।

उसले अचम्म मान्दै सोध्यो, "यता किन यति धेरै भीड ?" एकजनाले फुसफुसाउँदै जवाफ दियो, "यताको कर्मचारीतन्त्र एकदम भद्रगोल छ ! कहिले कोइला सकिन्छ, कहिले राक्षसहरू मिटिङमा हुन्छन्, कहिले कोर्रा हराउँछ, त कहिले हाकिमले 'सिट भ्याकेन्ट छैन' भनेर फारम भर्न लगाउँछन् । यहाँ सजाय पाउन पनि महिनौँ कुर्नुपर्छ !"

२. **काम गर्ने तरिका**

एकपटक एउटा ठूलो सरकारी कार्यालयमा आगलागी भएछ। सबै कर्मचारीहरू बाहिर निस्किए, तर एउटा पुरानो कर्मचारी भित्रै फाइल पल्टाएर बसिरहेको थियो । बाहिरबाट मान्छेले चिच्याए, "भाग्नुस्, अफिस जलिरहेको छ !" त्यो कर्मचारीले शान्त भएर भन्यो, "मलाई थाहा छ, तर 'आगो निभाउने प्रक्रिया' को फाइलमा तोक लगाउन हाकिमलाई पर्खिरहेको छु । हाकिम नआएसम्म मलाई अफिस छोड्ने 'अधिकार' छैन ।"

३. **तीनवटा खाम**

एउटा नयाँ हाकिमले अवकाश पाउन लागेको पुरानो हाकिमसँग सल्लाह मागेछ । पुरानो हाकिमले तीनवटा खाम दिँदै भनेछ, "जब तिमी ठूलो संकटमा पर्छौ, पालैपालो यी खामहरू खोल्नु ।"

● **पहिलो संकट आयो:** उसले पहिलो खाम खोल्यो, त्यसमा लेखिएको थियो-"सबै दोष म (पुरानो हाकिम) लाई लगाइदेऊ ।" उसले त्यस्तै गऱ्यो र बच्यो ।

● **दोस्रो संकट आयो:** उसले दोस्रो खाम खोल्यो, त्यसमा लेखिएको थियो-"पुनर्संरचनाको घोषणा गर ।" उसले नयाँ विभागहरू बनायो र मान्छेहरू अल्मलिए, ऊ फेरि बच्यो ।

● **तेस्रो संकट आयो:** उसले तेस्रो खाम खोल्यो, त्यसमा लेखिएको थियो-"अब तिमी पनि तीनवटा नयाँ खाम तयार पार ।"

४. **राणाकालीन प्रशासन: 'हुकुम' र 'चाकरी'**

राणाकालमा योग्यताभन्दा पनि 'चाकरी' को ठूलो महत्त्व हुन्थ्यो । एकपटक एकजना सोझो मान्छे जागिर खान श्री ३ महाराजकोमा पुगेछ । महाराजले सोध्नुभयो, "ए केटा, तँलाई के आउँछ ?" त्यो मान्छेले टाउको कन्याउँदै भन्यो, "सरकार, मलाई त केही पनि आउँदैन ।" महाराज खुसी हुँदै वरिपरिका भारदारलाई हेरेर भन्नुभयो, "ल हेर, यो केटो कति इमानदार छ ! यसलाई 'अड्डा जाँच' को हाकिम बनाइदेऊ । अरूलाई त केही न केही आउँछ र गडबडी गर्छन्, यसलाई केही नआएपछि त यसले केही बिगार्दैन !"

५. **'पजनी' को डर**

राणाकालमा हरेक वर्ष 'पजनी' हुन्थ्यो, जसमा कर्मचारीको जागिर थपिने वा निकालिने निर्णय हुन्थ्यो । एकजना कर्मचारी पजनीको दिन बिहानैदेखि मन्दिरमा पूजा गर्दै थियो । कसैले सोध्यो, "किन यति धेरै पूजा गरेको ?"

उसले भन्यो, "मैले वर्षभरि अड्डामा के काम गरेँ भनेर भगवानलाई सुनाउँदैछु ।"

त्यो मान्छेले भन्यो, "काम त हाकिमलाई सुनाउनुपर्ने होइन र ?"

कर्मचारीले जवाफ दियो, "हाकिमलाई त मैले 'भेटी' बुझाइसकें । अब भगवानलाई चाहिँ 'भनसुन' गर्दैछु, ताकि हाकिमले त्यो भेटी बिर्सिए पनि भगवानले उनलाई सम्झाइदिऊन् !"

६. **'हात्ती र सुब्बासाब'**

एकपटक एउटा सरकारी हात्ती बिरामी भएछ । सुब्बासाबले माथिल्लो निकायमा चिठ्ठी लेखे-"हात्ती बिरामी छ, उपचारका लागि बजेट चाहियो ।"

माथिबाट जवाफ आयो-"पहिले हात्तीको 'नागरिकता' र 'हुकुमी प्रमाणगी'को प्रतिलिपि पठाउनु ।"

सुब्बाले फेरि लेखे-"हात्तीको नागरिकता हुँदैन सरकार !"

माथिबाट झन् कडा आदेश आयो-"यदि हात्तीको कागजपत्र छैन भने त्यो हात्ती सरकारी होइन, त्यसैले उपचारको बजेट निकासा हुन सक्दैन । बरु त्यो हात्ती किन सरकारी जग्गामा बसिरहेको छ, त्यसको स्पष्टीकरण पेस गर्नु !"

७. **'घाम ताप्ने जागिर'**

राणाकालमा धेरैजसो 'भारदार'हरूको काम भनेकै घाम तापेर 'हुकुम' पर्खिनु हुन्थ्यो । एकजना विदेशीले सोधेछ,-"तपाईंको देशका यी कर्मचारीहरू दिनभरि चौरमा बसेर के गर्छन् ?"

नेपाली साथीले जवाफ दिएछ, "यिनीहरू 'अर्डर' पर्खिरहेका छन् ।"

**विदेशी:** "कस्तो अर्डर ?"

**नेपाली:** "माथिबाट 'केही गर्नु' भन्ने अर्डर नआउन्जेल यिनीहरूले 'केही नगरेरै' बस्नुपर्छ । यो पनि त एउटा ठूलो जिम्मेवारी हो नि !"

८. **नयाँ नेपालको 'डिजिटल' कर्मचारीतन्त्र**

अहिलेका कार्यालयहरूमा कम्प्युटर त छन्, तर काम अझै ढिलो हुन्छ ।

**सेवाग्राही:** "सबै अनलाइन भएपछि त काम छिटो होला भनेको, झन् ढिलो ?"

**कर्मचारी:** "हो नि बाबु, पहिले हातले लेख्दा एउटा ढड्डा पल्टाउनुपर्दथ्यो, अहिले त कम्प्युटर 'ह्याङ' हुन्छ, 'अपडेट' माग्छ, 'पासवर्ड' बिर्सिन्छ-प्रविधिले हामीलाई कति धेरै काम थपिदिएको छ, तपाईंलाई के थाहा ?"

९. **तोक र टिप्पणी**

एउटा फाइलमा हाकिमले लेखेछन्-"यो काम तुरुन्त गरिदिनु ।"

फाइल तल्लो तहका कर्मचारीकहाँ पुगेछ । उनले मुन्तिर थपेछन्-"तुरुन्त भनेको कहिलेदेखि लागू हुने ? स्पष्ट पारिपाऊँ ।"

फाइल फेरि माथि पुगेछ । हाकिमले लेखेछन्-"आगामी आर्थिक वर्षको बजेट भाषणपछि...! "

# काठमाडौंको पीएएस मोडल: देशभर विस्तारको बहस
# सेवा सुधारको नमुना कि व्यवस्थापनको नयाँ अनुशासन ?

● साँघु संवाददाता

**काठमाडौं । जिल्ला प्रशासन कार्यालय काठमाडौंले लागू गरेको पब्लिक अनाउन्समेन्ट सिस्टम (पीएएस) अहिले केवल एउटा कार्यालयीय सुधारमा सीमित नरही राष्ट्रिय बहसको विषय बन्न थालेको छ । प्रमुख जिल्ला अधिकारी पौडेलले प्रधानमन्त्री सुशीला कार्की र गृहमन्त्री ओमप्रकाश अर्यालसमक्ष उक्त मोडललाई देशभर लागू गर्न आग्रह गरेपछि यसको प्रभाव, उपयोगिता र व्यवहारिकताबारे प्रश्नहरू एकसाथ उठ्न थालेका छन् ।**

२०८२ चैत २ गते सोमबार प्रधानमन्त्री सुशीला कार्की, गृहमन्त्री ओमप्रकाश अर्यालगायत जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा सुशासन प्रवर्द्धनको लागि शुरु भएको सेवा प्रवाहको नवीनतम मोडेल 'पब्लिक अनाउन्समेन्ट सिस्टम' सहितको समग्र प्रणाली र कार्यालय व्यवस्थापनको निरीक्षणपश्चात् आयोजित कार्यक्रममा प्रजिअ ईश्वरराज पौडेलले सेवाग्राहीको उच्च चाप हुने सरकारी निकायहरू–वडा कार्यालय, मालपोत, नापी, यातायात कार्यालय र स्थानीय तहमा-यो मोडल लागू गर्न सके सेवा प्रवाहमा देखिएका जटिलता सहज रूपमा समाधान गर्न सकिने धारणा राखेका थिए ।

**गुनासो शून्यको दाबी**

काठमाडौं प्रशासनले यो प्रणाली लागू गरेको करिब तीनदेखि साढे तीन महिना भएको छ । यस अवधिमा गम्भीर प्रकृतिको गुनासो नआएको दाबी कार्यालयले गरेको छ ।

प्रजिअ पौडेलका अनुसार, कार्यालयले सेवा प्रवाहको पुरानो ढाँचा परिवर्तन गर्दै कमाण्ड, कन्ट्रोल, निर्देशन र प्रत्यक्ष सेवाग्राही सम्बोधन हुने संरचना निर्माण गरेको छ । यही कारण सेवाग्राही सन्तुष्टि बढेको र बिचौलियाको भूमिका सीमित भएको उनको भनाइ छ ।

तर, 'गुनासो शून्य' भन्ने दाबी आफैंमा परीक्षणको विषय हो । गुनासो नआउनु सुधारको प्रमाण पनि हुन सक्छ, तर कहिलेकाहीँ गुनासो गर्ने प्रणाली कमजोर हुनुको संकेत पनि हुन सक्छ । त्यसैले यो दाबीलाई समय र व्यवहारले नै पुष्टि गर्नेछ ।

**लाइनबाट लाउन्जमा रूपान्तरण**

पीएएस मोडलको सबैभन्दा दृश्यात्मक परिवर्तन भनेको लाइन प्रणाली हटाएर लाउञ्ज मोडल लागू गर्नु हो । पहिले सेवाग्राही झ्यालअगाडि लामो लाइनमा उभिनुपर्ने कस्टकर अवस्था थियो । अहिले टोकन प्रणालीमार्फत सेवाग्राहीलाई प्रतीक्षालयमा बस्ने व्यवस्था गरिएको छ । पालो आएपछि मात्रै सेवा लिने व्यवस्था मिलाइएको छ ।

कार्यालयका अनुसार यो 'फर्स्ट कम, फर्स्ट सर्भ' पद्धति हो, जसले पहुँच, चाकडी, सोर्सफोर्स र प्रभावको प्रयोगलाई न्यून बनाएको छ । यसले सेवाग्राहीलाई कम तनावपूर्ण वातावरण दिएको दाबी गरिएको छ ।

यससँगै वेटिङ लाउञ्ज, समान कुर्सी, वाइफाइ सुविधा र शाखागत सूचना प्रणालीसमेत थपिएको छ । सेवाग्राहीले आफ्नो पालो कुर्दै सेवा प्रक्रियाबारे जानकारी लिन सक्ने वातावरण मिलाइएको छ ।

**अनाउन्समेन्टमा आधारित सेवा प्रवाह**

पीएएस मोडलको मुख्य आधार भनेको सार्वजनिक सम्बोधन प्रणाली हो । सार्वजनिक विदा बाहेक कार्यालय खुलेको हरेक दिन बिहान १० बजे कार्यालय समय सुरु हुनासाथ स्वचालित भ्वाइसओभर सन्देश बजाइन्छ । यसमा सेवाप्रति प्रतिबद्धता, निष्पक्षता, सहयोगी व्यवहार र प्रक्रियाबारे जानकारी दिइन्छ । त्यसपछि राष्ट्रिय गान बजाउने अभ्यास पनि सुरु गरिएको छ । राष्ट्रिय गान बजाउने अभ्यास व्यवहारिक रुपमा कति सहज छ भन्ने विषय बहस हुन सक्छ ।

खाजा समय सुरु हुनु अघि, सेवा ढिला हुन सक्ने अवस्थामा, तथा टोकन प्रणालीसम्बन्धी जानकारी दिन १०-१० मिनेटको अन्तरालमा अनाउन्समेन्ट गरिन्छ । यसले सेवाग्राहीलाई अन्योलमा नपार्ने र सेवा प्रक्रियालाई पारदर्शी बनाउने प्रयास गरिएको देखिन्छ । तर, यसलाई कति प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ भन्ने कुरा निरन्तर व्यवस्थापनमा निर्भर रहनेछ ।

**बिचौलिया नियन्त्रणको दाबी**

सरकारी कार्यालयमा लामो समयदेखि देखिएको समस्या हो-बिचौलिया । काठमाडौं प्रशासनले भने पीएएस प्रणालीमार्फत बिचौलियाको भूमिकालाई घटाउन सफल भएको दाबी गरेको छ । टोकन प्रणाली र सार्वजनिक सूचना प्रवाहले भनसुन र 'भित्रबाट काम गराउने' प्रवृत्ति घटाएको भनाइ छ ।

तर, बिचौलिया समस्या केवल व्यवस्थापनसँग मात्र जोडिएको विषय होइन । यो प्रणालीगत, सामाजिक र आर्थिक पक्षसँग पनि सम्बन्धित छ । त्यसैले यसलाई पूर्ण रूपमा समाप्त भएको मान्न पनि हतारो हुनेछ ।

**केन्द्रीय सर्भरको सीमितता**

प्रजिअ पौडेल स्वयंले स्वीकार गरेका छन् कि सबै समस्या समाधान भइसकेका छैनन् । विशेषगरी नागरिकता र राष्ट्रिय परिचयपत्रसँग सम्बन्धित सेवा केन्द्रीय सर्भरमा आधारित भएकाले कार्यालयको प्रत्यक्ष नियन्त्रणमा छैन । सर्भर डाउन हुँदा सेवा अवरुद्ध हुने समस्या अझै कायम छ । यसले देखाउँछ कि स्थानीय तहमा सुधार गरिए पनि केन्द्रीय प्रणाली बलियो नभएसम्म सेवा प्रवाह पूर्ण रूपमा चुस्त हुन सक्दैन ।

**देशभर विस्तारको बहस**

पीएएस मोडललाई देशभर लागू गर्ने प्रस्ताव अहिले नेपाल सरकार र सम्बन्धितहरुको बहसको केन्द्रमा छ । काठमाडौं प्रशासनले यो प्रणालीलाई सफल उदाहरणका रूपमा प्रस्तुत गरेको छ । तर, देशका सबै जिल्लामा समान स्रोत, जनशक्ति र पूर्वाधार छैनन् । कतिपय कार्यालयहरूमा आधारभूत संरचना नै कमजोर छ । त्यस्तो अवस्थामा प्रविधिमा आधारित प्रणाली लागू गर्दा लागत, व्यवस्थापन र सञ्चालन चुनौतीपूर्ण हुन सक्छ । त्यसैले यो मोडल विस्तार गर्ने विषय केवल राजनीतिक निर्णय मात्र नभई व्यवहारिक मूल्यांकनको विषय पनि हो ।

**सुशासनको अर्थ के ?**

प्रजिअ पौडेलले यो प्रणालीलाई जेनजी आन्दोलनपछि उठेको सुशासनको मागसँग जोडेर व्याख्या गरेका छन् । उनको तर्क छ-सुशासन भाषणबाट होइन, व्यवहारबाट देखिनुपर्छ । तर, सुशासनको अर्थ केवल, टोकन प्रणाली, अनाउन्समेन्ट, लाइन व्यवस्थापनमा मात्र सीमित हुँदैन । यसमा निर्णय प्रक्रियाको पारदर्शिता, जवाफदेहिता, समयमै सेवा प्रवाह, प्रभावकारी अनुगमन जस्ता पक्षहरू पनि उत्तिकै महत्वपूर्ण हुन्छन् ।

**निष्कर्षः प्रयोगको मूल्यांकन बाँकी**

काठमाडौं प्रशासनको पीएएस मोडल निसन्देह एउटा नयाँ प्रशासनिक प्रयोग हो । यसले सेवा प्रवाहलाई केही हदसम्म व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाउने प्रयास गरेको छ । तर, यो दिगो समाधान हो कि अस्थायी व्यवस्थापन-त्यो अझै परीक्षणको चरणमै छ । देशभर विस्तार गर्ने निर्णय लिनुअघि यसको प्रभाव, लागत, व्यवहारिकता र दीर्घकालीन परिणामबारे गम्भीर अध्ययन आवश्यक देखिन्छ ।

**अन्ततः, प्रश्न एउटै बाँकी रहन्छ–**

यो मोडल सुधारको स्थायी आधार बन्छ कि काठमाडौं प्रशासनको सीमित सफलतामा मात्रै सीमित रहन्छ ? यो प्रश्न अब राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा बन्ने सरकारमा भरपर्नेछ ।



(तस्बिरः किरणराज विष्ट/रासस)

### काठमाडौं प्रशासनको पीएएस मोडल के हो ?

- टोकन प्रणालीमार्फत सेवा
- लाइन हटाएर वेटिङ लाउञ्ज
- भ्वाइसओभर अनाउन्समेन्ट
- समय व्यवस्थापन सूचना
- वाइफाइ र खुला प्रतीक्षालय
- 'फर्स्ट कम, फर्स्ट सर्भ' प्रणाली

**सुशासनको बहस**

प्रजिअ पौडेलले यो मोडललाई जेनजी आन्दोलनपछि उठेको सुशासनको मागसँग जोडेका छन् ।

उनको तर्क–सुशासन व्यवहारमा देखिनुपर्छ ।

तर, सुशासनको अर्थ केवल व्यवस्थापन मात्रै होइन-

- जवाफदेहिता
- पारदर्शिता
- छिटो निर्णय
- सेवाको गुणस्तर, पनि त्यत्तिकै महत्वपूर्ण छन् ।

**निष्कर्षः सुधार कि संरचनात्मक परिवर्तन ?**

काठमाडौं प्रशासनको पीएएस मोडलले



प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेल

- सेवा प्रवाहलाई व्यवस्थित बनाउने प्रयास गरेको छ । तर,
- यो स्थायी समाधान हो त ?
- कि व्यवस्थापन सुधारको सीमित प्रयोग ?

अहिले नै निष्कर्ष निकाल्न हतार हुनेछ । तर, यति निश्चित छ-यो प्रयोगले प्रशासनभित्र नयाँ बहस सुरु गरिदिएको छ ।

## समाचार/विविध

### डीआइजीपीको पदावधि थपपछि सशस्त्रमा तनाव

● साँघु संवाददाता



(डीआइजीद्वय सिंह र पाल)

*काठमाडौं । अन्तरिम सरकारले सशस्त्र प्रहरी बलका चारजना नायव महानिरीक्षक (डीआईजीपी)हरुको पदावधि एकवर्ष थप गर्ने निर्णय गरेको छ । साधारण समूह, उपसमूहका दुई र प्राविधिक तर्फका दुई गरी चारजनाको चारवर्षे पदावधि २०८२ चैत ५ गते बिहीवार सकिंदै थियो । तर, ०८२ चैत १ गते आइतवार बसेको मन्त्रिपरिषद बैठकले प्राविधिक समूह स्वास्थ्यतर्फका डा. रूपक महर्जन र प्राविधिक समूह, सञ्चार तथा इन्जिनियरिङतर्फका ई. सन्दीप थापाको एकवर्ष पदावधि थपको निर्णय गरेको थियो । साधारणतर्फका लक्ष्मणबहादुर सिंह र प्रदीप कुमार पालको हकमा भने कुनै निर्णय गरेको थिएन ।*

*लगत्तै बाँकी दुईजनाको पनि म्याद थपको निर्णय सोही बैठकमा घुसाइएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय स्रोतले दावी गरेको छ । संगठनले चारै जना डीआईजीपीहरुको पदावधि थपको लागि २०८२ फागुन पहिलो साता नै गृह मन्त्रालयमा पत्राचार गरेको थियो । तर, यो बिचमा निर्वाचन आचारसंहिताका कारण मन्त्रालयले उक्त प्रस्ताव मन्त्रिपरिषद बैठकमा लैजान सकिरहेको थिएन । यदि उनीहरूको म्याद थप नभएको थियो भने गएको हप्तमा नै अन्यायपूर्ण ढंगले अवकासमा गइसकेका हुने थिए ।*

*सिंह र पाल २०५४ चैत्र १८ मा कम्प्युटर अपरेटर प्राविधिक सईमा नेपाल प्रहरीमा सेवा प्रवेश गरेका थिए । प्राविधिक सेवा परिवर्तन गरी डिआईजीसम्म बढुवा हुन सफल भएको बताइन्छ । प्राविधिकले आधारभूत तालिम नलिएकाले कार्यक्षमता, नेतृत्व क्षमता, कमाण्ड कन्ट्रोल र चेनअफ कमाण्ड कमजोर हुन्छ भन्दै पदावधि नथप्न गृहसचिव र मन्त्रीमाथि दबाब बढाइएको थियो । तर, अन्तरिम सरकारले केही अधिकृतहरुको दवावको प्रवाह नगरी एकवर्ष म्याद थपको निर्णय गरेसँगै उनीहरुलाई न्याय मिलेको अर्थमा हेरिएको छ ।*

*२०७२ सिंह उग्रतारा गणको गणपति हुँदा टीकापुर घटनामा जोडिएका थिए । त्यसबखत उनको सुरक्षा व्यवस्था र समन्वय फितलो हुँदा नरसंहार घटना हुन गएको आरोप उनीमाथि लाग्दै आएको थियो । फितलो सुरक्षा योजना र व्यवस्थाका कारण उनीमाथि कारवाही सिफारिसमेत गरिएको थियो । लक्ष्मणबहादुर सिंह र प्रदीप कुमार पाल दुबै जना अब एआईजीपीको प्रतिस्पर्धामा प्रवेश गर्न सफल भएका छन् । सिंह र पालको एक वर्ष म्याद थपपछि सिसं-१ का चारजना डीआईजीपीहरु सुरेश श्रेष्ठ, अञ्जनी कुमार पोखरेल र दीपेन्द्र शाहलगायतहरुको एआईजीपीमा बढुवामा प्रश्न चिन्ह खडा भएपछि तनावमा परेको चर्चा छ । सिंह र पाल २०५४ चैत १८ मा प्रहरी इन्स्पेक्टरमा भर्ना भएका दुवैको पदावधि थप पछि एआईजीपी बन्ने बाटो खेलेको हो । सिंह र पालको ३० वर्षे सेवा अवधिका कारण २०८४ चैत १७ र डीआईजीपीको पदावधिले आगामी २०८३ चैत ५ गते दुवै जना अनिवार्य अवकाशमा जानेछन् ।*

### अन्तरिम सरकारले थप्यो दुई खर्ब चार अर्ब ऋण
### ऋण भार : नयाँ सरकारका लागि चुनौती !

*काठमाडौं । हाल मुलुकमा सार्वजनिक ऋण २८ खर्ब ७८ अर्ब पुगेको छ । २०८२-८३ को सुरुवाती अर्थात चालु आर्थिक वर्ष साउन महिनामा कुल सार्वजनिक ऋण २६ खर्ब ७४ अर्ब चार करोड रहेको थियो । तर, अन्तरिम सरकारको यो अवधि अर्थात २०८२ फागुन मसान्तसम्म आइपुग्दा बढेर २८ खर्ब ७८ अर्ब २९ करोड रुपैयाँ पुगेको अर्थ मन्त्रालय मातहतको सार्वजनिक ऋण व्यवस्थापन कार्यालय स्रोतले जानकारी दिएको छ । पछिल्लो आठ महिनामा सरकारलाई दुई खर्ब चार अर्ब २४ करोड ऋण भार थप भएको बताइएको छ । कुल ऋणमध्ये सरकारले १३ खर्ब ४८ अर्ब ११ करोड ५७ लाख आन्तरिक र १५ खर्ब ३० अर्ब १८ करोड बाह्य रुपमा भूक्तानी गर्न बाँकी रहेको कार्यालयस्रोतले दावी गरेको छ । कुल सार्वजनिक ऋणमा वैदेशिक ऋणको ५३.१६ र आन्तरिक ऋणको हिस्सा ४६.८४ प्रतिशत रहेको छ । त्यसैले ऋणको कुल हिस्सा गार्हस्थ्य उत्पादनको ४७.१३ प्रतिशत बराबर रहेको बताइन्छ । चालु आर्थिक वर्षमा सरकारले ५ खर्ब ५९ अर्ब रुपैयाँ सार्वजनिक ऋण उठाउने लक्ष्य लिएको थियो । जसमा २०८२ फागुन मसान्तसम्ममा दुई खर्ब ९५ अर्ब १९ करोड उठाइसकेको छ ।*

*जुन वार्षिक लक्ष्यको ५०.४४ प्रतिशत मानिन्छ । आन्तरिकतर्फको लक्ष्य तीन खर्ब ६२ अर्ब रुपैयाँ रहेको थियो । जसमा हालसम्म ६७.३१ प्रतिशत अर्थात् दुई खर्ब ४३ अर्ब ६६ करोड रुपैयाँ उठिसकेको अवस्था छ । बाह्य ऋणतर्फ दुई खर्ब ३३ अर्ब ६६ करोड ३१ लाख रुपैयाँको लक्ष्य रहेको थियो । फागुन मसान्तसम्म २४.३१ प्रतिशत अर्थात् ५६ अर्ब ८० करोड रुपैयाँ मात्र उठाइएको अर्थ मन्त्रालय स्रोतले बताएको छ । सरकारी ऋणको साँवा-ब्याज भुक्तानीका लागि चालु आ.व.मा ४ खर्ब ११ अर्ब १ करोड रुपैयाँ विनियोजन गरिएको थियो । जसमा २०८२ फागुन मसान्तसम्ममा दुई खर्ब ४२ अर्ब २६ करोड रुपैयाँ भुक्तानी गरिसकेको कार्यालय स्रोतले जनाएको छ । जुन वार्षिक विनियोजनको आधारमा ५८.९४ प्रतिशत रहेको छ । कुल गार्हस्थ्य उत्पादनको आधारमा माघ मसान्तसम्मको ऋण खर्च ३.९७ प्रतिशत रहेको कार्यालय स्रोतले दावी गरेको छ । हरेक वर्ष सरकारी ऋण घट्नुको साटो बढ्दै जानुमा यसअघिका सरकारको कमजोरी र गलत कार्यशैली जिम्मेवार रहेको बताइन्छ । अव नन गठित सरकारले यी बिषयमा समयमा ध्यान दिएर घटाउन पहल नगरेको खण्डमा थप चुनौती पक्कै देखिनेछ ।*

# जंगी अड्डामा पूर्व सेनापतिहरूसँग गोप्य बहस
# निर्वाचनको नजितापछि सेना किन सतर्क भयो ?

● गोपाल बुढाथोकी

**काठमाडौं । प्रतिनिधिसभा निर्वाचन २०८२ ले देशको राजनीतिक नक्शा नै उल्ट्याइदिएपछि राज्यका संवेदनशील निकायहरू मौन बसेका छैनन् । यही पृष्ठभूमिमा नेपाली सेनाले २०८२ चैत ३ गते "समसामयिक परिस्थितिको सम्बन्धमा" पूर्व प्रधान सेनापतिहरूसँग जंगीअड्डामा छलफल तथा अन्तरक्रिया कार्यक्रम चलाएको जनाएको छ । तर, सेनाले कार्यक्रम भयो भनेर बताए पनि के विषयमा भयो ? किन भयो ? अहिले नै किन आवश्यक पर्‍यो ? भन्ने मूल प्रश्नमा भने मुख खोलेको छैन ।**

यही मौनताले प्रश्न झन् गहिरो बनाएको छ । सामान्य अवस्थामा यस्ता भेटघाटलाई नियमित परामर्श भनेर उडाइन्छ । तर, अहिलेको अवस्था सामान्य छैन । चुनाव सकिएको छ, परिणाम अकल्पनीय आएको छ, ३५ वर्षको शासन सत्तापछि पुराना दलहरूको शक्ति संरचना हल्लिएको छ, नयाँ सरकार निर्माणको बहस उत्कर्षमा छ, र सत्ता-व्यवस्थाको परम्परागत समीकरण एकाएक अस्थिर बनेको छ ।

**पुरानो दलतन्त्रको नैतिक पराजयपछि उभिएको नेपालमा अब ?**

यस्तो वेला जंगीअड्डाले पूर्व प्रधान सेनापतिहरूलाई बोलाएर "समसामयिक परिस्थिति" मा छलफल गर्नु कुनै साधारण औपचारिकता होइन, यो बदलिंदो राजनीतिक भूगोलप्रति सेनाको संस्थागत चासो र सतर्कताको संकेत हो भनेर विश्लेषण गर्न सकिन्छ ।

नेपाली सेनाले सार्वजनिक गरेको जानकारीमा अन्तरक्रिया भएको मात्रै भनिएको छ। तर छलफलको एजेण्डा खुलाइएको छैन । सैनिक वृत्तका जानकारहरूका अनुसार यस्तो खालको परामर्श प्रायः तब हुन्छ, जब देशको राजनीतिक अवस्था नयाँ मोडमा पुगेको हुन्छ, राज्यका प्रमुख संस्थाहरूले भावी अवस्थाको पूर्वानुमान गर्नुपर्ने हुन्छ, र संवैधानिक स्थिरताको प्रश्नलाई सुरक्षाको आँखाबाट पनि हेर्न थालिन्छ । अहिले नेपाल ठीक त्यही मोडमा उभिएको देखिन्छ ।

निर्वाचन २०८२ को नतिजाले पुराना सत्ता केन्द्रहरूलाई साढे तीन दशकपछि निचोडमा ल्याइदिएको छ । लामो समयदेखि जनआलोचित दलहरू कमजोर बनेका छन् भने नयाँ शक्तिको उछालले सिंहदरबार, शीतलनिवास, बालुवाटार, संसद् र प्रशासनिक संयन्त्र सबैलाई नयाँ प्रश्नको घेरामा ल्याइदिएको छ ।

जनताले दिएको मत केवल सरकार फेर्ने मत मात्रै होइन, त्यो पुरानो शैली, पुरानो संरचना, पुरानो राजनीतिक अहंकारविरुद्धको मत पनि हो । यस्तो बेला राज्यका परम्परागत संस्थाहरू-विशेषतः नेपाली सेना-ले बदलिँदो शक्तिसन्तुलनलाई गम्भीरतापूर्वक अध्ययन गर्नु स्वाभाविकै हो । यही कारणले जंगीअड्डाको यो बैठकलाई चुनावपछिको शक्ति संक्रमणसँग जोडेर हेरिएको छ । सेनाले खुलाउन नचाहे पनि छलफलको केन्द्रमा प्रतिनिधिसभा निर्वाचनको शान्तिपूर्ण सम्पन्नता, अप्रत्याशित परिणाम, बन्न लागेको नयाँ सरकार, तथा त्यसपछिको राष्ट्रिय-राजनीतिक अवस्थाबारे आन्तरिक मूल्यांकन रहेको अनुमान राजनीतिक वृत्तमा गरिएको छ । अझ स्पष्ट शब्दमा भन्नुपर्दा, प्रश्न यति मात्रै होइन कि चुनाव कसरी भयो, प्रश्न अब यो हो कि चुनावपछि देश कता जान्छ ?

सेनाको दृष्टिबाट यो प्रश्न किन महत्वपूर्ण छ ? कारण स्पष्ट छ। जब राजनीतिक शक्ति सन्तुलन एकाएक बदलिन्छ, तब प्रशासनिक संयन्त्र, सुरक्षा निकाय, संवैधानिक पदपूर्ति, नीतिगत निरन्तरता, सार्वजनिक शान्ति र संस्थागत अनुशासनजस्ता विषयहरू नयाँ तनावको घेरामा पर्न सक्छन् । जनादेश ठूलो भए पनि सत्ता सञ्चालन सधैं सहज हुँदैन ।

झन् पुरानो व्यवस्थामाथि जनता रिसाएर दिएको जनादेश हो भने नयाँ सरकारमाथि अपेक्षा पनि असामान्य रूपले ठूलो हुन्छ । यही अपेक्षा व्यवस्थापन हुन सकेन भने अस्थिरता, निराशा र संस्थागत टकरावका सम्भावना बढ्न सक्छन् ।

**जंगी अड्डाले त्यसैको पूर्वानुमान गरेको हो कि ?**

यो प्रश्न अहिले खुला छ । तर एउटा तथ्य नकार्न सकिँदैन-नेपाली सेना अहिलेको राजनीतिक परिस्थितिलाई केवल दूरबाट हेरेर बसेको छैन । उसले पूर्व प्रधान सेनापतिहरूसँग संवाद गरेर संस्थागत स्मृति, अनुभव र सुरक्षा-राजनीतिक मूल्यांकन एकै ठाउँमा जुटाउने प्रयास गरेको देखिन्छ ।

यो शैली आफैंमा अर्थपूर्ण छ । पूर्व सेनापतिहरू केवल अवकाशप्राप्त अधिकारी होइनन् उनीहरू विगतका संवेदनशील संक्रमणकाल, दरबार-राजनीति सम्बन्ध, शान्ति प्रक्रिया, संविधान निर्माण, मधेस आन्दोलन, नाकाबन्दीपछिको राष्ट्रिय मनोविज्ञान र विभिन्न सत्ता-संकटका साक्षी हुन् । उनीहरूसँगको परामर्शले वर्तमान परिस्थितिलाई इतिहासको दृष्टिबाट हेर्ने अवसर दिन्छ ।यही बिन्दुमा यो अन्तरक्रिया अझ रोचक बन्छ । किनकि अहिलेको नेपाल केवल सरकार फेरिएको नेपाल होइन, यो पुरानो दलतन्त्रको नैतिक पराजयपछि उभिएको नेपाल हो । यस्तो वेला प्रश्न केवल प्रधानमन्त्री को बन्छ भन्ने मात्र हुँदैन । प्रश्न यो पनि हुन्छ-पुराना संस्थाहरू नयाँ जनादेशसँग कसरी व्यवहार गर्छन् ? नयाँ शक्ति संस्थागत सीमाभित्र रहन्छ कि संरचनासँग ठोक्किन खोज्छ ?

प्रशासन र सुरक्षा संयन्त्र सहयोगी बन्छन् कि मौन प्रतिरोधको रेखा कोर्छन् ? जनताले रोजेको परिवर्तनलाई राज्यले आत्मसात् गर्छ कि ढिलाइ, प्रक्रिया र परम्पराको जालोमा अल्झाउँछ ? जंगीअड्डाको मौन बैठकले यिनै प्रश्नलाई थप घना बनाएको छ ।

सेनाले औपचारिक रूपमा राजनीति गर्दैन। गर्न पनि मिल्दैन। तर राष्ट्रिय स्थिरता, संवैधानिक निरन्तरता र सुरक्षा अवस्थाबारे उसले चासो राख्नु स्वाभाविक हो । त्यसैले यो बैठकलाई प्रत्यक्ष राजनीतिक हस्तक्षेपका रूपमा होइन, तर राजनीतिक भूकम्पपछि सुरक्षा संस्थाको नाडी जाँच का रूपमा बुझ्नुपर्छ ।

अझ, चुनावी परिणामले साढे तीन दशक देखिको शक्ति ढाँचामै धक्का पुर्‍याएको अवस्थामा, सेना जस्तो संस्था पूर्णतः अनभिज्ञ बस्न सक्दैन । उसले हेर्छ, सुन्छ, मूल्यांकन गर्छ-तर धेरैजसो बोल्दैन। यस पटक पनि त्यही भएको देखिन्छ ।

तर सेनाको यही नबोलेको भाषाले नै राजनीतिक वृत्तमा अनेक अर्थ जन्माइरहेको छ । "समसामयिक परिस्थिति" भन्ने दुई शब्दभित्र धेरै कुरा अटाउन सक्छन्- नयाँ सरकार गठन, संवैधानिक सन्तुलन, राजनीतिक संक्रमण, जनअपेक्षाको विस्फोट, सम्भावित अस्थिरता, सडक मनोविज्ञान, बाह्य शक्तिको चासो, वा संस्थागत समन्वयको आवश्यकता । सेनाले के सोचेको छ/हो, त्यो भने उसैले मात्र जान्ने कुरा हो । तर, यति प्रस्ट छ कि उसले अहिलेको अवस्थालाई साधारण चुनावपछिको नियमित अवस्था मानेको छैन ।

यही कारणले २०८२ चैत ३ गतेको यो अन्तरक्रियालाई केवल प्रोटोकलको भेट भनेर बुझ्नु भोको आँखाले राजनीति हेर्नु जस्तै हुनेछ । जंगीअड्डाभित्रको यस्तो परामर्श सधैं सार्वजनिक घोषणाभन्दा धेरै कुरा संकेत गर्छ । विशेषतः त्यतिबेला, जब देशको राजनीतिक सत्ता एकातिर नयाँ जनादेशतर्फ ढल्किरहेको हुन्छ र अर्कोतिर राज्यका पुराना संस्थाहरू नयाँ यथार्थसँग आफैंलाई मिलाउँदै हुन्छन् ।

अन्ततः, यो घटनाले एउटा गम्भीर सन्देश दिएको छ-नेपालमा चुनाव सकिएको छ, तर राजनीतिक संक्रमण सकिएको छैन । मतपेटिकाबाट आएको परिणाम अब राज्यसंरचनाभित्र कसरी अनुवाद हुन्छ, त्यो नै असली परीक्षा हो । जंगीअड्डाले पूर्व सेनापतिहरूसँग गरेको यो संवाद त्यही संक्रमणको मौन तर गम्भीर अध्याय हो ।

सेनाले विषय नखुलाए पनि सन्देश स्पष्ट छ :देशको राजनीति बदलिएको छ, र राज्यका संवेदनशील संस्थाहरूले त्यो परिवर्तन नोटिस गरिसकेका छन् । पुराना संस्थाहरू नयाँ यथार्थसँग आफैंलाई मिलाउँदै हुन्छन् ।



### काठमाडौं प्रहरीको बढ्दो सक्रियता



काठमाडौं । एसएसपी रमेश थापाको नेतृत्वमा रहेको काठमाडौं जिल्ला प्रहरी कार्यालयले एक महिनाको अवधिमा १ हजार ९९ वटा साइबर अपराध तथा ठगीका घटना दर्ता भएको जानकारी दिएको छ । २०८२ चैत ३ गते मंगलबबार जिल्ला प्रहरी परिसरले सार्वजनिक गरेको २०८२ फागुन महिनाको विवरणअनुसार साइबर अपराध तथा ठगीका घटनाको संख्या बढेको पाइएको छ ।

परिसरले जारी गरेको तथ्यांकअनुसार सबैभन्दा बढी निवेदन १ सय १७ वटा अनलाइनमा सामान खरिद गर्दा उपभोक्ताहरु ठगिएको भन्दै उजुरी दर्ता गराएका छन् । वैदेशिक रोजगारीमा पठाइदिन्छु भन्दै ठगी गरेका ४, बैंक खातामा अनाधिकृत पहुँच पुर्‍याएर ठगेका ४, टेलिग्राम-अनलाई टास्किङबाट ४, चरित्र हत्याका ४, अनलाइन जागिर लगाइदिन्छु भनेर ठगी गरेका २ र अन्य २१ घटनासमेत परिसरमा दर्ता भएको प्रहरीले जनाएको छ ।

त्यस्तै मोबाइल चोरीका नौ, चिठ्ठा परेको भन्दै अनलाइनमार्फत ठगी गरिएको ७, ओटीपी माग गर्दै ठगी गरेका ७ वटा उजुरी दर्ता भएको परिसर स्रोतले जानकारी दिएको छ । रकम दोब्बर हुन्छ भन्दै ठगी गरेका ६, कोठा खोज्ने नाममा ठगी गरेका ६, पार्सल पठाएर करबापतको रकम भन्दै ठगी गरेका ५ घटनाका उजुरी प्रहरीमा दर्ता भएको परिसरले जनाएको छ ।

# युवामुखी भर्ती र आजीवन सैनिक पेशा
# सैनिक सेवा : केवल जागिर होइन



**लोकबहादुर थापा मगर**
सहायक रथी(अप्रा.)

**कुनै पनि राष्ट्रको सेना केवल सुरक्षा प्रदान गर्ने संस्था मात्र होइन, त्यो राष्ट्रको सार्वभौमिकता, स्थिरता, अनुशासन र राष्ट्रिय पहिचानको महत्वपूर्ण प्रतीक पनि हो। सेनाको प्रभावकारिता केवल आधुनिक हतियार, उन्नत प्रविधि वा ठूलो बजेटमा मात्र निर्भर हुँदैन। यसको वास्तविक शक्ति अनुशासन, संस्थागत संस्कार, नेतृत्व विकास र राष्ट्रप्रतिको निष्ठामा आधारित हुन्छ।**

नेपालको सन्दर्भमा नेपाली सेनाले लामो समयदेखि आफ्नो अनुशासन, पेशागत निष्ठा र राजनीतिक निष्पक्षताका कारण राष्ट्रिय सम्मान प्राप्त गर्दै आएको छ । यो परम्परा सहज रूपमा बनेको होइन, बरु इतिहास, सामाजिक संस्कार र दीर्घकालीन सैनिक अभ्यासको परिणाम हो । यही कारणले सेनाको भर्ती प्रणाली, उमेर संरचना, नेतृत्व विकास र प्रशिक्षण पद्धतिबारे चर्चा गर्दा नेपाली परम्परा र अन्तर्राष्ट्रिय अनुभव दुवैलाई सन्तुलित रूपमा बुझ्नु आवश्यक हुन्छ ।

विश्वका धेरै सफल सेनाहरूले अधिकृत सेवालाई केवल रोजगारीको रूपमा नभई "आजीवन संस्थागत पेशा" का रूपमा विकास गरेका छन् । यस अवधारणाअनुसार सैनिक अधिकृत बन्ने व्यक्ति आफ्नो जीवनको प्रारम्भिक चरणदेखि नै सैनिक अनुशासन, नेतृत्व संस्कार र राष्ट्रिय कर्तव्यको भावनामा प्रशिक्षित हुन्छ । यसरी तयार भएको अधिकृत केवल आदेश पालन गर्ने व्यक्ति मात्र हुँदैन, ऊ संस्थाको मूल्य, राष्ट्रिय सुरक्षाको दर्शन र दीर्घकालीन नेतृत्व जिम्मेवारी वहन गर्ने पात्र बन्छ ।

**सेनाको शक्ति केमा ?**

सैनिक संस्थाको शक्ति हतियारको मात्र शक्ति होइन । त्यो संस्थागत चरित्र, अनुशासन, आत्मसंयम, नेतृत्व-श्रृंखला र राष्ट्रप्रतिको निष्ठामा आधारित हुन्छ । सेनाले आफ्नो प्रभावकारिता दीर्घकालसम्म कायम राख्न चाहन्छ भने भर्ती प्रणालीदेखि नेतृत्व विकाससम्म सबै कुरा दीर्घकालीन सोचका आधारमा निर्माण गर्नुपर्छ ।

**किन चाहिन्छ युवामुखी भर्ती ?**

इतिहासले देखाएको छ कि धेरै सेनाहरूले अफिसर क्याडेट भर्ती गर्दा युवा उमेर समूहलाई प्राथमिकता दिएका छन् । यसको मुख्य कारण केवल शारीरिक क्षमता होइन, संस्थागत संस्कार निर्माण पनि हो । सैनिक जीवनमा अनुशासन, सहनशीलता, सामूहिकता, निष्ठा र नेतृत्व गुणलाई प्रारम्भिक अवस्थादेखि नै विकसित गर्नु प्रभावकारी मानिन्छ । युवावस्था नै व्यक्तित्व निर्माणको सबैभन्दा संवेदनशील र ग्रहणशील चरण भएकाले सैनिक प्रशिक्षण यस चरणमा सुरु हुँदा संस्थागत मूल्यहरू गहिरो रूपमा आत्मसात गराउन सजिलो हुन्छ ।

**संस्कार युवावस्थामै बस्छ**

ब्रिटेनको प्रतिष्ठित सैन्य तालिम केन्द्र Royal Military Academy Sandhurst मा प्रवेश गर्ने अधिकांश क्याडेटहरू १८-२१ वर्ष उमेर समूहका हुन्छन् । त्यहाँको प्रशिक्षणको उद्देश्य सैनिकहरूलाई केवल युद्धकला सिकाउनु मात्र होइन, चरित्र, नेतृत्व क्षमता, जिम्मेवारीबोध र सेवा भावनामा परिपक्व बनाउनु हो । युवावस्थामै यस्तो प्रशिक्षण सुरु हुँदा क्याडेटहरूलाई सेनाको संस्कार, अनुशासन र आचारसंहितामा ढाल्न अपेक्षाकृत सहज हुन्छ ।

त्यसैगरी अमेरिकाको प्रसिद्ध सैन्य शिक्षण संस्था United States Military Academy (West Point) मा पनि क्याडेटहरूलाई प्रारम्भिक उमेरमै चार वर्षको कठोर प्रशिक्षण दिइन्छ । यहाँ सैनिक तालिमसँगै उच्चस्तरीय शैक्षिक कार्यक्रम सञ्चालन हुन्छ । यसले सैनिक नेतृत्वलाई केवल शारीरिक वा कमान्ड-कुशल मात्र होइन, बौद्धिक, नैतिक र रणनीतिक दृष्टिले पनि सक्षम बनाउँछ । यसरी आधुनिक सैनिक नेतृत्व निर्माणमा युवामुखी भर्ती र दीर्घकालीन प्रशिक्षण दुवै एकअर्काका पूरक सावित भएका छन् ।

**सैनिक सेवा : केवल जागिर होइन**

नेपालको सैनिक इतिहासले पनि युवामुखी भर्ती प्रणालीलाई समर्थन गरेको देखिन्छ । नेपाली समाजमा सैनिक सेवा केवल एउटा जागिर मात्र होइन, सम्मान, कर्तव्य, साहस र राष्ट्रिय सेवाको प्रतीकका रूपमा हेरिने परम्परा बलियो छ । ग्रामीण समाजदेखि राष्ट्रिय चेतनासम्म, सैनिक सेवा "राष्ट्रका लागि समर्पण" सँग जोडिएको छ ।

युवा उमेरमै सेनामा प्रवेश गर्ने सैनिकहरू सैनिक अनुशासन, सहकार्य, कठिनाइ सहने क्षमता र नेतृत्व संस्कारमा क्रमशः प्रशिक्षित हुन्छन् । यसले उनीहरूलाई संस्थागत मूल्यहरूसँग गहिरो रूपमा जोड्छ । सैनिक जीवनको सुरुवातमै सेवा, त्याग, आज्ञापालन र जिम्मेवारीबोध आत्मसात गर्ने संस्कारले उनीहरूको व्यक्तित्वलाई दीर्घकालीन रूपमा आकार दिन्छ ।

यही कारणले नेपाली सेनाको परम्परागत संस्कारमा अनुशासन, सहनशीलता, साहस, समर्पण र राष्ट्रप्रतिको निष्ठा अत्यन्त महत्वपूर्ण मानिन्छ । यदि यो संस्कार प्रारम्भिक उमेरमै निर्माण गरियो भने सैनिक संस्था बलियो मात्र हुँदैन, नेतृत्वको उत्तराधिकार पनि स्वाभाविक र स्थिर बन्छ ।

**नेतृत्व विकासको दीर्घ यात्रा**

सैनिक नेतृत्वको विकास कुनै छोटो पाठ्यक्रम वा क्षणिक अनुभवबाट सम्भव हुँदैन । यो दीर्घकालीन प्रक्रिया हो, जसमा व्यक्ति विभिन्न तहका जिम्मेवारी, चुनौती, कमान्ड अनुभव, प्रशिक्षण अवसर र नैतिक परीक्षणबाट गुज्रँदै परिपक्व बन्छ । युवा उमेरमा सेवा सुरु गर्ने अधिकृतले आफ्नो करियरका विभिन्न चरणमा विविध अनुभव प्राप्त गर्न सक्छ । यसले नेतृत्वलाई समयसापेक्ष, व्यवहारिक र संस्थागत रूपमा गहिरो बनाउँछ ।

जर्मनीको सेना Bundeswehr ले अधिकृतहरूको करियर विकासलाई क्रमिक रूपमा निर्माण गर्ने नीति अपनाएको छ। प्रारम्भिक प्रशिक्षणपछि अधिकृतहरूलाई विभिन्न कमान्ड, प्रशासनिक र रणनीतिक जिम्मेवारी दिइन्छ । यसले उनीहरूलाई केवल पदोन्नतिमा होइन, अनुभव, निर्णय क्षमता र नेतृत्वको परिपक्वतामा पनि अगाडि बढाउँछ ।

त्यसैगरी Singapore Armed Forces ले युवा नेतृत्व विकास कार्यक्रमलाई अत्यन्त महत्व दिएको छ । त्यहाँ सैनिकहरूलाई प्रारम्भिक चरणदेखि नै अनुशासन, रणनीतिक सोच, संकटमा निर्णय गर्ने क्षमता र राष्ट्रिय जिम्मेवारीको भावना विकास गर्न प्रशिक्षित गरिन्छ । सिङ्गापुरको अनुभवले के देखाउँछ भने सानो राष्ट्रले पनि बलियो सैनिक संस्था बनाउन सक्छ, यदि नेतृत्व विकासलाई दीर्घकालीन र योजनाबद्ध रूपमा अघि बढाइयो भने ।

नेपाली सेनाका लागि पनि यही शिक्षा महत्वपूर्ण छ । सेना बलियो बन्ने आधार केवल भर्ती खोल्नु होइन, भर्ती भएर भित्रिएका युवालाई कस्तो संस्थागत संस्कार, कस्तो नेतृत्व प्रशिक्षण, कस्तो करियर मार्गदर्शन र कस्तो नैतिक आधार प्रदान गरिन्छ भन्ने कुराले अन्तिम परिणाम निर्धारण गर्छ ।

**अनुशासनबाटै संस्थागत निष्ठा**

संस्थागत निष्ठा स्वतः पैदा हुँदैन । त्यो अनुशासन, साझा अनुभव, संगठनात्मक संस्कार र समयसँगै निर्माण हुने विश्वासको परिणाम हो । युवा उमेरमै सैनिक जीवनमा प्रवेश गर्ने व्यक्ति संस्थाको नियम, परम्परा र मूल्यसँग क्रमशः यति गहिरो रूपमा जोडिन्छ कि उसका लागि सेना केवल कार्यालय नभई आफ्नो पहिचानको एक भाग बन्छ । यही अवस्थाबाट दीर्घकालीन निष्ठा र विश्वसनीय नेतृत्व जन्मिन्छ ।

*(लेखक परिचयः ब्रिगेडियर जनरल लोकबहादुर थापा मगर (सेवानिवृत्त) नेपाली सेनाका पूर्व अधिकृत तथा दक्षिण एसियाली भू-राजनीति र अन्तर्राष्ट्रिय सम्बन्धका अनुसन्धानकर्ता हुन् । फोनः +९७७ ९८५१०७३४७७ । इमेलः thapalok53@gmail.com)*

# नयाँ सरकार गठन नहुँदै प्रशासन सशंकित
## सचिव, डीजी र राजनीतिक नियुक्ति के होला ?

● साँघु टिप्पणीकार

**काठमाडौं । २०८२ चैतको दोस्रो हप्तामा राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वमा नयाँ सरकार गठन हुँदैछ । लगत्तै नेकपा एमालेका अध्यक्ष एवम् निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले सुरक्षा निकाय, निजामती सेवाअन्तर्गत र संवैधानिका आयोगहरुमा गरिएको नियुक्ति के होला भन्ने प्रश्न सर्वत्र उठ्ने गरेका छन् ।**




यी बाहेक तत्कालीन सरकारले गरेका राजनीतिक नियुक्ति पाएकाहरुको राजीनामा माग्ने र नदिएको खण्डमा हटाएर नयाँ नियुक्ति गर्ने सोच बनाएको बुझिएको छ । कतिपय अवस्थामा नियुक्ति पाएकाहरुमध्ये केहीले भने नयाँ सरकार गठन हुने बित्तिकै नैतिकताका आधारमा राजीनामा दिने मानसिकता पुगेको चर्चा पनि छ ।

कतिपयले भने राजीनामा नदिने, कानून विपरीत हटाए सर्वोच्च अदालत जाने तयारीसमेत गरेको बुझिएको छ । अब गठनको तयारीमा रहेको रास्वपा नेतृत्वको सरकारले केपी ओलीले नियुक्ति गरेका सबै राजनीतिक नियुक्तिहरुलाई तत्काल हटाउने योजना अगाडि सारेको स्रोतले बताएको छ । झण्डै दुई तिहाई जनमत पाएको सो पार्टीले पाँचवर्ष नै सरकार चलाउने म्याण्डेड पाएको छ । सोही कारण सो दलले मुलुकमा सुशासन कायम गर्दै आम नेपाली जनताको मागको संवोधन गर्न छिटोछरितो रुपमा दैनिक डेलीभरी सेवालाई सहज बनाउनुपर्नेछ ।

प्रशासनिक सेवा, भौतिक पुर्वाधार विकास र आर्थिक गतिविधि बढाउन सरकारी निकायमा यसअघि गरिएका राजनीतिक नियुक्तिका पदहरूमा आफ्नो पार्टीको नीति, योजना र कार्यक्रमलाई बढवा दिनपनि नयाँ कदम चाल्न जरुरी छ । सोही कारण यतिखेर रास्वपाका केही नेताहरूले विभिन्न व्यक्तिमार्फत नेपाल राष्ट्र बैंकका गभर्नर, नेपाल आयल निगम, नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकलाई राजीनामा दिन सुझाव दिंदै आएका छन् । अझ नेपाल बीमा प्राधिकरणका अध्यक्ष, रेडियो नेपाल, नेपाल टेलिभिजनका अध्यक्ष, गोरखापत्रलगायतका राजनीतिक नियुक्ति पाएकाहरुको राजीनामा माग्ने तयारीसमेत भइरहेको छ ।

नयाँ सरकार गठन हुनासाथ राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. प्रकाश कुमार श्रेष्ठले राजीनामा दिने मनस्थिति बनाएर बसेका छन् । रास्वापाका वरिष्ठ नेता बालेन्द्र शाहको नेतृत्वमा भावी सरकार गठनपछि विभिन्न संघीय मन्त्रालयका सचिव, विभागका महानिर्देशक र महत्ववपूर्ण आयोजना प्रमुखहरूको सरूवा हुने संकेत आइसकेको छ । जसका कारण उनीहरुले पनि सोही किसिमको मनस्थिति बनाईसकेको बुझिएको छ । खासगरी शहरी विकास, उर्जा, जलस्रोत तथा सिंचाई, उद्योग, वाणिज्य तथा आपूर्ति, खानेपानी, भौतिक पूर्वाधार तथा यातायात, वन तथा वातावरण मन्त्रालयका सचिव, महानिर्देशक र कतिपय कर्मचारीहरु आतंकित बनेको जानकारी हुन आएको छ ।

यसैगरी, कृषि तथा पशुपन्छी, स्वास्थ्य तथा जनसंख्या, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयहरुमा कर्मचारी सरूवा, कार्यालय सामग्री खरिदमा बढी बेथिति रहेको कारण ब्ल्याक लिष्टमा परेका छन । यस्तै, सिंचाइ तथा जलस्रोत व्यवस्थापन विभाग, सम्पत्ति शुद्दिकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभागमा कार्यरत महानिर्देशकहरुसमेत अव आफूहरुले निरन्तरता नपाउने होकि भन्ने भय बोकेर बसेका छन् ।

अझ भन्सार, आन्तरिक राजस्व, विद्युत विकास, स्वास्थ्य सेवा विभाग, खानेपानी तथा ढल व्यवस्थापन, सडक, अध्यागमन, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण, भूमि व्यवस्थापन तथा अभिलेख, नापी विभागलगायतका महानिर्देशकहरूलाई पनि सरूवा गरेर भावी सरकारले आफ्नो अनुकूलका कर्मचारी खटाउनुपर्ने माग बढ्दै गएका छन् । त्यसका लागि नव नियुक्त प्रधानमन्त्री तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले कसलाई हटाउने र कसलाई निरन्तरता दिने भन्ने विषयमा गोप्य रुपमा गृहकार्य गरिरहेको स्रोतको जानकारी दिएको छ ।

## स्वास्थ्य/घरेलु उपचार

# एक थोपा रगतले क्यान्सर पहिचान सम्भव



*चिकित्सा विज्ञानमा क्यान्सर उपचारको क्षेत्रमा एउटा ठूलो फड्को मारिएको छ । वैज्ञानिकहरूले अब साधारण रक्त परीक्षणबाटै विभिन्न प्रकारका क्यान्सर प्रारम्भिक चरणमै पत्ता लगाउन सक्ने प्रविधि विकास गरेका छन् । यो 'लिक्विड बायोप्सी' प्रविधि अहिले विश्वभर परीक्षणको चरणमा छ र आश्चर्यजनक रूपमा प्रभावकारी देखिएको छ ।*

*यस विधिमा शरीरमा रहेका क्यान्सर कोषिकाबाट छुटेका सूक्ष्म डीएनए अंशलाई रगतबाट पहिचान गरिन्छ । यसले क्यान्सर कहाँ छ भन्ने मात्र होइन, कुन प्रकारको क्यान्सर हो भन्ने समेत संकेत दिन सक्छ । विशेष कुरा– यसका लागि शल्यक्रिया गरेर टिस्यु निकाल्नुपर्ने आवश्यकता पर्दैन ।*

*यस प्रविधिको सबैभन्दा ठूलो फाइदा प्रारम्भिक पहिचान हो । क्यान्सरको उपचारमा ढिलो पहिचान नै मुख्य समस्या रहँदै आएको छ । तर, अब सामान्य स्वास्थ्य जाँचकै क्रममा क्यान्सरको संकेत भेटिन सक्ने भएपछि उपचार सफलता दर उल्लेख्य रूपमा बढ्ने अपेक्षा गरिएको छ ।*

*विशेषज्ञहरूका अनुसार यो प्रविधि पूर्ण रूपमा लागू भएमा क्यान्सर उपचारको स्वरूप नै बदलिन सक्छ । भविष्यमा मानिसहरूले वर्षमा एकपटक रगत परीक्षण गरेर नै आफ्नो क्यान्सर जोखिम थाहा पाउने सम्भावना बढेको छ । तर, चुनौती पनि छन्–लागत, पहुँच र शुद्धताको प्रश्न । यद्यपि प्रारम्भिक नतिजाहरूले यसलाई चिकित्सा क्षेत्रमा 'गेम चेन्जर'को रूपमा हेर्न थालिएको छ ।*

# ब्रेन चिपपछि चल्न थाले पक्षघातका बिरामी




*मानव मस्तिष्क र प्रविधिबीचको सम्बन्धले अहिले चमत्कारिक मोड लिएको छ । वैज्ञानिकहरूले मस्तिष्कमा सानो चिप राखेर लकवाग्रस्त (paralyzed) बिरामीलाई फेरि हिड्न सक्ने बनाएका छन् । यो प्रविधिलाई 'ब्रेन-स्पाइन इन्टरफेस' भनिन्छ । मस्तिष्कमा राखिएको चिपले सोचलाई डिजिटल सिग्नलमा बदल्छ र त्यो सिग्नल मेरुदण्डमा पठाइन्छ । त्यसपछि शरीरका अंगहरू पुनः चल्न थाल्छन् ।*

*हालैको परीक्षणमा एक बिरामी, जसले वर्षौंदेखि आफ्नो खुट्टा चलाउन सक्दैनथे, चिप राखेपछि फेरि उभिन र केही दूरी हिड्न सक्षम भएका छन् । यो दृश्यले विश्वभर आश्चर्य र उत्साह दुवै पैदा गरेको छ । यसले केवल शारीरिक उपचार मात्र होइन- मानिसको जीवनको गुणस्तरमा क्रान्तिकारी परिवर्तन ल्याउने संकेत दिएको छ । दुर्घटना वा रोगका कारण चल्न नसक्ने लाखौं मानिसका लागि यो ठूलो आशा हो ।*

*तर, यो प्रविधि अझै प्रारम्भिक चरणमै छ । दीर्घकालीन प्रभाव, लागत र व्यापक प्रयोगका चुनौतीहरू बाँकी छन् । तैपनि, विज्ञानले असम्भवलाई सम्भव बनाउदैछ भन्ने यो स्पष्ट प्रमाण हो ।*

# AI ले सम्हाल्दै स्वास्थ्य जाँचको जिम्मा

*कृत्रिम बुद्धिमत्ता (AI) अब अस्पतालभित्र छिरेको छ-र त्यो पनि 'डाक्टर'को भूमिकामा । पछिल्लो अध्ययनहरूले देखाएका छन् कि AI प्रणालीहरूले कतिपय अवस्थामा मानव चिकित्सकभन्दा छिटो र सटीक रूपमा रोगको पहिचान गर्न थालेका छन् ।*



*विशेषगरी एक्स-रे, एमआरआई र सीटी स्क्यान जस्ता मेडिकल इमेज विश्लेषणमा AI ले आश्चर्यजनक परिणाम दिएको छ । केही परीक्षणमा AI ले फोक्सोको क्यान्सर, मस्तिष्क ट्युमर र मुटुसम्बन्धी समस्याहरू मानव चिकित्सकभन्दा पहिले पत्ता लगाएको छ ।*

*AI को विशेषता के हो भने यसले लाखौं केसको डाटा एकैपटक विश्लेषण गरेर निर्णय गर्न सक्छ । यसले मानवीय त्रुटि कम गर्छ र समय बचत गर्छ । विशेष गरी ग्रामीण वा चिकित्सक अभाव भएका क्षेत्रमा AI ठूलो सहायक बन्न सक्छ । तर, यसले एउटा नयाा बहस पनि जन्माएको छ-के भविष्यमा डाक्टरको भूमिका घट्ने हो ?*

*विशेषज्ञहरूका अनुसार AI डाक्टरको विकल्प होइन, सहयोगी हो । अन्तिम निर्णय अझै मानव चिकित्सककै हुनेछ । यो प्रविधिले स्वास्थ्य सेवामा पहुाच विस्तार गर्ने, लागत घटाउने र उपचारलाई छिटो बनाउने सम्भावना देखाएको छ । तर, डेटा सुरक्षा, नैतिकता र विश्वासका प्रश्नहरू अझै समाधान हुन बाँकी छन् ।*

# अब ठेक्का सम्झौता रद्द गरेर कानूनी उपचार खोज्छौं

# बजेट फुकुवा नहुँदा खर्च गर्न पाएका छैनौं

**सुवोध कुमार देवकोटा,**
**सडक डिभिजन प्रमुख, काठमाडौं**




*(भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतको सडक विभाग मातहत डिभिजन सडक रहेको छ । सामरिक महत्वका सडक सञ्जालहरूको मर्मत, सम्भार तथा सञ्चालन गर्ने उद्देश्यले विभागअन्तर्गत ३३ वटा मर्मत डिभिजनहरूको स्थापना गरिएको थियो । सोही बमोजिम काठमाडौं जिल्ला भित्र पर्ने राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग तथा सामरिक महत्वका शहरी सडक तथा पुलहरूको निर्माण, मर्मत, सम्भार तथा सञ्चालन गर्नेगरी सडक डिभिजनले आफ्नो जिम्मेवारी पूरा गर्दै आइरहेको छ । सो डिभिजनले काठमाडौं जिल्ला भित्रका १ सय १० सडकहरूको निर्माण, मर्मत, सम्भार र सञ्चालनको जिम्मेवारी बोकेको छ । साथै, विभागको नीति, निर्देशन बमोजिम मातहत रहेका सामरिक महत्वका सडक सञ्जाल अन्तर्गत पर्ने राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग तथा सामरिक महत्वका शहरी सडक तथा पुलहरू निर्माण, मर्मत, सम्भार गरी सडक सञ्जालहरू चुस्त दुरुस्त राख्ने कार्यसमेत गरिरहेको छ । सडक विस्तार अभियानअन्तर्गत विस्तारित सडकहरू निर्माण सुधार गरी यातायात सहजीकरण गर्ने जिम्मेवारीसमेत डिभिजनको रहेको छ । डिभिजनले हाल भोग्नु परेका समस्या, आगामी रणनीति, सुधारलगायत विविध विषयमा केन्द्रित रहेर साँघु साप्ताहिकका लागि रामहरी चौंलागाईंले सिनियर डिभिजनल इन्जिनियर देवकोटासँग गरेको कुराकानीको मुख्य अंश: सम्पादक)*

**० तपाईंले यस डिभिजन कार्यालयको नेतृत्व सम्हालेपछि पहिचान गरेका समस्या र यो अवधिमा गरेका सुधारका कार्यहरू के-के हुन् ?**

मैले यो डिभिजनको नेतृत्व गरेको करिब सात महिना जति भयो । म यहाँ आउँदा मुख्य समस्या स्पष्ट थियो-स्थानीयको गुनासो । सडक बन्छ तर टिकाउ किन हुँदैन भन्ने थियो । मेरो बुझाइमा यस्तो गुनासो आउनुको मूल कारण गुणस्तरको कमजोरी नै हो । जसलाई सुधारका लागि डिभिजन कार्यालयले अत्याधुनिक ल्याब स्थापना गरेको छ । सोही कारण हाल ९० प्रतिशत काममा सुधार भइसकेको छ । बाँकी १० प्रतिशतसमेत पूरा गरेपछि सबै परीक्षण गुणस्तरीय हुने विश्वास गरेका छौं ।

**० कार्यालयको नेतृत्वमा आएपछि तपाईंले यसअघि सञ्चालनमा रहेको ल्याबमा के त्यस्तो कैफियत र फरक अवस्था भेट्नुभयो ?**

ल्याबमा धेरै कमी-कमजोरी रहेका थिए । आवश्यक उपकरणको अभावका कारण समयमा रिपोर्ट आउँदैनथ्यो । जसका कारण बाहिर अर्थात् प्राइभेट ल्याब कम्पनीबाट रिपोर्ट लिनुपर्ने अवस्था रहेछ । हाल सो अवस्थाको अन्त्य भइसकेको छ । आकस्मिक र आवश्यक पर्दा कार्यालयका प्राविधिकहरूले आफैं सडकमा गएर परीक्षण गर्न सक्छन् । अझ भन्नुपर्दा सामान्य परीक्षणहरूसमेत सेन्ट्रल ल्याबमा पठाइन्थ्यो । कार्यालयमा रहेका उपकरण र पुराना मेसिनले काम नगर्दा गुणस्तरसमेत सुनिश्चित हुँदैनथ्यो । त्यसैले हामीले नयाँ मेसिन खरिद गरेर ल्याबलाई गुणस्तरयुक्त बनाउने काम निरन्तर रूपमा जारी राखेका छौं ।

**० सुधारको नाममा कार्यालयको नेतृत्व गर्नासाथ अन्धाधुन्ध रूपमा दैनिक ज्यालादारी, अस्थायी कर्मचारीको रोजीरोटी खोसेको आरोप पनि तपाईंमाथि लाग्यो नि, होइन ?**

अनावश्यक कर्मचारी कटौती गरेर कामको दक्षता बढाउन खोजिएको हो । रोजीरोटी खोसेको पनि होइन । अर्को, कार्यालयलाई व्यवस्थित बनाउन अनुगमन तथा आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाएका छौं । त्यसैले ल्याब सुधार, कर्मचारी व्यवस्थापन, नियन्त्रण प्रणाली बलियो बनाउन पनि यी कार्यहरू महत्वपूर्ण छन् भन्ने मेरो बुझाइ रहेको छ । सोही विषयलाई मध्यनजर गरेर नै हामीले यी कामको सुरुवात मात्रै गरेका छैनौं, सम्पन्नसमेत गरेका छौं ।

**० यतिखेर डिभिजन कार्यालयले सडक विभागको भवनसमेत निर्माणको जिम्मेवारी बहन गरिरहेकोले सोको अवस्था के कस्तो रहेको छ ?**

सडक विभागको भवन कार्यालयले असार मसान्तसम्ममा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्यका साथ काम गरिरहेको अवस्था छ । विभागका लागि आवश्यक फर्निचरलगायतका सामग्रीहरू खरिद प्रक्रियामा पनि उत्तिक्कै ध्यान दिँदै गएका छौं । यतिखेर अलिकति भेरिएसन अर्डरबाट बिल्डिङमा भीओ गर्नुपर्ने काम बाँकी रहेको छ । तत्काल यी इस्युमा माग भएका कम्पाउन्ड वाल, ल्यान्डस्केपका कामहरू भइरहेका छन् । फायर एण्ड सेफ्टीका इमर्जेन्सी एक्जिट जस्ता विषयहरू अघिल्लो इस्टिमेटमा छुटेका रहेछन् । हाल यी सबै विषय समेटेर इस्टिमेट तयार गरेका छौं । त्यसैले सबै स्ट्रक्चर आगामी २०८३ साउन महिनासम्ममा लगभग कम्प्लिट हुने अपेक्षा गरेका छौं । त्यसपछि २०८३ भदौ अन्त्यमा वा असोजको पहिलो हप्तासम्म सम्पूर्ण फिनिसिङ, कार्पेटिङ र पर्दा लगाउने काम पूरा गरेर विभागलाई सार्वजनिक रूपमा हस्तान्तरण गर्ने प्रक्रियाका साथ हामी अगाडि बढिरहेका छौं ।

**० सडक विभागको बबरमहलस्थित भवन आगजनीको चेपेटामा परेको र सेवा प्रवाहमा समस्या बढेको गुनासोसमेत बढेका छन्, होइन ?**

अहिले सडक विभागका विभिन्न महाशाखा छरिएर अलग-अलग र अपायक स्थानबाट सञ्चालन भइरहेका छन् । एउटा महाशाखाबाट अर्कोमा जानसमेत समस्या रहेको छ । यदि विभागका महाशाखाहरू एकै भवनमा रहेका भए निश्चित रूपमा काममा गति पनि स्वतः बढ्ने थियो । विभागले कुनै नयाँ निर्णय गर्नुपर्दा महाशाखा प्रमुख, कार्यालय र योजना प्रमुखहरूलाई जुटाउनसमेत बाधा पुगेको छ । नयाँ भवन बनेपछि विभाग मातहतका महाशाखाहरू एकै स्थानमा भएसँगै निर्णय प्रक्रियामा सकारात्मक प्रभाव पार्छ नै । पहिले जति समय लाग्थ्यो, त्योभन्दा कम समयमा निर्णय गर्न विभागलाई सहज पनि हुनेछ ।

**० भवन निर्माणको लागत अर्थात् कुल खर्च कति लाग्ने अनुमान भइरहेको छ ?**

अर्थ मन्त्रालयबाट ८० करोड रुपैयाँको सहमति आएको थियो । जसमध्ये करिब ६० करोडको रेन्जमा ठेक्का सम्झौता गरिएको छ । भेरिएसन अर्डरका कारण अझै अलिकति रकम बढ्न सक्ने अनुमान हामीले गरेका छौं । विभागका लागि आवश्यक उपकरण, फर्निचरका लागि थप करिब १५ करोड खर्च हुने अनुमान भइरहेको छ ।

**० नयाँ बिल्डिङ तयार भएर सडक विभाग आफ्नै मिनभवनस्थित भवनमा सरेपछि साविकको बबरमहल मर्मत सम्भार कार्य ओझेलमा पर्ने भयो होइन त ?**

यो सरकारको विषय भयो । यसकारण पनि सो भवनको बारेमा म स्पष्ट रूपमा केही भन्न सक्दिन । किनभने विभागमा मभन्दा माथिल्लो स्तरका जिम्मेवार कर्मचारीहरू हुनुहुन्छ । अझ विभागमा डीजी, डीडीजी सा'बहरू, मन्त्रालयमा सचिवज्यू र मन्त्रीज्यूसमेत हुनुहुन्छ । मन्त्रीज्यूले राजनीतिक नेतृत्व गर्नुहुन्छ । त्यसैले उहाँहरूले अवश्य केही न केही निर्णय गर्नुहुनेछ भन्ने मैले अपेक्षा गरेको छु ।

**० सडक कार्यालयहरूले निर्माण गरेका कतिपय सडकहरू विगतको तुलनामा गुणस्तरीय छैनन् भन्ने आरोप लाग्ने गरेको छ, यी आरोपमा तपाईंहरूको ध्यान केन्द्रित भएको छ कि छैन ?**

यी गुनासोप्रति म पूर्ण रूपमा सहमत छैन । किनकि, सडक कमजोर होलान् तर गुणस्तरमा कमी भएको छैन । त्यसैले हामी सुधारका लागि निरन्तर अगाडि बढिरहेका छौं । मुख्य समस्या बिटुमिनमा रहेको देखिन्छ । बजारमा इरानी, इन्डियन, सिंगापुरजस्ता मुलुकबाट बिटुमिन आयात हुने गरेको छ । आयात गरिएका सबै खराब पनि छैनन् । तर, पनि इरानी बिटुमिनमा वाक्सको मात्रा बढी हुँदा सतहको गुणस्तर राम्रो हुँदैन । त्यसैले उक्त मुलुकबाट आयात भएको बिटुमिनलाई भन्सार नाकामै रोक्ने व्यवस्था गरेका छौं । तत्पश्चात् गुणस्तर सुनिश्चित गर्न हामी हरेक बिटुमिनको ल्याब र सर्टिफिकेट जाँच गरेर प्रयोग गरिरहेका छौं ।

**० यी बाहेक अन्य के-के समस्या छन् त ?**

अर्को समस्या स्थानीय रूपमा उत्पादन हुने गिट्टीको पनि छ । कसैले स्रोत स्ट्रेन्थ पूरा गर्छन् भने कोही कसैले गर्दैनन् पनि । हामीले केवल पर्याप्त स्ट्रेन्थ भएको गिट्टी मात्र स्वीकृत गर्दै आएका छौं । काठमाडौं उपत्यकामा सबैभन्दा ठूलो चुनौती क्यारिङकै समस्या रहेको छ । निर्माण सामग्री समयमै उपलब्ध नहुँदा सडक निर्माण ढिला हुन्छ र गुणस्तरमा समेत असर पर्छ नै । यी सबै बाधा-अवरोधलाई समाधान गर्दै हामीले गुणस्तर सुधारको दिशामा निरन्तर अगाडि बढिरहेका छौं ।

**० त्यसो भए बिटुमिनको विकल्प कंक्रिटमा जान सकिँदैन र ?**

सम्भव छ । तर, लगानी अत्यन्तै उच्च पर्न जान्छ । नेपालमा उत्पादित सिमेन्ट, गिट्टी, बालुवा सजिलै उपलब्ध हुँदा गुणस्तरीय, टिकाउ र लामो समयसम्म मर्मत-रहित सडक निर्माण गर्नसमेत सहयोग पुग्छ नै । बिटुमिनको तुलनामा कंक्रिटमा जाँदा लागत पनि धेरै बढ्छ । जस्तो, उदाहरणका लागि १ अर्ब रुपैयाँ लगानीले बिटुमिनले पिच गर्दा १७-२० किलोमिटर सडक बनाउन सकिन्छ । उक्त रकमले कंक्रिट मार्ग निर्माण गर्दा केवल ५-६ किलोमिटर मात्र सम्भव छ । त्यसैले लागत र उपलब्ध स्रोतको हिसाबले अहिलेको अवस्थामा कंक्रिट मार्ग विकल्प होला । तर, खर्च असीमित हुन्छ । खर्चिलो भन्दा पनि राज्यको क्षमता अनुसारको विषय हो भन्ने हाम्रो ठम्याइ रहेको छ ।

**० कतिपय निर्माण व्यवसायीले समयमा काम नगरेको कारण ठेक्का सम्झौता तोड्नुपर्ने अवस्थामा काठमाडौं डिभिजन पुगेको छ कि छैन ?**

मैले डिभिजनको नेतृत्व गरेपछि महत्वपूर्ण काम भनेकै रुग्ण ठेक्काहरूको पहिचान गरें । म कार्यालयमा आउनुपूर्व यस्ता ठेक्काहरू रेकर्डमा थिएनन् । रुग्ण ठेक्काहरूको हामीले पहिचान गरेर ५७ वटालाई किन नतोड्ने भनेर पटक-पटक सूचना प्रकाशित गऱ्यौं । जसमध्ये हामीले २४ वटा ठेक्का तोडेर कालो सूचीमा राख्नका लागि सार्वजनिक खरिद कार्यालयमा सिफारिस गरिसकेका छौं । २४ वटा ठेक्काको सम्झौता नै रद्द गरेका छौं । कतिपयलाई १ वर्षको कालो सूचीमा राख्न भनेका छौं । उनीहरूलाई सरकारी बाँकीसर असुल गर्ने भनेर कार्यालयले पीपीओमा पत्राचारसमेत गरिसकेको अवस्था छ ।

**० यदि त्यसो हो भने बाँकी रुग्ण ठेक्काको बारेमा कार्यालयले के सोचिरहेको छ त ?**

अब बाँकी ठेक्काहरूलाई कार्यालयले स्क्रिनिङ प्रक्रियामा राखेको छ । कार्यालयले ठेक्का एकतर्फी रूपमा तोड्नु भन्दा पनि त्यसका कारणहरू भ्यालिड गर्नेछौं । त्यसपछि उचित वा ठेक्का तोड्न योग्य छ कि छैन भनेरसमेत अध्ययन गर्दै आएका छौं । फगत हामीलाई मन लाग्यो भनेर तोड्ने विषय पनि हुँदैन । त्यसका लागि धेरै क्राइटेरियाहरू पूरा गर्नुपर्ने हुन्छ । पीबी, एपीजी छैन, लामो समयसम्म काम नगरी ठेक्का अलपत्र पारेको छ भने हामी तुरुन्तै एक्सनमा जानेछौं । काम गर्न ताकेता गरे पनि बेवास्ता गरेको खण्डमा भने ठेक्का सम्झौता रद्द गरेर कानूनी उपचार खोज्नेछौं ।

**० कतिपय ठेक्काहरू लामो समयसम्म अलपत्र पर्नुको कारण के रहेछ ?**

लामो समयसम्म रुग्ण वा अलपत्र हुनुको कारण दुई-तीन वटा देखिन्छ । मुख्य कारण भनेको निर्माण कम्पनीको लापरवाही हो । साथै, सम्बन्धित कार्यालयको तत्कालीन नेतृत्वको कमजोरी पनि स्पष्ट रूपमा देखिएको छ । यी लापरवाहीका कारण ठेक्का लामो समयसम्म अलपत्र परेको कार्यालयको ठम्याइ रहेको छ ।

- **मुख्य कारण भनेको निर्माण कम्पनीको लापरवाही हो ।**
- **यसअघि प्राइभेट ल्याब कम्पनीबाट रिपोर्ट लिनुपर्दथ्यो ।**
- **गुनासो आउनुको मूल कारण गुणस्तरको कमजोरी नै हो ।**
- **अहिले डिभिजन कार्यालयले अत्याधुनिक ल्याब स्थापना गरेको छ ।**
- **कार्यालयको नेतृत्वकर्ताको कमजोरी पनि देखिन्छ ।**
- **डिभिजनका ९० प्रतिशत काममा सुधार भइसकेको छ ।**
- **समयमै काम नगर्ने वा नगराउने दुवै बराबर दोषी हुन् ।**
- **यतिखेर कार्यालयसँग बजेटको चरम अभाव छ ।**

**० कमजोरी गर्ने कर्मचारीहरू चाहिँ कारबाहीको भागिदार बन्नु पर्दैन ?**

तोकिएको समयमा काम नगर्ने वा नगराउने दुवै बराबर दोषी हुन् । अझ महत्वपूर्ण विषय के हो भने काम गराउनका लागि कार्यालयको नेतृत्वले के-कस्तो प्रयास गऱ्यो भन्ने कुरा छर्लङ्ग हुनुपर्छ । जस्तो, अहिले मैले सडक डिभिजनमा गरेको काम र कार्यालयमातहत भएका विकास निर्माण कार्यको नियन्त्रण, अनुगमन र कार्यान्वयन गराउने जिम्मेवारी नेतृत्वकै हुनेछ । मैले के-के सुधार गरें भन्ने स्पष्ट रूपमा बाहिर देखिनुपर्छ । यदि इफोर्ट गर्दा-गर्दै पनि निर्माण पक्षले काम अगाडि बढाएन भने मात्र ठेक्का तोड्न सकिन्छ । तर, सम्झौता गरिएको छ, त्यसको कुनै प्रगति छैन भने कार्यालयले पहल गराउन नसकेको ठहर्छ । त्यस्तो अवस्थामा मात्र अनि ठेक्का तोड्न कानूनी रूपमा सहज हुनेछ । यी विषयमा अब मन्त्रालय र विभागको नेतृत्वको समेत ध्यान जान जरुरी छ । एकतर्फी रूपमा केवल निर्माण कम्पनीलाई मात्र दण्डित गरेर काम फत्ते गर्न हुँदैन । विभागले समेत चासो र सक्रियता बढाएर अनुगमन र पहल गर्नुपर्छ भन्ने सुझाव पनि छ ।

**० चालु आर्थिक वर्षका लागि डिभिजनमा कुल पुँजीगत बजेट कति छ ?**

गत साल करिब साढे दुई अर्ब हाराहारीमा रहेछ । तर, आजका दिनसम्म डिभिजनको कुल पुँजीगत बजेट करिब ७० करोडको हाराहारीमा रहेको छ । गएको आर्थिक वर्षको तुलनामा यो करिब एक तिहाइ मात्रै हो । कार्यालयको कार्यक्षेत्र भने दक्षिणतर्फ मकवानपुरको सिमाना हुमाने भञ्ज्याङ र उत्तरतर्फ नाङ्लेभारेसम्म रहेको छ । यतिखेर कार्यालयसँग बजेटको चरम अभाव छ । अघिल्लो वर्षको कार्यक्रमको २१ करोड रुपैयाँ आजसम्म फुकुवा भएको छैनध । सातवटा नयाँ सडक यसपटक हाम्रो कार्यक्रममा समावेश छन् । बजेट सिस्टममा पनि देखिन्छ, तर बजेट फुकुवा नहुँदा खर्च गर्न पाएका छैनौं । यसले गर्दा कार्यालयले गर्नुपर्ने भुक्तानी दायित्व पनि बढेको अवस्था छ ।

**० निर्माण कार्य सम्पन्न गरेकालाई कार्यालयले भुक्तानी गर्नुपर्ने दायित्व के कति रहेको छ त ?**

निर्माण पक्षलाई भुक्तानी गर्न आजको दिनमा उपलब्ध बजेटले करिब ३० करोड रुपैयाँ पुग्दैन । बजेट उपलब्ध गराउन कार्यालयले बारम्बार पहल गरिरहेको छ । तर, अर्थ मन्त्रालयले फाइलहरू फिर्ता गरिरहेको छ । अब नयाँ बजेटको तयारी र आर्थिक वर्षको अन्त्यमा पुग्न लागेका छौं । छिट्टै अर्थले बजेट उपलब्ध गराउने अपेक्षा छ र त्यसपछि भुक्तानी प्रक्रिया अगाडि बढाउने छौं ।

**० संघीय राजधानीसमेत रहेको काठमाडौं उपत्यकाको सडकलाई सुधार वा आकर्षक बनाउन के-के कार्य गर्न आवश्यक ठान्नुहुन्छ ?**

सबैभन्दा ठूलो र महत्वपूर्ण विषय काठमाडौं संघीय राजधानीसमेत भएकाले मुलुकको मुटु नै मानिन्छ । राजधानी राम्रो भयो भने विदेशबाट भ्रमणमा आउने पाहुनाहरू र आगन्तुकहरूको इम्प्रेसन पनि राम्रो पर्छ नै । सुधारका लागि सबैभन्दा पहिलो प्राथमिकता सडकलाई नै सफा, सुग्घर र फुटपाथ-फ्री बनाउनु पर्छ । आवश्यक पर्दा तुरुन्त मर्मतको सुनिश्चित गर्नु जरुरी छ । त्यसपछि ट्राफिक व्यवस्थापनलाई चुस्त-दुरुस्त गर्नुपर्ने हुन्छ । त्यसका लागि रोड मार्किङ, ट्राफिक साइन र सिग्नल जस्ता सुरक्षात्मक उपायहरू लागू गरेका छौं । भएका साइन र सिग्नलहरूलाई अपरेटिङमा गएर सुधार गर्ने काम पनि सँगसँगै गरेका छौं । त्यसका लागि समेत आवश्यक बजेटकै अभाव छ ।

**० बढ्दो सवारी चाप नियन्त्रण गर्न सरकारले पहल गर्न नसक्दा पनि समस्या बढेको बताइँदैछ, नि ?**

उपत्यकाभित्र रोड परमिट दिएको कारण पब्लिक सवारी असाध्यै बढी छन् । यसलाई व्यवस्थित गर्न बस स्टेसनको रूपमा सुधार गर्नु आवश्यकता जरुरी भइसकेको छ । अनि दुई मिनेटभन्दा बढी रोक्न नपाउने व्यवस्था गर्न सकियोस् । अहिले गाडीहरु जथाभावी रोकेर ट्राफिक जाम र सुरक्षा जोखिम बढेको छ । दिनप्रतिदिन ट्राफिक भोल्युम बढिरहेको अवस्था छ । सोही कारण रोड विस्तार गर्ने अवस्थासमेत न्यून हुँदै गएको छ । अब नयाँ फ्लाइओभर र वैकल्पिक व्यवस्थापनमार्फत मात्रै सडकको समस्या समाधान सम्भव छ भन्ने मलाई लाग्छ । यी विषयमा अब गठन हुने नयाँ सरकारले आगामी बजेट र राजनीतिक नेतृत्वको विशेष ध्यान आवश्यक ठान्छु । ताकि, संघीय राजधानीका सडकहरू हेर्नलायक, व्यवस्थित र सुरक्षित हुन सकून् ।

**० उपत्यकाभित्र ट्राफिक लाइटको अवस्था दयनीय रहेको छ, भएका लाइटहरूसमेत समयमा मर्मत गर्न नसक्दा प्रयोगविहीन भइरहेको अवस्था छ, नि ?**

ट्राफिक लाइटहरू उपत्यका ट्राफिक प्रहरी कार्यालयले अपरेटिङ गरिरहेको छ । यी लाइटहरू यसअघि सडक निर्माणसँगै सडक विभाग मातहतका निकायहरूले व्यवस्थापन गरेको थियो । तर, अधिकांश स्थानहरूमा ट्राफिक लाइटहरू छैनन् । कतिपय स्थानमा रहेका लाइटहरू पूर्णरूपले अपरेटिङमा छैनन् । अब इन्भेस्टमेन्टको आवश्यकता महसुस भइरहेको छ । जस्तो जापान सरकारको जाइकाले गरेको अध्ययनअनुसार प्रत्येक स्थानमा ट्राफिक लाइटको स्टल बनाएर अपरेटिङ सिस्टम सुधार गरियो भने उपत्यकामा ट्राफिक जाम केही न केही रूपमा घटाउन सकिने उल्लेख गरेको छ ।

**० हाल उपलब्ध ट्राफिक लाइट र जक्सन सुधारका लागि कति लागत आवश्यक पर्ने अनुमान गरिएको छ ?**

कति जक्सन सुधार गर्ने हो, सो आधारमा लागत निर्धारण गर्न सकिन्छ । उदाहरणका लागि नयाँ बानेश्वर चोकमा जक्सन सुधार गरिएको थिएन । जापानीहरूको रिपोर्टका आधारमा सुधार गरेपछि ट्राफिक भोल्युम नियन्त्रणमा आएको छ । त्यसैगरी, कलङ्कीमा पनि जाम अत्यधिक हुन्थ्यो । तर, अन्डरपास निर्माण भएपछि जाम स्वतः घटेको छ । हाल कन्सल्टेसनमा जापानीहरूले अन्डरपास र फ्लाइओभर प्रणालीको प्रस्ताव गरेका छन् । नेपाल सरकारले पनि चाबहिल चोक, पशुपति जाने मार्गमा पनि सोही प्रविधि अपनाउने तयारी गरेको छ । ट्राफिक जाम बढी हुने सडकमा फ्लाइओभर र अन्डरपास निर्माण गर्दा ट्राफिक भोल्युमलाई व्यवस्थित गर्न सकिन्छ नै । जसका लागि राज्यले आवश्यक लगानीका लागि बजेट सुनिश्चित गर्नुपर्छ ।

**० तपाईंले यस डिभिजनको नेतृत्व गरेपछि उपत्यकामा सुधार गर्नुपर्ने सडकलाई के कसरी मार्किङ र पहिचान गर्नुभएको छ ?**

केही सडकहरू तुरुन्तै अपग्रेड गर्नु जरुरी छ । विशेष गरी भीआईपी रुटहरू समय-समयमा जाँच र सुधार आवश्यक छ । भीआईपी एरिया भनेको एयरपोर्टदेखि बबरमहल, टुँडीखेल, दरबारमार्ग, नारायण गोपाल चोक हुँदै बुढानीलकण्ठ जाने बाटो र रिङ रोड मानिन्छ । रिङ रोड सुधारको काम अलिक-अलिक सुरु भइसकेको छ । तर, पनि सडक फ्रेन्डली र व्यवस्थित हुन सकिरहेको छैन । ट्राफिक व्यवस्थापनलाई सहज बनाउन ठमेल एरिया, पर्यटकहरूको आवतजावत हुने कान्तिपथजस्ता मुख्य राजमार्गहरूलाई समयमै अपग्रेड गर्नु जरुरी र आवश्यक पनि छ ।

# सरकारकै लापर्वाहीले समयमै भवन निर्माण भएन ?

# बहुउद्देश्यीय हलमा प्रतिनिधि सभा बैठक

● साँघु संवाददाता

**काठमाडौं। सरकारले संघीय संसदका लागि सिंहदरबारभित्र निर्माण भइरहेको नयाँ संसद भवनको निर्माण कार्य निर्धारित समयमा गर्न सकेन। अझ निर्धारित समयमा निर्माण कार्यमा ढिलाई हुँदा नव गठित प्रतिनिधि सभाको बैठक सोही भवनको बहुउद्देश्यीय बैठक हलमा आयोजना गर्ने तयारी संघीय संसद सचिवालयले गरेको छ। निर्माणाधिन भवनको निर्माण कार्य सम्पन्न भएतापनि आन्तरिक सजावट र प्राबिधिक कार्यहरु बाँकी रहेकोले केही समयमा लागि अस्थायी व्यवस्था गरेर उक्त हलमा सञ्चालन गरिन लागेको सचिवालयस्रोतले जानकारी दिएको छ।**



यतिखेर सचिवालयले बैठक हलमा कार्पेट बिछ्याउने, सिट व्यवस्थापन, माइक फिट, रोष्टम र अतिथिको लागि आवश्यक संरचना तयार गर्ने कार्यहरु तीव्र ढंगले भैरहेको छ। शहरी विकास मन्त्रालयले गएको हप्ता नै बहुउद्देश्यीय हल सम्पन्न गरेर संसद सचिवालयलाई हस्तान्तरण गरेको थियो। लगत्तै सचिवालयले नव निर्वाचित प्रतिनिधि सभा सदस्यहरूको सपथ सोही हलमा खुवाउने तयारी गरेको छ। साथै, प्रतिनिधि सभाको पहिलो बैठक सञ्चालन, सभामुख र उपसभामुख निर्वाचनसमेत सोही हलबाट हुनेछ।

नयाँ सरकार गठनपछि ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संसदीय पराम्परासमेत सोही हलबाटै गर्ने तयारी सचिवालयले गरिरहेको बुझिएको छ। नयाँ सरकार गठन भएपनि विश्वासको मत लिएर संसदको हिउँदे अधिवेशनको अन्त्य हुनेछ । त्यसपछि संभवत जेठ पहिलो साता भित्र नयाा संसद भवन निर्माण भइसक्ने र बजेट अधिवेशन भने नयाँ भवनमा आयोजना हुने मन्त्रालयस्रोतले बताएको छ। नेपाली वस्तुकला, सीप, संस्कृति र शैली झल्कने गरी निर्माण भइरहेको संघीय संसद भवन २०८३ बैशाख १५ भित्र सम्पन्न गर्नेगरी अन्तिम चरणमा कार्य भइरहेको छ।

१ सय ५४ रोपनीमा संसद भवन

निर्माणाधीन संसद भवन १ सय ५४ रोपनी क्षेत्रफलमा फैलिएको र अत्याधुनिक रहनेछ। पूर्वाधार निर्माणतर्फको अधिकांश कार्य सम्पन्न भइसकेको र केही प्राविधिक काम मात्र बाँकी रहेको मन्त्रालयस्रोतले दावी गरेको छ। त्यसैले प्रतिनिधि सभाको मुख्य हल सञ्चालन गर्न भने केही समय लाग्ने भएको छ। प्रतिनिधि सभाको मुख्य हलमा फल्स सिलिङको काम सकिएकोले प्रबिधिसहित आवश्यक फर्निचर व्यवस्थापनको कार्यसमेत लगभग सकिएको बताइन्छ।

तर, केही प्राविधिक जटिलता देखिएले निर्धारित समयमा काम गर्न सम्पन्न गर्न नसकेको शहरी बिकास तथा भवन निर्माण बिभाग स्रोतको भनाई रहेको छ। सोही कारण अन्तिम अवस्थामा बहुउद्देश्यीय बैठक हलमा अस्थायी व्यवस्था गरी बैठक सञ्चालन गर्न लागिएको स्रोतको दावी छ। साथै, प्रतिनिधि सभाको मुख्य हलमा फल्स सिलिङ राख्ने काममा केही प्राविधिक समस्या आएको थियो। त्यसले अपेक्षित गतिमा काम अघि बढ्न नसकेको समाचार स्रोतले बताएको छ।

त्यसैले मुख्य हल पूर्णरूपमा तयार हुन अझै करिब एक डेढ महिना समय लाग्ने अनुमान गरिएको छ। वैकल्पिक अर्थात बहुउद्देशीय हलमा बैठक संचालनका लागि आवश्यक सम्पूर्ण पूर्वाधारको व्यवस्थापन भइसकेको छ । अव सोही हलमा नवनिर्वाचित सांसदहरूको शपथ ग्रहण कार्यक्रम आयोजना हुनेछ। आवश्यक परे प्रतिनिधि सभाको बैठकसमेत सञ्चालन गर्न मिल्ने गरी व्यवस्था मिलाइएको बिभागस्रोतको भनाई छ।

राष्ट्रिय सभाको बैठक सिंहदरबार परिसरकै कृषि समितिको पुरानो हलमा सञ्चालन हुँदै आएको छ। राष्ट्रिय सभाको बैठक भने तत्काल नबस्ने भएकोले आगामी २०८३ जेठमा नयाँ भवनबाटै सञ्चालन हुने बताइएको छ।

**साढे ६ वर्षसम्म निर्माण किन अधुरो ?**

२०७६ सालमा निर्माण सुरू भएको नयाँ संसद भवन निर्माणको काम साढे ६ वर्ष बितिसक्दा पनि अझै संचालनमा आउन सकिरहेको छैन। यो अवधिमा पटक पटक निर्माणको म्याद थप गर्दै ठेकेदारलाई सहुलियत दिंदै आएको हो। यद्यपि, यतिखेर भने निर्माण कार्य तीव्र गतिमा भएपनि कहिले पूर्ण हुने हो ठेगान छैन। दैनिक करिब ३ सय ८० देखि ४ सय १० जनासम्म कामदार खटिएको बताइन्छ।

६ वर्षसम्म ठेकदार रमिते बनेको र पछिल्लो दुई महिनामा निर्माण कार्य निकै तीव्र गतिमा अघि बढेको, प्राविधिक टोली र कामदारहरू तीन सिफ्टमा निरन्तर काम गरिरहेको दावी गरिएको छ। सोही कारण अब करिब एकदेखि डेढ महिनाभित्र सम्पूर्ण भवनको काम सम्पन्न हुने अनुमान स्रोतको रहेको छ।

खसगरी भवन निर्माणमा समयमा नहुनु र लम्बिनुको मुख्य कारण उक्त स्थानमा यसअघि नेपाली सेनाको चण्डीदल गण तथा अर्को सैन्य युनिट रहेको थियो । त्यसैले उनीहरूलाई स्थानान्तरण गर्न केही समय लागेको अवस्था भनेर पन्छिने काम गरिएको छ। नयाँ स्थानमा आवश्यक संरचना निर्माण गरी उनीहरुलाई व्यवस्थित गर्न केही समय लागेको स्रोत बताउँछ

**सरकारलाई छैन थप आर्थिक भार**

समयको हिसाबले अलिकति बढी समय लागेपनि पनि थप आर्थिक भार भने सरकारलाई नथपिएको दावी गरिएको छ। यसअघि संसद बैठक सञ्चालनका लागि प्रयोग हुँदै आएको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र भने चीन सरकारले निर्माण गरिदिएको हो। सो भवन मूलतः सम्मेलन र अन्य कार्यक्रमका लागि निर्माण गरिएको बताइन्छ।

त्यसैले आगामी बिहीवार अर्थात २०८२ चैत १२ गते संसद सचिवालयले नव निर्वाचित सांसदहरुको समथग्रहणको कार्यक्रम तय गरिसकेको छ। शपथग्रहण पश्चात संविधानको बहुचर्चित धारा ७६ मा सरकार गठन हुने छ। रास्वपाले करिब दुई तिहाई जनमत पाएकोले उसकैको नेतृत्वमा एकल बहुमतको सरकार गठन गर्न मार्ग प्रशस्त भइसकेको छ।

संविधानको धारा ७६ (१) मा राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने र निजको अध्यक्षतामा मन्त्रिपरिषद् गठन हुनेछ भन्ने वाक्यश रहेको छ । सोही प्रावधान अनुसार राष्ट्रपतिले रास्वपाको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नुपर्नेछ। त्यसका लागि सर्वप्रथम सो दलले संसदीय दलको नेता चयन गर्नुपर्ने देखिन्छ। चैत १२ गते नव निर्वाचित सांसदहरुले शपथ लिएपछि दलको नेता चयन गर्ने तयारी सो दलले गरेको बुझिएको छ।

सरकार गठनसँगै राष्ट्रपतिले संसद्को अधिवेशन आव्हान गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। संविधानको धारा ९३ मा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको एक महिना भित्र राष्ट्रपतिले संघीय संसद्को अधिवेशन आह्वान गर्नुपर्ने प्रावधान राखिएको छ। जसका कारण राष्ट्रपति कार्यालयले २०८२ चैत १६ गते संघीय संसद्को अधिवेशन आव्हान गर्ने तयारी गरेको बताइन्छ। जसको सन्देश राष्ट्रपति कार्यालयले अनौपचारिक रुपमा राजनीतिक दलहरू र संघीय संसद सचिवालयलाई दिइसकेको सम्वद्ध स्रोत बताउँछ।

## रंग विरंग

### मृत घोषित वृद्ध ब्यूँझिएपछि हंगामा



*भारतको उत्तर प्रदेशस्थित एक सरकारी अस्पतालमा २०८२ चैत ४ गते एक अचम्मलाग्दो घटना घट्यो। ७२ वर्षीय एक वृद्धलाई चिकित्सकले मृत घोषणा गरेपछि परिवारले अन्त्येष्टिको तयारी गरिरहेका बेला उनी अचानक जीवित अवस्थामा फर्किए।*

*चिकित्सकहरूले उनको हृदयगति बन्द भएको भन्दै 'मृत' घोषणा गरेका थिए। परिवारले शव घर लैजाने तयारी गरिरहेको समयमा वृद्धको छाती चल्न थालेको देखियो। केहीबेरमै उनले आँखा खोल्दै प्रतिक्रिया दिन थालेपछि अस्पतालमा हड्कम्प मच्चियो।*

*यस घटनाले चिकित्सा प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ। विशेषज्ञहरूका अनुसार यस्तो अवस्था कहिलेकाहीँ 'सस्पेन्डेड एनीमेसन' वा अत्यन्त कमजोर जीवनचिन्हका कारण हुन सक्छ। तर, यस्तो घटना अत्यन्त दुर्लभ हुन्छ।*

*अस्पताल प्रशासनले प्रारम्भिक रूपमा 'प्राविधिक त्रुटि' हुन सक्ने स्वीकार गरेको छ र छानबिन सुरु गरिएको जनाएको छ। उता परिवारले चिकित्सकको लापरबाहीको आरोप लगाएको छ।*

*सामाजिक सञ्जालमा यो घटना तीव्र रूपमा फैलिएको छ। कतिपयले यसलाई 'मृत्युबाट फर्किएको' भन्दै चमत्कारको रूपमा व्याख्या गरेका छन् भने कतिपयले स्वास्थ्य सेवाको कमजोरीको रूपमा लिएका छन्।*

*यो घटनाले जीवन र मृत्युबीचको सीमाबारे गम्भीर प्रश्न उठाएको छ-के हामीले मृत्यु घोषणा गर्ने प्रक्रिया अझै सुधार गर्नुपर्ने अवस्था छ ?*

### आकाशबाट माछा वर्षा, गाउँ नै अचम्ममा



*अष्ट्रेलियाको उत्तरी क्षेत्रस्थित लाजामानु बस्तीमा २०८२ चैत ३ गते एक अनौठो घटना देखियो-आकाशबाट साना माछाहरू असिनासरी झरे। स्थानीय बासिन्दाहरूका अनुसार वर्षासँगै अचानक माछाहरू खस्न थालेपछि गाउँ नै आश्चर्यमा परेको थियो।*

*घटनाको समयमा मौसम सामान्यजस्तै देखिए पनि केहीबेरमै पानीसँगै जिउँदा माछाहरू जमिनमा वर्षिन थाले। मानिसहरू टोकरी र भाँडाकुँडा लिएर ती माछा संकलन गर्न सडकमा निस्किए।*

*वैज्ञानिकहरूले यसलाई 'फिश रेन' भन्ने प्राकृतिक घटना भएको बताएका छन्। शक्तिशाली पानीको भुमरी (waterspout) ले नदी वा तालबाट माछा तानेर आकाशमा लैजाने र पछि वर्षासँगै खसाल्ने गर्दछ। तर, यस्तो घटना अत्यन्त दुर्लभ मानिन्छ।*

*स्थानीय बासिन्दाहरूले यसलाई उत्सवजस्तै मनाए। बालबालिकाहरूले माछा समात्दै रमाइलो गरे भने केहीले भिडियो बनाएर सामाजिक सञ्जालमा सार्वजनिक गरे। यद्यपि विशेषज्ञहरूले यस्तो माछा खान सुरक्षित नहुन सक्ने चेतावनी दिएका छन्। पानीको स्रोत र प्रदूषणको अवस्थाले स्वास्थ्यमा असर पार्न सक्छ। यो घटना विज्ञानले व्याख्या गर्न सक्ने भए पनि प्रत्यक्ष देख्दा भने चमत्कारजस्तै लाग्ने खालको छ।*

### जंगलमा हराएका बालकलाई कुकुरले बचायो



*अमेरिकाको ओरेगन राज्यमा २०८२ चैत ५ गते तीन दिनदेखि हराएका ५ वर्षीय बालक जीवित अवस्थामा भेटिएपछि सबैजना अचम्ममा परेका छन्। अझ रोचक कुरा-उनको साथमा रहेको एउटा कुकुरले उनको ज्यान जोगाएको विश्वास गरिएको छ।*

*बालक २०८२ चैत २ गते घर नजिकैको जंगलमा हराएका थिए। परिवार र सुरक्षाकर्मीहरूले व्यापक खोजी अभियान सञ्चालन गरे पनि दुई दिनसम्म कुनै पत्ता लागेन। आशा लगभग समाप्त भइसकेको अवस्थामा तेस्रो दिन बिहान बालक जंगलभित्र भेटिए। बालक कमजोर अवस्थामा भए पनि सुरक्षित थिए। उनीसँगै एउटा स्थानीय कुकुर थियो, जसले उनीसँगै बसेर रात बिताएको थियो। बालकले बताए अनुसार कुकुरले उनलाई न्यानो बनाइराख्न मद्दत गरेको थियो।*

*विशेषज्ञहरूका अनुसार, यस्तो अवस्थामा सानो बालक बाँच्नु अत्यन्त कठिन हुन्छ। चिसो, भोक र जंगली जनावरको जोखिम उच्च हुन्छ। तर, कुकुरको साथले बालकलाई जीवित रहन सहयोग पुगेको अनुमान गरिएको छ। घटना सार्वजनिक भएपछि कुकुरलाई 'हिरो' भन्दै सामाजिक सञ्जालमा व्यापक प्रशंसा भइरहेको छ। यो घटनाले देखाउँछ– कहिलेकाहीँ जीवन जोगाउने शक्ति अप्रत्याशित ठाउँबाट आउँछ।*

## फेसबुक सामाजिक सञ्जाल फेसबुक सामाजिक सञ्जाल

### मरिचमान सूत्र : इन्धन बचाऔं !



२०४५ सालमा भारतले नाकाबन्दी लगाएको थियो। प्रधानमन्त्री मरिचमान हुनुहुन्थ्यो। अत्यावश्यक वस्तुको अभाव हुन नदिन सन्देश बज्थ्यो-'मितव्ययी बनौं।' सबै मितव्ययी भए। नाकाबन्दीले ठूलो असर गरेन। बिस्तारै सहज भयो। आज विश्वमा चलिरहेका युद्धहरू हेर्दा फेरि मरिचमान-सूत्र कडाइका साथ अपनाउनुपर्ने देखिन्छ-मितव्ययी बनौं।

निजी गाडी अत्यावश्यक भएमा मात्र चलाऔं, सार्वजनिक सवारी सञ्चालन गरौं।

ठूला-ठूला पार्टी/भोजभतेर रोकौं, खाना फाल्ने काम नगरौं।

सरकारी गाडीमा सिंगल सवारी रोकौं, कर्मचारीले सामूहिक यात्रा गरौं।

अनावश्यक बिजुली नबालौं, अत्यावश्यक उद्योग सञ्चालन गरौं।

फजुल खर्च घटाऔं, अत्यावश्यक औषधिको उत्पादन बढाऔं।

उत्पादन क्षेत्रमा लगानी बढाऔं। श्रम गरौं। स्वस्थ बनौं। आत्मनिर्भर होऔं।


आफ्ना लागि मात्र भण्डार नगरौा, सबैले बााडेर लिऔं, बाँडेर खाऔं।

सिरियस है-मितव्ययी बनौं। आफू बाँचौं। अरूलाई बाँचाऔं !

तत्कालीन प्रधानमन्त्री मरिचमान श्रेष्ठको बारेमा तपाईंको धारणा/सम्झना के छ ? कमेन्टनोस् है।

*-मनोज गजुरेल*

### निजी स्वतन्त्रता र लोकतान्त्रिक मर्यादा ?



सेलफोन, ल्यापटप, पर्स, खाना, पोसाक भनेका संसारमै मानिसका नितान्त निजी छनोट, अधिकार र तजबिजी चिज हुन्, जस माथि जेलमा बाहेक अन्यत्र अरू कसैको नियन्त्रण र निर्देशन मानवअधिकार हनन हो।


सेलफोनमा साइलेन्ट मोड या एयरप्लेन मोड पनि हुन्छ। घन्टी पार्टीलाई फोनको घन्टीसँग एलर्जी हो भने 'तरंग मोड'मा पनि त राख्न सकिन्छ।

अर्को कुरा, संस्कार पनि हो। सिनेमा हलमा त बाकायदा फोन लैजान पाइन्छ। मैले आजसम्म सिनेमा चल्दाहुँदा हलमा दर्शकको फोनको घन्टी बजेको, अपवादबाहेक, सुनेको छैन। घन्टी पार्टीका : एमपी सिनेमा हेर्ने दर्शक जत्ति पनि संस्कारी होइनन् भने भन्नु केही छैन। तर, मानिसको निजी आयामको जिम्मेवारी ऊ आफैं हो, अरूले डिक्टेट गर्ने होइन।

फेरि अर्को कुरा, देश र जनताका लागि काम गर्ने हो भने लोकतन्त्रमा केको गोप्यता ? खुफिया एजेन्सी, कुनै टास्क फोर्स या वार रूमको बैठक हो र ?

*-कुसुम बिन्दास*

### युद्धभूमिका विजेता पर्साका सरदार रन्जित चौधरी



१) नेपाल-अङ्ग्रेज युद्ध (वि.सं. १८७१-७२) मा अङ्ग्रेज सेनाका जनरल बेनेट मार्लेले तीन बाहिनी फौजको नेतृत्व गरेर काठमाडौं उपत्यकाबाट दक्षिणतर्फ रौतहट-बारा-पर्सा मोर्चाबाट एकैपटक नेपाली सेनामाथि आक्रमण गरेका थिए। अङ्ग्रेज सेनाका जनरल बेनेटको आक्रमणको प्रतिकार नेपाली सेनाका कर्णेल (पछि जनरल पद पाएका) रणवीरसिंह थापाको नेतृत्वको सैनिक दलले गरेको थियो। रौतहट-बारा-पर्सा युद्ध मोर्चामा भएको त्यस युद्धका क्रममा सन् १८१४ डिसेम्बर २९ को मध्यरातमा दुई सेनाबीच पर्सागढीमा भीषण युद्ध भएको थियो। त्यस युद्धमा नेपाली सेनाका धेरै योद्धाहरूले सीमित स्रोत-साधनका बीच असाध्यै वीरता प्रदर्शन गरेका थिए।



२) नेपाली सेनामा रहेर अङ्ग्रेज सेनाविरुद्धको त्यस युद्धमा लड्ने र स्थान विशेषमा सेनाका लागि रासन-पानीको समेत व्यवस्था गर्ने नेपाली सेनाका धेरै सैनिकमध्ये एक थिए-रन्जित चौधरी। रन्जित चौधरी नेपालको दक्षिणी भूभाग पर्साका निवासी थिए। उनको निवासस्थल हाल पर्सा जिल्लाको पर्सागढी नगरपालिका वडा नं. २ मा पर्दछ।

३) सरदार रन्जितले नेतृत्व गरेको सेना र स्थानीयको सहयोगमा त्यस युद्धमा नेपालमाथि आक्रमण गर्न आएका धेरै संख्याका अङ्ग्रेज अर्थात् शत्रु सैनिकलाई सिध्याउन सफलता प्राप्त भएको थियो। खासगरी पर्सागढीमा भएको त्यस युद्धमा रन्जित चौधरीले ठूलो वीरता प्रदर्शन गरेका थिए। युद्धमा देखाएको योगदानप्रति रन्जित चौधरीका सन्तान-दर सन्तानलाई जीविकोपार्जनका खातिर धेरै जग्गा बक्सिस दिइएको थियो।

४) सैनिक इतिहासमा यी रन्जितबारे पहिलो पटक मैले नै सोधखोज गरेको हुँ। उनको तस्बिर मैले काल्पनिक रूपमा आफैले बनाउन लगाएको थिएँ। त्यो तस्बिर अहिले प्रचलनमा रहेको छ।

*- प्रेमसिंह बस्न्यात*

### युद्ध लम्बिंदै, नेपालमा महँगी चर्किंदै



बिस्तारै इरान-इजरायल युद्धको असर विश्वका अधिकांश मुलुकमा पर्दै गईरहेको छ। नेपाल यसबाट अछुतो रहने कुरै भएन। ग्यासको अभाव सिर्जना भएको छ। पेट्रोलियम पदार्थको मूल्य आकासिंदै छ, जसले क्रमिक रूपमा दैनिक उपभोग्य वस्तु तथा सेवाको मूल्यवृद्धि हुँदै जानेछ। औद्योगिक कच्चा पदार्थको अभाव हुादै गईरहेको छ, औद्योगिक कच्चा पदार्थको ढुवानी खर्च बढेको छ, उद्योगको उत्पादन लागत वृद्धि भइरहेको छ, पेट्रोलियम पदार्थबाट बन्ने औद्योगिक कच्चा पदार्थको अभाव भएको छ। युद्ध लम्बिादै जाँदा विश्वको सप्लाई चेनमा गम्भीर धक्का लाग्नेछ। अब बिस्तारै हामी नाकाबन्दीमा जस्तो आत्मनिर्भरमुखी अर्थतन्त्रको कुरा गर्छौं, केही समय राष्ट्रवादी हुन्छौं, अनि पछुताप गर्छौं।

यदि हामी कृषिमा आत्मनिर्भर भएको भए, यदि सरकारले पेट्रोलियम पदार्थको राजस्वको लोभ नगरेर विद्युतीय सवारीलाई अझ प्राथमिकता दिएको भए, ग्यासलाई विद्युतीय चुलोले विस्थापित गरेको भए, केही मात्रामा भए पनि पेट्रोलियम पदार्थ र ग्यास उत्खनन् गर्न सकेको भए, काठमाडौं-तराई विद्युतीय रेल सञ्चालन गर्न सकेको भए। विदेशबाट पठाएको रेमिट्यान्सबाट आयात गरेर, आयातबाट सरकारले राजस्व उठाएको पैसाले तलब खाइरहने, उत्पादनमा जोड नदिंदा मुलुक आर्थिक रूपमा खोक्रो भइसकेको अवस्था छ। यस्तो अवस्थामा विदेशमा काम गरिरहेका सबै (चालीस लाख)नेपाली देश फर्केर रेमिट्यान्स ठप्प भए मुलुक कहाँ पुग्ला ?

*-प्रवलजंग पाण्डे*

### दोहोरो सुविधा विवादमा ११ प्राज्ञ पराजित



सरकारी पेन्सन लिइरहेका यी ११ जना प्राज्ञहरुले पनि दोहोरो सुविधा नपाउने भएका छन्। सर्वोच्च अदालतका न्यायाधीशहरु मनोजकुमार शर्मा र नृपध्वज निरौलाको संयुक्त इजलासले २०८२ चैत १ गते आइतबार यी ११ जना विद्वानले दोहोरो भत्ता नपाउने भनि प्रज्ञा प्रतिष्ठानले गरेको निर्णय सदर गरेको छ।

कुलपति भूपाल राईको अध्यक्षतामा २०७९ फागुन ११ गते बसेको बैठकले यस्तो दोहोरो भत्ता रोक्ने राम्रो निर्णय गरेको थियो। प्रतिकृयास्वरुप दोहोरो भत्ता पाऊा भनी उनीहरुले सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए।

- प्रा.डा. वासुदेव त्रिपाठी
- प्रा.डा. चूडामणि बन्धु रेग्मी
- गङ्गाप्रसाद उप्रेती
- प्रा.डा. योगेन्द्रप्रसाद यादव
- तीर्थबहादुर श्रेष्ठ
- आर. डी. 'प्रभास' चटौत
- अशेषकुमार मल्ल
- डा. धुवचन्द्र गौतम
- तोया गुरुङ
- तुलसी दिवस
- शशीविक्रम शाह।



*-खिलध्वज थापा*

# राजस्व अनुसन्धानको दरबारभित्र 'घुस धुने' कथित खेल
## डीजीको कुर्सीदेखि रिसोर्टको कर्जा र जग्गा–७० लाखको कथित ट्रेल

● साँघु संवाददाता

**काठमाडौं । राज्यका केही कार्यालय केवल प्रशासनिक संस्था मात्रै हुँदैनन्, तिनले राज्यको अनुहार बोकिरहेका हुन्छन् । तिनको कुर्सीमा बस्ने मानिस एउटा व्यक्ति मात्र हुँदैन, ऊ राज्यको अधिकार, कानूनको कठोरता र सार्वजनिक विश्वासको प्रतिनिधि पनि हुन्छ । राजस्व अनुसन्धान विभाग यस्तै संस्था हो–जहाँको भूमिका कर छल्ने, राजस्व चुहावट गर्ने, राज्यको स्रोत लुट्ने र कानूनी दायित्वबाट भाग्ने प्रवृत्तिविरुद्ध कठोर निगरानी गर्नु हो । तर, जब यही निकायको नेतृत्व तहमा बसेका व्यक्तिमाथि उल्टै छानबिनबाट जोगाइदिने नाममा घुस खाने, त्यस घुसलाई बैंकिङ तहहरू हुँदै कर्जा र जग्गामा बदल्ने, अनि अवैध रकमलाई वैध देखाउने कोशिश गरेको आरोप लाग्छ, त्यतिबेला घटना एउटा व्यक्तिको मात्र रहँदैन, त्यो राज्य संरचनाभित्रको सडाँधको साक्ष्य बन्न पुग्छ ।**

राजस्व अनुसन्धान विभागका तत्कालीन महानिर्देशक झलक राम अधिकारीविरुद्ध दायर भएको भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा यस्तै प्रकृतिको विस्फोटक फाइल हो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दायर गरेको आरोपपत्रमा अधिकारीले एच.के. इन्टरप्राइजेज प्रा.लि.सँग सम्बन्धित राजस्व चुहावटसम्बन्धी छानबिन तथा अन्य सम्भावित कसुरबाट सहजीकरण गरिदिने बदलामा ७० लाख रुपैयाँ घुस/रिसवत लिएको दाबी गरिएको छ । अख्तियारको कथन यत्तिमै सीमित छैन ।

आयोगका अनुसार, उक्त घुसको रकमलाई आफ्नो नाममा प्रत्यक्ष नदेखाई देवेन्द्र के.सी., विकास कुमार चापागाई, रविन्द्र लामिछानेलगायत व्यक्तिको सहायताले विभिन्न बैंक खातामा दाखिला, रकमान्तर, तहिकरण र रूपान्तरण गर्दै अन्ततः रिसोर्टको कर्जा भुक्तानी तथा भक्तपुरको अचल सम्पत्तिमा लगानी गरिएको थियो ।

यसै कारण अख्तियारको यो फाइल केवल घुसकाण्ड होइन, "घुसको व्यवस्थापन काण्ड" हो । यहाँ प्रश्न रकम लिइयो कि लिएन भन्ने एक तहको मात्र छैन, त्यो रकम कसरी नदेखाउने, कसरी विखण्डन गर्ने, कसरी घुमाउने, र अन्ततः कसरी स्थिर सम्पत्तिमा रूपान्तरण गर्ने भन्ने आर्थिक संरचना नै अख्तियारले अदालतमा पेश गरेको छ । आरोप सत्य सावित भए, यो एउटा प्रशासनिक भ्रष्टाचारको सामान्य घटना नभई सार्वजनिक पद, निजी दलाली र आर्थिक धुन्धुकारीको संगठित गठजोडको उदाहरण बन्नेछ ।

**मुद्दाको केन्द्र : 'सहजीकरण' को मूल्य ७० लाख ?**

अख्तियारको आरोपपत्रअनुसार एच.के. इन्टरप्राइजेज प्रा.लि. राजस्व अनुसन्धान विभागको निगरानी, छानबिन वा कारबाहीको दायरामा रहेको कम्पनी थियो। उक्त कम्पनीका सञ्चालक श्रीकृष्ण श्रेष्ठ बिज्यूले राजस्व चुहावटसम्बन्धी छानबिन तथा अन्य सम्भावित कसुरबाट जोगिने वा कम्तीमा प्रक्रियालाई आफूअनुकूल बनाउने प्रयोजनका लागि तत्कालीन महानिर्देशक झलक राम अधिकारीसँग 'सहजीकरण' खोजेको आयोगको अनुसन्धान रिपोर्टको दाबी छ ।

"सहजीकरण" भन्ने शब्द नेपाली प्रशासनिक संस्कृतिमा अत्यन्त कुख्यात बनेको छ । सामान्य अर्थमा यो प्रक्रिया छिटो बनाउन, कार्यालयगत समन्वय गर्न वा सेवाग्राहीलाई सहयोग गर्न प्रयोग हुने शब्द हो । तर, व्यवहारमा यो शब्दले धेरै पटक "पैसा तिरेर समस्या मिलाउने", "कारबाहीलाई नरम बनाउने", "फाइललाई आफ्नो पक्षमा घुमाउने", "प्रहरी-प्रशासन-नियामक संयन्त्रसँग सेटिङ गर्ने" अर्थ बोक्ने गरेको छ । यही सन्दर्भमा हेर्दा झलक राम अधिकारीविरुद्धको मुद्दाले "सहजीकरण" शब्दको सरकारी मुखुण्डोभित्र लुकेको आपराधिक अर्थलाई नाङ्गो बनाइदिएको छ ।

अख्तियारले दाबी गरेको ७० लाख रुपैयाँको संरचना दुई भागमा विभाजित छ-पहिलो २० लाख र दोस्रो ५० लाख । यी दुवै अंशको ट्रेल फरक छ, तर अन्तिम उद्देश्य एउटै देखाइन्छ-घुसको स्रोत लुकाउनु, पैसा घुमाउनु, अनि त्यसलाई वैध आर्थिक गतिविधिमा मिसाउनु ।

**पहिलो चरण : २० लाखको सूक्ष्म लेयरिङ**

अख्तियारका अनुसार २०७९ साउन २४ गते एच.के. इन्टरप्राइजेज प्रा.लि.को खाता नम्बर I३०१०१०००१३१३ (हाल कायम १७४०१०१०००१३१३) बाट तीनवटा अलग-अलग चेक जारी गरिए । तीमध्ये ममता पुरीको नाममा ७ लाख, मिसन लामिछानेको नाममा ६ लाख, र देवराज अर्यालको नाममा ७ लाख रुपैयाँका चेक थिए । जम्मा रकम २० लाख ।

आरोपपत्रको सबैभन्दा रोचक र गम्भीर पक्ष के हो भने यी तीनै नामधारीहरू द कुटी रिसोर्ट प्रा.लि.का कर्मचारी बताइएका छन्, तर रकमको अन्तिम गन्तव्य ती कर्मचारी होइनन् । आयोगका अनुसार यी तीनवटै चेक द कुटी रिसोर्ट प्रा.लि.का कर्मचारी देवराज अर्यालमार्फत सोही दिन प्रतिवादी देवेन्द्र के.सी.को लुम्बिनी विकास बैंकस्थित व्यक्तिगत खातामा जम्मा गरियो ।

यहींबाट "साधारण कारोबार" को कथा "घुसको तहीकरण" मा बदलिन्छ । यदि रकम सिधै झलक राम अधिकारीलाई दिनुपर्दथ्यो भने त्यो जोखिमपूर्ण हुन्थ्यो । यदि सिधै देवेन्द्र के.सी.को खातामा एच.के. इन्टरप्राइजेजबाट ठूलो रकम पठाइन्थ्यो भने त्यो पनि शंकास्पद हुन्थ्यो । त्यसैले रकमलाई तीन भागमा तोडियो, नाम तेस्रो व्यक्तिका राखियो, कर्मचारीको आवरण बनाइयो, र अन्ततः देवेन्द्र के.सी.को खातामा राखियो भन्ने आयोगको कथन छ ।

अख्तियारका अनुसार त्यति गरेर मात्र रोकिएन। देवेन्द्र के.सी.ले उक्त रकमलाई फेरि द कुटी रिसोर्ट प्रा.लि.को बैंकिङ दायित्वतर्फ लगाएर स्वरूप परिवर्तन गरे । आरोपपत्रमा उल्लेख भएअनुसार रकम द कुटी रिसोर्ट प्रा.लि.को लुम्बिनी विकास बैंकस्थित अधिविकर्ष (ओभरड्राफ्ट) कर्जा र आवधिक (फिक्स्ड टर्म) कर्जा तिर्न प्रयोग गरिएको थियो ।

**यसको अर्थ के हो ?**

राज्यको नियामक विभागको प्रमुखले नै शक्तिको दुरूपयोग गरेर लिइएको भनिएको घुसको रकम अन्ततः एउटा निजी व्यवसायिक प्रतिष्ठानको ऋण निपटानमा प्रयोग गरिएको थियो । यो बिन्दु साँघु साप्ताहिक शैलीमा लेख्नु र भन्नुपर्दा अझ खतरनाक छ-राज्यको कठोरता बेचेर कमाइएको कथित पैसा निजी रिसोर्टको श्वास फेर्ने नली बनाइयो । राज्यको अनुशासनबाट भाग्न खोज्ने पैसाले निजी कम्पनीको कर्जा बोक्यो । यसले भ्रष्टाचारलाई केवल "व्यक्तिगत लोभ" मा सीमित नराखी "संगठित आर्थिक साझेदारी" को रूप दिन्छ ।

**दोस्रो चरण : ५० लाखको स्थूल रूपान्तरण**

पहिलो २० लाख रिसोर्टतर्फ गयो भने दोस्रो ५० लाखको ट्रेल अझ भारी छ । अख्तियारका अनुसार २०७९ असोज २७ गते श्रीकृष्ण श्रेष्ठ बिज्यूले एच.के. इन्टरप्राइजेजकै खाताबाट विकास कुमार चापागाईको नाममा ५० लाख रुपैयाँको चेक जारी गरे । आयोग भन्छ-विकास चापागाई श्रीकृष्ण श्रेष्ठका चिनजानका व्यक्ति होइनन् उनी झलक राम अधिकारीले घुस रकम व्यवस्थापन गर्न प्रयोग गरेका व्यक्ति हुन् ।

उक्त चेक विकास कुमार चापागाईले आफ्नो लक्ष्मी बैंकको खाता नम्बर ०६२२०००१६४३ मा दाखिला गराए । त्यसको तीन दिनपछि, अर्थात् २०७९ असोज ३० गते, चापागाईले नरेन्द्र प्रसाद न्यौपानेको नाममा ५० लाख रुपैयाँको चेक काटे। आयोगका अनुसार त्यो चेक प्रतिवादी रविन्द्र लामिछानेलाई हस्तान्तरण गरियो । यही रकम, कमल खरेललाई बैना वापत गएको भनिएको ३० लाख र अन्य रकमसमेत जोडेर कुल २ करोड ६७ लाख रुपैयाँको भुक्तानी संरचना बनाइयो, जसबाट भक्तपुर जिल्ला, मध्यपुर थिमी नगरपालिका-१७ स्थित दिव्यश्वरी आयोजनाभित्रको कि.नं. ९९८, क्षेत्रफल १६४.१४ वर्गमिटर जग्गा खरिद गरियो ।

**जग्गा रविन्द्र लामिछानेको नाममा किन ?**

यस प्रश्नको जवाफ अख्तियारले प्रत्यक्ष रूपमा "झलक राम अधिकारीसँगको मिलेमतो" मा खोजेको छ । आयोगका अनुसार ५० लाख रुपैयाँ घुसको रकम रविन्द्र लामिछानेको नाममा खरिद गरिएको उक्त जग्गामा लगानी गराई स्वरूप परिवर्तन गरिएको थियो । अर्थात् नगद वा चेकको रूपमा देखिने रकमलाई अचल सम्पत्तिमा रूपान्तरण गरियो, जसले गैरकानुनी स्रोत लुकाउन सजिलो बनाउँछ ।


नेपालको भ्रष्टाचार-संस्कृतिमा नगदभन्दा जग्गा सुरक्षित मानिन्छ । नगद बोल्छ, बैंक खाताले छाप छोड्छ, तर जग्गा एकपटक नामसारी भएपछि त्यो वैध लगानीजस्तो देखिन सक्छ । यही मनोविज्ञानलाई अख्तियारले आफ्नो आरोपमा समातेको देखिन्छ-घुसको रकमलाई बैंकिङ तहहरू हुँदै जग्गामा बदलियो, ताकि एक दिन त्यो "सामान्य सम्पत्ति" जस्तो देखियोस् ।

घुसको कथित नक्सा : नाम अर्काको, लाभ अन्ततः सञ्जालकै यो मुद्दाको आर्थिक संरचना हेर्दा मुख्य पात्रहरू तीन तहमा देखिन्छन् ।

**पहिलो**, स्रोत पक्ष-एच.के. इन्टरप्राइजेज प्रा.लि. र त्यसका सञ्चालक श्रीकृष्ण श्रेष्ठ बिज्यू ।

**दोस्रो**, प्रशासनिक पहुँच पक्ष–तत्कालीन महानिर्देशक झलक राम अधिकारी ।

**तेस्रो**, व्यवस्थापन/तहीकरण पक्ष–देवेन्द्र के.सी., विकास कुमार चापागाई, रविन्द्र लामिछाने आदि ।



अख्तियारले मूलतः यही तर्क गर्दैछ कि झलक राम अधिकारीले आफ्नो सरकारी हैसियतको प्रभाव प्रयोग गरी राजस्व छानबिनलाई सहजीकरणको वस्तु बनाए । श्रीकृष्ण श्रेष्ठ बिज्यूले त्यस 'सेवा' को मूल्य तिरे । र, त्यसपछि रकमलाई प्रत्यक्ष नदेखिने ढंगले विभिन्न व्यक्तिको नाम, बैंक, कर्जा, चेक र सम्पत्तिमार्फत व्यवस्थापन गरियो । यसरी हेर्दा यो कुनै एउटा आकस्मिक नगद लेनदेन होइन, एउटा योजनाबद्ध आर्थिक सेतु हो-कार्यालयदेखि बैंकसम्म, बैंकदेखि व्यवसायसम्म, व्यवसायदेखि जग्गासम्म ।

यही कारणले अख्तियारले देवेन्द्र के.सी. र रविन्द्र लामिछानेलाई केवल सहायक पात्र होइन, मुख्य कसुरदारका मतियारका रूपमा देखाएको छ । देवेन्द्रतर्फ २० लाखको व्यवस्थापन, रविन्द्रतर्फ ५० लाखको जग्गा रूपान्तरण-यी दुवै कदम कथित घुसलाई "दृश्यबाट हटाउने" र "सम्पत्तिमा रूपान्तरण गर्ने" नक्साका आवश्यक भागजस्तो देखाइएका छन् ।

**भ्रष्टाचार मात्र होइन,**
**सम्पत्ति शुद्धीकरणको आरोप किन ?**

नेपालमा धेरैजसो घुसकाण्डहरू भ्रष्टाचार निवारण ऐनमै सीमित हुन्छन् तर जब अवैध रकमलाई अलग-अलग तहमा घुमाएर स्वरूप परिवर्तन गर्ने, स्रोत लुकाउने, स्वामित्व छल्ने, वैध आर्थिक गतिविधिमा मिसाउने र अचल सम्पत्तिमा परिणत गर्ने संरचना भेटिन्छ, त्यसपछि मुद्दा मनी लाउन्डरिङतर्फ जान्छ।अख्तियारले यही कानुनी बाटो समातेको छ । आयोगका अनुसार घुस/रिसवतबाट आर्जित ७० लाख रुपैयाँ "कसुरबाट प्राप्त सम्पत्ति" हो । त्यसलाई प्रत्यक्ष स्रोतबाट काटेर तेस्रो पक्षका खातामा हालियो, रकमान्तर गरियो, कर्जा तिरियो, अनि अचल सम्पत्तिमा बदलियो। यिनै कार्यहरूलाई आयोगले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३(१) का देहाय (क), (ख), (ग) र दफा ३(३) अन्तर्गत पर्ने कसुर मानेको छ ।

भ्रष्टाचारको पैसा शुद्धीकरण गरिएको भन्नुको राजनीतिक अर्थ अझ गहिरो हुन्छ । यसको मतलब त्यो पैसा "लियो" मात्र होइन, "लुकायो" पनि । "आर्जन" मात्र होइन, "आकृति परिवर्तन" पनि । "कबुल" गर्ने बाटो होइन, "अदृश्य" बनाउने बाटो रोजियो भन्ने आरोप हो । यही कारण यो फाइल केवल विभागीय अनुशासनको विषय नबनी राष्ट्रिय तहको संस्थागत बेइमानीको दस्तावेज बन्न पुगेको छ ।

**जफतको माग : जग्गा, कर्जा र बिगो**

अख्तियारले झलक राम अधिकारीमाथि ७० लाख रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम सजाय, बिगोबमोजिम जरिबाना, तथा सार्वजनिक पदधारी भएकाले थप सजायको माग गरेको छ । साथै, अधिकारीसँगको मिलेमतोमा रविन्द्र लामिछानेको नाममा खरिद गरिएको भक्तपुरको जग्गा जफत गर्न र देवेन्द्र के.सी.तर्फ कर्जा भुक्तानीमा लगाइएको २० लाख बराबरको रकम असुल गर्न माग गरिएको छ ।

देवेन्द्र के.सी.माथि २० लाख रुपैयाँको गैरकानुनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियारको आरोप छ । रविन्द्र लामिछानेमाथि ५० लाख रुपैयाँ लगानी गरी घुसको रकम जग्गामा रूपान्तरण गरेको आरोप छ । सम्पत्ति शुद्धीकरणतर्फ पनि झलक राम अधिकारीमाथि ७० लाख, देवेन्द्र के.सी.माथि २० लाख, र रविन्द्र लामिछानेमाथि ५० लाख बिगो कायम गरी सजाय तथा जफत/असुलको माग गरिएको छ ।

**यो मुद्दाले उठाएको सबैभन्दा ठूलो प्रश्न**

यो फाइल पढ्दा सबैभन्दा ठूलो प्रश्न झलक राम अधिकारी दोषी हुन् कि होइनन् भन्नेभन्दा पनि ठूलो छ-के हाम्रो राजस्व प्रशासनभित्र यस्तो "सहजीकरण संस्कार" संस्थागत हुँदै गएको छ ? राजस्व चुहावट रोक्ने निकायको नेतृत्व तहमा बसेको व्यक्तिले यदि अनुसन्धान, कारबाही वा नियमनलाई सौदाबाजीको विषय बनाउन सक्छ भने त्यसको अर्थ नियामक राज्य कमजोर भइसक्यो भन्ने हो ।

यदि राज्यका निकायहरू अनुसन्धान बेच्न थाले भने कानुन शक्तिशालीका लागि दरमूल्य, कमजोरका लागि दण्ड, र आम नागरिकका लागि मात्र डरको साधन बन्छ । यदि सरकारी निर्णय र छानबिन पैसाको प्रभावमा नरम-कडा हुन थाले भने कर प्रणालीको नैतिक जग नै भत्किन्छ । त्यसपछि कर तिर्ने इमानदार व्यापारी मूर्ख देखिन्छ र फाइल मिलाउने चतुर व्यापारी 'सफल' देखिन्छ ।

नेपालको प्रशासनिक संरचनामा यही रोग वर्षौंदेखि फैलिएको छ-कानून एकातिर, व्यवहार अर्कातिर। फाइल चलाउने शक्ति, रोक्ने शक्ति, डराउने शक्ति र बचाउने शक्ति-यी सबै राज्यका औपचारिक अधिकार हुन् । तर, जब यही अधिकार निजी लाभको बजारमा प्रवेश गर्छ, तब भ्रष्टाचार सामान्य अपराध नबनी शासन पद्धतिको विकल्पजस्तो देखिन थाल्छ । झलक राम अधिकारीमाथिको मुद्दाले यही भयावह सन्देश बोकेको छ ।

**राजस्व अनुसन्धान विभागमाथि नै**
**किन गम्भीर प्रश्न ?**

राजस्व अनुसन्धान विभाग सामान्य प्रशासनिक शाखा होइन । यहाँबाट हुने कामले देशको राजस्व प्रणाली, आर्थिक अनुशासन, व्यापारिक संस्कार र राज्यको वित्तीय सुरक्षा निर्धारण हुन्छ । यस्तो निकायमा कसलाई कहिले बोलाउने, कसको फाइल कति कडा हेर्ने, कसलाई अनुसन्धानको दायरामा राख्ने, कसरी बयान लिने, कागजपत्र कति तानेर हेर्ने, कुन प्रकरणलाई कति अगाडि बढाउने–यी सबै शक्तिशाली निर्णयहरू हुन् । यिनै निर्णयहरू यदि निष्पक्ष र कानूनी मापदण्डले होइन, "सहजीकरण" ले निर्देशित भए भने त्यहाँबाट न्याय होइन, असमान सौदाबाजी जन्मन्छ ।

यहींबाट अर्को राजनीतिक प्रश्न उठ्छ-के यस्तो काम कुनै एक व्यक्तिले मात्रै गर्न सक्छ ? कुनै पनि उच्च सरकारी अधिकारीले यस्तो संरचना चलाउन कार्यालयभित्रको मौन संस्कृति, बाहिरको दलाल सञ्जाल, बैंकिङ प्रयोगको विश्वास, र केही ' विश्वस्त' पात्रहरूको सहयोगबिना काम गर्न सजिलो हुँदैन । त्यसैले यो मुद्दाको नैतिक दायरा झलक राम अधिकारीको व्यक्तिगत कठघरामा सीमित रहँदैन, यसले विभागभित्रको कार्यसंस्कृति, निगरानी संयन्त्र, आन्तरिक शुचिता, र राजनीतिक संरक्षणका प्रश्न पनि उठाउँछ ।

**रिसोर्ट, बैंक र जग्गा :**
**किन महत्त्वपूर्ण छन् यी तीन शब्द ?**

यस प्रकरणमा तीनवटा शब्द अत्यन्त अर्थपूर्ण छन्-रिसोर्ट, बैंक र जग्गा । रिसोर्ट किनकि २० लाख रकम निजी कम्पनीको कर्जा तिर्न प्रयोग भएको आरोप छ। यसले भ्रष्टाचारको पैसा केवल व्यक्तिगत उपभोगमा नभई व्यावसायिक राहतमा प्रयोग भएको संकेत दिन्छ । बैंक किनकि सम्पत्ति शुद्धीकरणको मुख्य साधन बैंकिङ तहिकरण नै थियो–चेक, खाता, दाखिला, रकमान्तर, तेस्रो व्यक्ति, पुनः चेक ।

जग्गा किनकि अन्तिम स्थिर आश्रय अचल सम्पत्ति हो। नेपालमा अवैध कमाइ लुकाउने सबैभन्दा प्रिय माध्यम जग्गा मानिँदै आएको छ । एकपटक रकम जग्गामा बदलियो भने स्रोत धुमिल हुन्छ, मूल्य समयसँगै बढ्छ, र स्वामित्वलाई सामान्य देखाउन सजिलो हुन्छ ।

अख्तियारको आरोपपत्रमा यी तीनवटै तत्व एकै फाइलमा जोडिनु संयोग होइन। यिनले भ्रष्टाचारको आधुनिक स्वरूप देखाउँछन्–अब घुसको रकम आलमारीमा राखिने युग घट्दो छ । बैंकमार्फत घुमाएर, व्यवसायमा मिसाएर, रियल इस्टेटमा थन्क्याउने प्रवृत्ति शक्तिशाली हुँदै गएको संकेत यस मुद्दाले दिएको छ ।

**कानूनी लडाइँ अगाडि, नैतिक फैसला पहिले**

अब यो मुद्दा अदालतमा जान्छ । प्रतिवादीहरूले आरोप अस्वीकार गर्नेछन्, प्रमाणको व्याख्या हुनेछ, बैंकिङ कागजात, चेक, खाताको ट्रेल, नामसारी, कर्जा भुक्तानी, सम्बन्ध-सञ्जाल, मनसाय र मिलेमतो–सबै विषयमा कानुनी बहस हुनेछ । अदालतले अन्तिम फैसला गर्छ। त्यो प्रक्रिया आफ्नो ठाउँमा छ ।

तर, सार्वजनिक जीवनमा नैतिक फैसला अदालतको निर्णय आउनुअघि पनि सुरु भइसकेको हुन्छ । राजस्व अनुसन्धान विभागका तत्कालीन महानिर्देशकमाथि छानबिनबाट जोगाइदिने बदलामा ७० लाख घुस लिएको र त्यसलाई धुने प्रयास गरेको आरोप लाग्नु मात्र पनि सामान्य घटना होइन ।

**यो आरोपले राज्यको विश्वसनीयता घाइते बनाएको छ ।**
**यसले कर्मचारी संयन्त्रको चरित्रमाथि प्रश्न उठाएको छ ।**
**यसले व्यवसाय-प्रशासन सम्बन्धको अँध्यारो रूप देखाएको छ ।**
**यसले नियामक निकायहरूभित्र निजी सौदाबाजीको गन्ध कति तीव्र छ भन्ने संकेत दिएको छ ।**

**साँघुको निष्कर्ष**

झलक राम अधिकारीविरुद्धको यो मुद्दा केवल एउटा भ्रष्ट अधिकारीको कथित लोभको कथा होइन। यो राज्यको नियामक अधिकार कसरी निजी सौदामा बदलिन सक्छ भन्ने पाठ हो । यो कार्यालय प्रमुख, व्यावसायिक घराना, बैंकिङ प्रक्रिया, तेस्रो पक्षका नाम, कम्पनीको ऋण र जग्गा कारोबार जोडिँदा कसरी "सिस्टम" तयार हुन्छ भन्ने दस्तावेज हो ।

यदि आरोपहरू अदालतमा प्रमाणित भए भने यो प्रकरणले एउटा कठोर सत्य प्रमाणित गर्नेछ–नेपालमा अब भ्रष्टाचार केवल लिने-दिने स्तरमा छैन, त्यसको आफ्नै व्यवस्थापन प्रविधि, आफ्नै आर्थिक इन्जिनियरिङ र आफ्नै संस्थागत सुरक्षा जाल छ ।

राज्यको राजस्व जोगाउने कुर्सीमै बसेर यदि कथित रूपमा राजस्व छली गर्ने पक्षसँग 'सहजीकरण' को सौदा भयो भने त्यो केवल कानुनको उल्लंघन होइन, राज्यविरुद्धको नैतिक विश्वासघात हो ।

२० लाख रिसोर्टको कर्जा तिर्न र ५० लाख भक्तपुरको जग्गामा गाडिएको कथित रकमले यही भन्छ–घुस अब खल्तीको अपराध मात्र रहेन, संरचनाको भाषा बोल्न थालेको छ ।

अख्तियारका प्रवक्ता सुरेश न्यौपानेका अनुसार प्रतिवादीहरूविरुद्ध भ्रष्टाचार तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा सजाय, बिगो असुल र जफतको मागदाबी गरिएको छ । अदालतले कानुनी फैसला गर्नेछ । तर यो प्रकरणले नेपाली राज्य संयन्त्रलाई दिएको राजनीतिक सन्देश अहिले नै स्पष्ट छ–जति अग्लो कुर्सी, उति ठूलो सौदा । जति ठूलो अधिकार, उति गहिरो प्रलोभन र जति गहिरो प्रलोभन, उति नै सजिलै सड्न सक्ने राज्य ।

# लक्ष्यअनुसार राजश्व संकलन नहुनुमा को बाधक ?

काठमाडौं । चालु आठ महिनाको अवधीमा सरकारले लक्ष्य अनुसारको संकलन गर्न सकेको छैन । तर, यो बिचमा आम्दानी र खर्चको भने खाडल थप बढेको देखिन्छ । २०८२ फागुन मसान्तसम्म सरकारको कुल आम्दानी ७ खर्ब ५१ अर्ब ८६ करोड रुपैयाँ बराबर भएको छ । खर्च र आम्दानीका हिसावले १ खर्ब ७४ अर्ब रुपैयाँ बराबरको खाडल रहेको अर्थ मन्त्रालय स्रोतले जानकारी दिएको छ । जसको परिपूर्तिका लागि सरकारले आन्तरिक तथा बाहय ऋण परिचालन गरेको उक्त स्रोतको भनाई रहेको छ। चालु आर्थिक वर्षको दोश्रो महिना अर्थात २०८२ भदौ २३ र २३ गते मुलुकमा जेनजी बिद्रोह हुन पुगेको थियो ।

बिद्रोहपछि तत्कालीन सरकार विस्थापित मात्र भएनकि प्रतिनिधि सभासमेत बिघटन हुन पुग्यो । त्यसपछि गठित अन्तरिम सरकारको प्राथमिकता निर्वाचन केन्द्रित हुँदापनि लक्ष्यअनुसार राजश्व संकलन हुन नसकेको कारण विकास खर्चसमेत प्रभावित भएको बताइन्छ । सरकारले चालु आ.व. १४ खर्ब ८० अर्ब राजस्व उठाउने लक्ष्य राखेको छ । तर, यो अवधिमा चालु खर्च ६ खर्ब ४२ अर्ब पुगिसकेको मन्त्रालय स्रोतले दावी गरेको छ । जुन वार्षिक लक्ष्यको ५४.३७ प्रतिशत हो । चालु खर्चमा प्रदेश र स्थानीय सरकारमा जाने विभिन्न प्रकारका अनुदानसमेत समावेश गरिएको छ ।

चालु आ.व.मा ११ खर्ब ८० अर्ब ९८ करोड रुपैयाँ बराबर खर्च हुने लक्ष्य सरकारको रहेको छ । सरकारले चालु आ.व.मा ४ खर्ब ७ अर्ब ८८ करोड रुपैयाँ बराबर पुंजीगत खर्चको लक्ष्य राखेको थियो । निर्वाचन प्रयोजनमा नै पुंजीगत खर्च उच्च गतिमा कटौति गर्नु परेको अवस्था छ । चालु आर्थिक वर्ष २०८२/८३ को ८ महिना अर्थात २०८२ साउन-फागुन मसान्तसम्ममा ७८ अर्ब ४८ करोड रुपैयाँ बराबर मात्र विकास खर्च गर्न सकेको बताइन्छ। जुन वार्षिक लक्ष्यको १९.२४ प्रतिशत मानिन्छ।

यो अवधिमा सरकारको वित्तीय व्यवस्थातर्फको खर्च २ खर्ब नाघेको छ। जुन सरकारले सार्वजनिक ऋणको भुक्तानी र संस्थानहरूमा सेयर लगानीका लागि प्रयोग गर्छ । यस्तो खर्च कुल लक्ष्यको ५४.८९ प्रतिशत भएको छ । वित्तीय व्यवस्थामा चालु आवमा ३ खर्ब ७५ अर्ब रुपैयाँ बराबर गर्ने सरकारको लक्ष्य छ । यस वर्ष सरकारले कुल १९ खर्ब ६४ अर्ब रुपैयाँ बराबर बजेट कार्यान्वयन गरिरहेको छ । यसमध्ये २०८२ फागुनसम्म कुल बजेट खर्च ९ खर्ब २६ अर्ब ५८ करोड रुपैयाँ गरेको छ । जुन वार्षिक लक्ष्यको तुलनामा ४७.१८ प्रतिशत बराबर हुन जान्छ ।

उक्त लक्ष्यलाई बजेटको अर्धवार्षिक समीक्षामार्फत मन्त्रालयले घटाइसकेको अवस्था पनि छ । चालु आर्थिक वर्षको आठ महिनामा राजस्व संकलन र अन्य प्राप्ति लक्ष्यको ८२.६० प्रतिशत मात्र देखिएको छ । फागुन मसान्तसम्म सरकारले ९ खर्ब १० अर्ब २० करोड रुपैयाँ बराबर राजस्व संकलन लक्ष्य राखेको थियो । तर, ७ खर्ब ५१ अर्ब ८६ करोड बराबर संकलन गर्न सफल भएको छ । जुन लक्ष्यको ८२.६० प्रतिशत मात्र मन्त्रालयस्रोतले जनाएको छ । वार्षिक लक्ष्यको तुलनामा ५०.८० प्रतिशत मानिन्छ।


उता, गत आव यसै अवधिको तुलनामा सरकारको आम्दानी ३.०४ प्रतिशतले सुधार भएको छ । यस अवधिमा गत आवमा ७ खर्ब २९ अर्ब ६५ करोड आम्दानी गरेको थियो। अर्थ मन्त्रालयका अनुसार भन्सार महसुल १ खर्ब ५५ अर्ब ९० करोड उठेको छ । जुन गत आवको तुलनामा ८.१३ प्रतिशतले बढेको हो । गत आव यसै अवधिमा भन्सार महसुल १ खर्ब ४४ अर्ब १८ करोड उठेको थियो। मूल्य अभिवृद्धि कर (भ्याट) २ खर्ब २५ अर्ब बराबर संकलन भएको छ।

जुन गत आवको तुलनामा ७.३५ प्रतिशतको बढी हो । लक्ष्यको तुलनामा भने ९१.५२ प्रतिशत मात्र संकलन हुन सकेको बताइन्छ। यसवर्ष फागुनसम्म २ खर्ब ४६ अर्ब बराबर भ्याट उठाउने लक्ष्य तय गरिएको थियो। अन्तःशुल्क लक्ष्यको ९०.३५ प्रतिशत बराबर संकलन भएको छ । चालु आवको फागुनसम्म १ खर्ब ३३ अर्ब अन्तःशुल्क लक्ष्य रहेकोमा १ खर्ब २० अर्बमात्र संकलन भएको मन्त्रालयको भनाई रहेको छ। लक्ष्यको ७१.८३ प्रतिशत मात्र आयकर संकलन भएको छ।

फागुनसम्म २ खर्ब ३७ अर्ब बराबर आयकर संकलन हुने अनुमान गरिएको थियो । जसमा १ खर्ब ७० अर्ब ८० करोडमात्र संकलन भएको महालेखा नियन्त्रक कार्यालयको तथ्यांकले देखाएको छ। भन्सार विभागले फागुनसम्म लक्ष्यको ८४.६० प्रतिशत र आन्तरिक राजस्व विभागले ८१.३८ प्रतिशत राजस्व संकलन गर्न सकेका छन्। लक्ष्यको ७५.३९ प्रतिशत मात्र गैरकर राजस्व संकलन हुन सकेको छ। भन्सार विभागले २०८२ फागुनसम्म ३ खर्ब ७८ अर्बको लक्ष्य पाएको थियो। तर, यो अवधिमा ३ खर्ब १९ अर्ब बराबर मात्र संकलन गर्न सफल भएको छ। आन्तरिक राजस्व विभागलाई४ खर्ब ३८ अर्बको लक्ष्य दिएकोमा ३ खर्ब ५६ अर्ब संकलन गर्न सकेको बताइन्छ । वार्षिक लक्ष्यको तुलनामा भन्सारले यो अवधीमा ५४.३९ र आन्तरिक राजस्व विभागले भने ४८.३७ प्रतिशत राजस्व संकलन गर्न सकेको देखिन्छ। यो अवधिमा लक्ष्यअनुसार राजश्व संकलन र पुँजीगत खर्च हुन नसक्नुमा को दोषी भन्ने सवाल पनि उठेका छन्।

# गभर्नर पौडेलको राजीनामा आउने संकेत !

काठमाडौं । ०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले झण्डै दुई तिहाई जनमत पाएको छ । सो दलले यही हप्ता भित्र नयाँ सरकार गठन गर्ने तयारी सुरु गरिसकेको छ । आमूल परिवर्तन र सुधारवादी विचारका पक्षधर, सिभिल इन्जिनियर, विद्यमान सरकारी सिस्टमका निर्मम आलोचक रास्वपाका वरिष्ठ नेता बालेन शाहको नेतृत्वमा सरकार गठनपश्चात अन्यथा नभएमा अर्थ मन्त्रालयको जिम्मेवारी अर्थविद् डा. स्वर्णिम वाग्लेले पाउने लगभग निश्चित प्राय रहेको छ । उनले सो मन्त्रालयको नेतृत्व गर्नासाथ नेपाल राष्ट्र बैंकका गभर्नर प्रा. डा. विश्वनाथ पौडेलले राजीनामा दिने चर्चा रास्वपाका समर्थकहरुबाट सुरु भएको छ ।



गभर्नर प्रा. डा. विश्वनाथ पौडेल

नव निर्वाचित सांसद वाग्ले र गभर्नर पौडेलकोबिचमा राम्रो सम्बन्ध नरहेको बताइएको छ । गभर्नर पौडेलले ०७९ को आम निर्वाचनमा चितवनबाट नेपाली कांग्रेस पार्टीबाट टिकट लिएर चुनाव लडेका थिए । वाग्ले पनि सोही पार्टी र क्षेत्रबाट टिकट लिएर लड्न खोजेपनि सफल भएनन् । त्यसयता उनीहरुका बिचमा सम्वन्ध राम्रो नभएको चर्चा पनि हुने गरेको छ । नेपाली कांग्रेसबाट टिकट नपाएपछि असन्तुष्ट वाग्लेले कांग्रेस छाडेर रास्वपा प्रवेश गरेर उप निर्वाचनमा तनहुँबाट निर्वाचन जितेका थिए । यिनै विविध कारण वाग्लेले अर्थ मन्त्रालयको नेतृत्व गरेको खण्डमा गभर्नर पौडेलमाथि राजीनामाको दवाव बढ्नसक्ने अडकलबाजीहरु भइरहेका छन् ।

जेन-जी आन्दोलनपछि गठन भएको अन्तरिम सरकारका अर्थमन्त्री रामेश्वर प्रसाद खनाललाईसमेत उनले राजीनामा दिन तयार रहेको बताउँदै आएका थिए । तर, मन्त्री खनालले यी विषयमा खासै चासो दिएनन् । अब गभर्नर पौडेलले वाग्ले अर्थमन्त्री हुनासाथ पदबाट राजीनामा दिनसक्ने स्रोतको बुझाई रहेको छ । नेपाली काँग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा पत्नी एवम् नेपाली राजनीतिमा बद्नाम छवि भएकी नेतृ डा. आरजु राणा देउवाको विशेष जोडबलमा पौडेलले गभर्नर बन्न सफल भएका थिए ।

पौडेल अमेरिका अध्ययन गरेका योजनाविद्, अर्थशास्त्री भएतापनि मौद्रिक नीतिका जानकार भने मानिदैनन् । कांग्रेसको राजनीतिमा जोडिएका पौडेललाई तत्कालीन ओली नेतृत्वको सरकारले पदीय भागबण्डामा गभर्नरमा नियुक्ति गरेको थियो । त्यसबखत सरकारमा सहकार्य गरेका नेपाली काँग्रेस र एमालेले भागबण्डा गर्दै नेपाल धितोपत्र बोर्डमा सन्तोष नारायण श्रेष्ठ र गभर्नरमा भने पौडेललाई नियुक्त गरेका थिए । जुन कार्यको रास्वपाले त्यसबखत खुलेरै संसदमा बिरोध समेत जनाएको थियो ।

त्यसैले पनि नयाँ सरकारले पौडेललाई गभर्नरमा निरन्तरता दिने अवस्था देखिंदैन । उता, गभर्नर पौडेल र वाग्ले दुवै अमेरिकामा अध्ययन गरेका उदार र खुला अर्थ व्यवस्थाका पक्षपाती मानिन्छन् । दुवै जना कांग्रेसको राजनीतिमा जोडिएर शक्तिमा पुगेका पात्रहरु हुन् । कांग्रेसमा रहँदा वाग्ले भावी अर्थमन्त्रीको दावेदार भनेर चर्चा पनि गरिन्थ्यो । त्यसैले पनि गभर्नर र भावी अर्थमन्त्री वाग्लेको बिचमा राम्रो सहकार्य हुन सक्ने अवस्था देखिंदैन ।

सोही कारण गभर्नर पौडेल नयाँ सरकार गठन र वाग्लेले अर्थको नेतृत्व गर्ने बित्तिकै राजीनामा दिने चर्चा सुरु भएको हो । पौडेलको नियुक्ति बखतमा संसदमा बोल्दै सांसद वाग्लेले गभर्नरको रुपमा रबर स्ट्याम्पलाई ल्याउन खोजिएको भन्दै कडा आलोचनासमेत गरेका थिए । यी घटनाक्रम र पृष्ठभूमिका कारणसमेत वाग्लेको नीतिमा राम्रो साथ दिएर गभर्नरको रुपमा बसिरहने न्यून सम्भावना रहेको बताइन्छ ।

# अर्थात् : जेमन्त



**– शरदराज गौतम –**

*सजिलो त पक्कै छैन ।*
*सम्पूर्ण सामाजिक अन्तर सम्बन्ध*
*घेराबन्दीमा परेको बेला ।*
*दाम राखेर श्रीमान भएकाहरु छन् ।*
*पार्टीको झण्डा बोकी बोकी शिक्षक ।*
*पहिला पहिला बरफबागले बनाउँथ्यो, पत्रकार ।*
*आजभोलि पार्टी प्रशिक्षण विभागले बनाएका छन् ।*
*एनजीओका रखेल जति कि अभियन्ता, नत्र अधिवक्ता ।*
*अदृश्य पादरीको आशीर्वादमा बनेका उद्यमी ।*
*पोखरीभरी जलकुम्भी झारको साम्राज्य छ ।*
*सजिलो त पक्कै छैन ।*
*विचौलियाहरु भाञ्छा देखिन चर्पीसम्म छन् ।*
*र, तिनले बोटिस देखिन बंकरसम्म भ्याएका छन् ।*
*चोक देखिन चमेना गृहसम्म कोई पुग्न सक्छ भने*
*ती मध्यस्तकर्ता भन्छन, आफूलाई ।*
*जो सारा तन्त्र चलाउन सक्छु भन्छन् ।*
*यस्तोमा अत्तो नपत्तोका फिरफिरे बुमे पत्रकार*
*सोधी टोपल्छ, पाइयो त खोजेको कुरा ।*
*मिल्यो त परिवर्तन ?*
*मुख अघिल्तिर बुम माइक देखेर पान लतपतिएको जिब्रोमा*
*हनुमान ढोकाको ठुलो घण्टा बजाइ रहेको भुइँ मान्छे*
*कालभैरब जगाई बस्छ ।*
*जे गर्छ काल भैरबले गर्छ भनेर ।*
*सजिलो त पक्कै छैन ।*
*सबले आफ्नो आफ्नो खल्तीको हैसियत छामुन ।*
*र, आफ्नो प्यान कार्डमा जम्मा भएको करको विवरण ।*
*सजिलो छैन के ।*
*भूपू मायालुहरुलाई कसम ख्वाई ख्वाई*
*श्रीमतीलाई स्वापिङ्गको दलीय अनुशासन बताई बताई*
*जुन सामाजिक अन्तर सम्बन्धको जालो बनाइएको छ ।*
*भत्किन सजिलो छैन, के ।*
*बिचौलियाहरुले फरिया स्याचिङ्ग गरेको अर्थतन्त्र*
*पिम्पहरुले उधारोमा संगत बनाएको शासन स्वरुप*
*एलगोरिद्मलाई हौंसिएर बनाइएको सञ्चार साम्राज्य*
*सरकार बनाउन चाहनेहरु सरकार बनाउन कि पासो ।*
*सजिलो त पक्कै छैन ।*
*कसैलाई लाग्दो हो ।*
*विचौलिया र न्यायाधीशको सम्बन्ध देखाउन सकिन्छ ।*
*कसैलाई लाग्दो हो ।*
*एकाघर कि जहान र रखैलको भेद्द खुट्याउन सकिंदो हो ।*
*कोइ भन्दै हिंड्छ,*
*अब सुशासनको साम्राज्य बनाइने भो भनेर ।*
*खैनीको नयाँ खेप ओंठभित्र हुले पछि*
*अघिल्तिरका हरेक अनुहार प्रेमिका देखिने जस्तै हो ।*
*भारी भरकम कुरै गर्न पर्दैन ।*
*बाटो मुत्नेहरुको भिडियो खिचेर अभियन्ता भाका छन् ।*
*अर्काको दुर्गम कोटा खोसेर बुढानीलकण्ठमा भर्ना भाकाहरु*
*श्रीमती फेर्दै जिन्दगीको हिसाब मिलाउन नसकेकाहरु*
*सबसित हतारो र हुटहुटी छ ।*
*तर कसैसित पनि पाकोपना भेटिन्न ।*
*हुटहुटी यदि समाधान हो भने*
*कुश्मामा रेल स्टेशन कहिल्यै बनि सक्दथ्यो ।*
*हतारो यदि परिणाम हो भने*
*भैरहवाको अन्तराष्ट्रिय विमानस्थल कहिल्यै चलि सक्दथ्यो ।*
*सजिलो त पक्कै छैन ।*
*कम्तीमा यो आर्थिक वर्ष सकिनु पर्ला ।*
*कम्तीमा वर्षा सकिनु पर्ला ।*
*कम्तिमा दशैं तिहार सकिनु पर्ला ।*
*कम्तीमा अगहनको बाली भित्र्याउनु पर्ला ।*
*त्यतिञ्जेल रखैलका विचौलियाहरु*
*दाम राख्नेहरु र दलीय आचार संहितामा रहनेहरु*
*राँके बनाउन लाग्लान, उज्यालो पार्न मुढा खोज्न थल्लान् ।*
*मुलुकलाई न्यानो पार्न फेरि आगो बाल्न शुरु हुनेछ ।*
*मुलुकमा फेरि पुनर्त्थान र पुननिर्माण उठ्ने छ ।*
*एकथरि भरङ्ग हुनेछन् ।*
*अर्कोथरिको इजार फुस्किने छ ।*
*पशुपति र जानकी मंदिरका ढिकुटी फेरि फोरिनेछ ।*
*सजिलो त पक्कै छैन ।*
*सम्पूर्ण सामाजिक अन्तर सम्बन्ध घेराबन्दीमा परेको बेला*
*शासन स्वरुप फेरि हाल्छु भन्नु सजिलो पक्कै छैन ।*
*म त भन्छु,*
*बरु, मसान जगाउन सजिलो छ ।*
*अघोर हुन सजिलो छ ।*
*र, मृत आत्माहरु भेटाउन सजिलो छ ।*
*मुलुकसित हुन सजिलो छैन ।*

## राजनीतिक सोच...

जानकारी नै नदिई ठूला निर्णयहरू गरे भने, रवि लामिछाने र बालेन शाहबीचको अहंकार (Ego) का कारण सरकार र पार्टीबीच भीषण टक्कर हुनेछ । यो आन्तरिक द्वन्द्वले अन्ततः सरकारलाई अपदस्थ गर्ने वा पार्टी नै विभाजन हुनेजस्तो राजनीतिक दुर्घटना निम्त्याउने जोखिम पनि रहन्छ ।

नेपालको राजनीतिक इतिहासमा पार्टी र सरकार प्रमुखबीचको टकरावले व्यवस्था सङ्कटमा परेका अनेक उदाहरण छन् । २०५४ सालमा नेकपा एमालेभित्रको आन्तरिक खिचातानीका कारण वामदेव गौतमले पार्टी फुटाएको घटना होस् वा २०४८ पछि नेपाली कांग्रेसभित्रको '३६ से' र '७४ से' समूहको विवाद, यी सबैले अस्थिरता नै निम्त्याए । हालैको नेकपा विवाद र दुई पटकको संसद् विघटन पनि यसैको कडी हो ।

**५. राजनीतिक सोच र कार्यक्षमताको अभाव**

रास्वपामा हाल राजनीतिक विचार, सिद्धान्त र संस्कार भएका नेताहरूको कमी महसुस गरिएको छ । विभिन्न पेसाका मानिसहरूको जमघटले गर्दा यसलाई शासकीय प्रणालीमा ढाल्न निकै कठिन छ । डाक्टर, इन्जिनियर वा सञ्चारकर्मीहरू आफ्नो क्षेत्रमा सफल होलान्, तर राजनीतिक नीति निर्माणमा उनीहरूको अनुभव न्यून छ । बालेन शाहको हकमा, काठमाडौं महानगरमा पर्याप्त स्रोत हुँदाहुँदै पनि विकास बजेट पूर्ण रूपमा खर्च हुन नसक्नु र भौतिक संरचना हटाउनमा मात्र केन्द्रित हुनुले उनको 'विलक्षण क्षमता' माथि प्रश्न उठाउँछ । संघीय सरकारको भूमिका नियमन र नीतिगत सहजीकरणको हो, जुन स्थानीय तहको भन्दा नितान्त फरक छ ।

**६. विगतको कार्यसम्पादन र भावी संशय**

भावी अर्थमन्त्रीका रूपमा चर्चा गरिएका स्वर्णिम वाग्ले एक सैद्धान्तिक विज्ञ त हुन्, तर उनको शासकीय अनुभव सल्लाहकारी भूमिकामै सीमित छ । त्यसैगरी, विगतमा सरकारमा सहभागी भएका डिपी अर्याल, शिशिर खनाल र स्वयं रवि लामिछानेले पनि आफ्नो कार्यकालमा कुनै 'चमत्कारिक' सुधार देखाउन सकेका छैनन् । राजकीय जिम्मेवारी सम्हालेर नतिजा दिनु सार्वजनिक रूपमा व्यक्त गरिने हल्का टिप्पणीजस्तो सजिलो छैन ।

**७. सभामुखको भूमिका र समन्वयको चुनौती**

संसद् सञ्चालन र राजनीतिक समन्वयका लागि सभामुखको भूमिका महत्त्वपूर्ण रहन्छ । विगतमा कृष्णप्रसाद भट्टराई, दमननाथ ढुंगाना र सुवास नेम्वाङजस्ता उच्च व्यक्तित्व भएका प्रतिष्ठित नेताहरूले यो पद सम्हालेका थिए । यसपटक रास्वपाभित्र त्यस्तो समन्वयकारी भूमिका निर्वाह गर्न सक्ने परिपक्व नेताको कमी रहेको देखिन्छ । चर्चामा रहेका डिपी अर्याल, मनिष झा, जगदीश खरेल, यज्ञमणि नेउपाने, इन्दिरा राना वा सोबिता गौतममध्ये सभामुख बन्न सक्ने सम्भावना रहेको बताइन्छ ।

त्यसैगरी प्रमुख सचेतकमा रीमा विश्वकर्मा, प्रतिभा रावल, मनिष झा, सुलभ खरेललगायतको दाबी रहेको बताइन्छ । डिपी अर्याललाई सभापति लामिछानेले सभामुखभन्दा सरकारको गृहमन्त्री बनाउने प्राथमिकतामा राखेको बताइएको छ । रास्वपाले प्राप्त गरेको बहुमतको सार्थकता र अन्य दलहरूसँगको समन्वय गर्न सक्ने क्षमतावान् सभामुखमै आगामी संसद्को भविष्य निर्भर रहने विश्लेषकहरूको धारणा छ ।

## राष्ट्रपतिले...

*स्रोतका अनुसार, प्रारम्भिक चरणमा राष्ट्रपति पौडेलले मन्त्रिपरिषद्लाई नाम नै नराखी निर्णय पठाउन सुझाव दिएका थिए । बाहिरबाट हेर्दा यो सामान्य प्रक्रिया जस्तो देखिए पनि भित्री अर्थ भने स्पष्ट थियो-नाम खाली राखियो भने पछि आफ्नो रोजाइ मिलाउन सजिलो हुन्थ्यो । तर, यो संकेत बुझिसकेकी प्रधानमन्त्री सुशीला कार्कीले खाली सिफारिस पठाउने बाटो नलिई सीधै ओमप्रकाश अर्यालको नाम अघि सारिन् । त्यसपछि राष्ट्रपति-प्रधानमन्त्रीबीचको असन्तुष्टि सतहमै आएको बताइन्छ ।*

*यो प्रकरणमा अर्को रोचक पाटो पनि छ । बालेन्द्र शाहले अर्थ नीति र भावी सत्ता व्यवस्थापनसँग जोडेर रामेश्वर खनाललाई राष्ट्रियसभामा ल्याउन चाहेको चर्चा थियो । तर, कार्की त्यसमा पनि सहमत भइनन् । उनले न बालेनको चाहना मानिन्, न राष्ट्रपतिको संकेत । बरु आफ्नै विश्वासपात्र मानिएका अर्याललाई अघि सारिन् । यसबाट सुशीला कार्कीले अन्तिम समयसम्म पनि नियुक्ति र शक्ति सन्तुलन आफ्नो हातबाट नफुत्काउने संकेत दिएको बुझाइ सत्ता गल्लीमा गरिएको छ ।*

*उता, बालेन्द्र शाह र कार्कीबीच सम्बन्ध चिसिँदै गएको पृष्ठभूमिले यो विवादलाई अझ पेचिलो बनाएको छ । गृहमन्त्रीमा राजु पाण्डेलाई ल्याउने बालेनको प्रस्ताव कार्कीले अस्वीकार गरेपछि दुवैबीच दूरी बढेको थियो । त्यसपछि बालेन पक्षले कार्कीविरुद्ध असन्तुष्टि खुला रूपमा देखाउन थालेको र कार्कीले पनि प्रतिउत्तरमा आफ्नै लाइन कडा बनाएको चर्चा छ । त्यही श्रृंखलाको अर्को कडीका रूपमा अहिले राष्ट्रियसभा सिफारिसको विवादलाई हेरिएको छ ।*

*यसरी हेर्दा ओमप्रकाश अर्यालको नियुक्ति अब एउटा व्यक्तिको मनोनयनको विषय मात्रै रहेन । यो राष्ट्रपतिको अभिलाषा, प्रधानमन्त्रीको अडान, बालेनको शक्ति-चाहना र अन्तिम घडीको राजनीतिक टकरावको साझा बिन्दु बनेको छ । प्रश्न अब यत्ति हो-राष्ट्रपतिले नियुक्ति रोकेर संवैधानिक मर्यादा जोगाएका हुन्, कि आफ्नो प्रभाव बाँकी छ भन्ने अन्तिम संकेत दिएका हुन् ?*

## गृहमै गाँठो...

अमरेशकुमार सिंह र शिशिर खनालको चर्चा छ । सुधन गुरुङलाई पनि खेलकुद मन्त्री बनाउने कि भन्ने कुरा चलेको छ । तर, रक्षा मन्त्रालय भने बालेन शाह आफैंले आफ्नो प्रभावक्षेत्रमै राख्न चाहेको स्रोतहरूको दाबी छ ।

सरकार गठन हुनुअघि नै मन्त्रालय बाँडफाँटमा यस्तो तानातान देखिनु सामान्य संकेत होइन । यसले रास्वपाभित्र सत्ता-सन्तुलनको लडाइँ सतहमै आइसकेको देखाउँछ । बाहिर 'नयाँ राजनीति' को नारा, भित्र गुट, विश्वासपात्र, शक्ति र नियन्त्रणको पुरानै खेल–यतिखेर रास्वपाको अवस्था यस्तै देखिएको छ । सरकार बन्नुअघि नै गृह मन्त्रालयलाई लिएर यस्तो खटपट देखिनु भोलिको मन्त्रिपरिषद् कस्तो बन्ला भन्ने प्रश्न मात्र होइन, नयाँ सरकार पुरानो रोगबाट कति टाढा छ ? भन्ने गम्भीर शंका पनि हो ।

## प्रचण्ड दलमा...

गर्नु बढी व्यावहारिक हुनेछ । प्रतिनिधिसभा निर्वाचनमा पराजित भएका र कमजोर बनेका नेताहरूले पनि यही निष्कर्ष दोहोऱ्याइरहेका छन्-अब पनि कम्युनिष्ट शक्तिहरू विभाजित रहिरहे थप कमजोर हुनेछन् । तर, प्रचण्डले भने एमालेसँगको एकताबारे खुला धारणा बनाउन सकेका छैनन् । उता, एमालेभित्र पनि प्रचण्डसँग फेरि मिल्न नहुने तर्क गर्नेहरू छन् । कतिपयको असहमति वैचारिकभन्दा बढी राजनीतिक अविश्वासमा आधारित छ भने कतिपय नेताहरू प्रचण्ड-माओवादीप्रति पुरानै असहजता बोकेर बसेका छन् ।

यद्यपि, एमालेभित्र पनि अर्को धार सक्रिय छ । त्यो धार स्थानीय तह चुनावअघिनै नयाँ सन्देशसहित वाम एकता वा कम्तीमा वाम सहकार्य आवश्यक रहेको बताइरहेको छ । एमालेभित्रै विशेष महाधिवेशनको मागसमेत उठ्न थालेकाले अध्यक्ष केपी शर्मा ओली दबाबमा छन् । ओलीको विकल्पमा योगेश भट्टराईदेखि प्रदीप ज्ञवालीसम्मका नाम चर्चामा छन् । महासचिव शंकर पोखरेल ओलीको बचाउमा खुलेर देखिए पनि अन्य नेता विकल्पको खोजीमा रहेको चर्चा छ । पूर्वराष्ट्रपति विद्या भण्डारी पनि यही बहसमा प्रभावशाली रूपमा जोडिएको बताइन्छ ।

नेकपा र एमाले मिलेको अवस्थामा संसदमा बलियो प्रतिपक्ष बन्ने सम्भावना देखिन्छ । त्यसले रास्वपाको नेतृत्वमा बन्ने सरकारमाथि दबाब बढाउन सक्ने विश्लेषण भइरहेको छ । उता, बालेन्द्र शाहले चुनावअघिदेखि नै कम्युनिष्ट शक्तिसँग दूरी राख्ने संकेत गर्दै आएका थिए । त्यसैले कम्युनिष्टहरूलाई सिध्याउने रणनीतिमा नयाँ सत्ता जाने हो भने त्यसको प्रतिवाद गर्न पनि वाम ध्रुवीकरण अपरिहार्य हुन सक्ने तर्क नेकपा र एमाले दुवैभित्र बलियो बन्दै गएको छ । अहिलेको मूल प्रश्न यही हो-प्रचण्ड नेतृत्व जोगाउने बाटो खोज्छन्, कि वाम एकताको नयाँ श्रृंखला सुरु हुन्छ ?

## कांग्रेसमा दुई...

नेता चयनमा निर्णायक प्रहार गर्ने रणनीति बनाइएको स्रोतहरूको भनाइ छ । देउवा समूहले केन्द्रीय कार्यसमितिको बैठकबाट नियमित महाधिवेशनको निर्णय र कार्यतालिका सार्वजनिक गर्ने तयारीसमेत गरेको बताइन्छ । अब प्रश्न एउटै छ-कांग्रेस संस्थागत प्रक्रियातर्फ फर्किन्छ कि गगन थापाको नियन्त्रणमा अझ गहिरो ध्रुवीकरणतर्फ जान्छ ? यही पेचिलो मोडमा कांग्रेसको आगामी दिशा निर्भर हुने देखिएको छ ।

## डेपुटीको...

बढ्छ । त्यसो भयो भने अहिले रिक्त दुई डेपुटी पद केवल प्रशासनिक रिक्तता नरहेर ठूलो राजनीतिक सौदाबाजीको हिस्सा बन्नेछन् । उता, हालै अवकाश प्राप्त डेपुटी गभर्नर बमबहादुर मिश्र पनि गभर्नरको दौडमा रहेको चर्चा छ । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठको नाम पनि त्यत्तिकै चलाइएको छ । यसले स्पष्ट संकेत दिएको छ-राष्ट्र बैंकभित्रको नियुक्ति अब केवल योग्यताको प्रश्नमा सीमित छैन, शक्ति केन्द्रको रोजाइ पनि उत्तिकै निर्णायक छ ।

२०७७ फागुनमा डेपुटी गभर्नर बनेका मिश्र पाँचवर्षे कार्यकाल पूरा गरेर २०८२ फागुन २५ गते अवकास भइसकेका छन् । त्यससँगै नयाँ डेपुटी नियुक्त हुनुपर्ने हो । नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार गभर्नरले कार्यकारी निर्देशकहरूमध्येबाट चार जनाको नाम सिफारिस गर्ने र मन्त्रिपरिषद्ले तीमध्येबाट दुई जनालाई नियुक्त गर्ने कानूनी व्यवस्था छ । तर, व्यवहारमा यो प्रक्रिया कागजमा जति सरल देखिन्छ, यथार्थमा उति नै राजनीतिक रहेको हुन्छ । विगतले देखाइसकेको छ-गभर्नर र डेपुटी नियुक्ति 'मेरिट'को भाषामा सुरु हुन्छ, तर अन्त्य शक्ति, पहुँच र राजनीतिक आशीर्वादमै पुगेर हुन्छ ।

हाल नेपाल राष्ट्र बैंकमा १८ जना कार्यकारी निर्देशक छन् । तीमध्ये केही नामहरू अहिले प्रमुख दाबेदारका रूपमा अगाडि सारिएका छन् । तर, वास्तविक प्रश्न व्यक्ति होइन, प्रक्रिया हो । नयाँ सरकार बनेपछि अर्थ मन्त्रालय कुन व्यक्तिको हातमा पर्छ, गभर्नर पौडेल बस्छन् कि जान्छन्, र नेपाल राष्ट्र बैंकलाई आर्थिक संस्थाका रूपमा चलाउने हो कि राजनीतिक प्रभावक्षेत्रका रूपमा-अबको बहस त्यहीं छ । राष्ट्र बैंकको डेपुटी नियुक्ति ढिलो हुनु सामान्य प्रशासनिक ढिलाइ मात्र होइन ! यो नयाँ सरकार, भावी अर्थमन्त्री र गभर्नरको सम्भावित सत्ता-समीकरणको संकेत पनि हो । त्यसैले अहिलेको मूल प्रश्न डेपुटी कहिले भन्ने मात्र होइन-पहिले डेपुटीहरुको नियुक्ति हुन्छ, कि राष्ट्र बैंकमै नयाँ शक्ति-संरचना बन्छ ?

(विस्तृत विवरण पृष्ठ ७ मा)

## अख्तियारबाट...

सिकेका अधिकारी केही समय अमेरिका भासिए पनि त्यहाँ टिक्न सकेनन् । फर्किएपछि फेरि निजामती सेवामै पकड जमाए र उपसचिव हुँदै २०७२ सालमा आन्तरिक प्रतिस्पर्धाबाट सहसचिव बने ।

त्यसपछि उनको यात्रा चाकडी गर्न शक्ति केन्द्र धाएर आम्दानी हुने कार्यालयतर्फ मोडियो । आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १, आन्तरिक राजस्व विभाग, ठूला करदाता कार्यालयजस्ता निकायमा उनी पुगेर मोजमस्ती गर्नसम्म गरे । सहकारी विभाग, वातावरण विभाग, अध्यागमन विभाग र राजस्व अनुसन्धान विभागको नेतृत्व गर्ने अवसरसमेत पाए । प्रशासनिक वृत्तमा यो उकालो क्षमता मात्र होइन, पहुँच, शक्ति केन्द्रको चाकडी र राजनीतिक संरक्षणको परिणाम भएको टिप्पणी सुनिँदै आएको छ । तत्कालीन माओवादी नेतृत्व र नारायणकाजी श्रेष्ठसँगको निकटताले उनलाई पटक-पटक उकासेको आरोप छ ।

**राजस्व नियन्त्रण होइन, असुलीको खेल ?**

झलकराम अधिकारीको नाम सबैभन्दा बढी बदनाम बनेको ठाउँ हो–राजस्व अनुसन्धान विभाग । त्यहाँ महानिर्देशक हुँदा उनले राजस्व चुहावट नियन्त्रण गर्नुपर्ने थियो, तर आरोप उल्टो लाग्यो-चुहावट रोक्न होइन, चुहावट गराउने र मिलाउनेहरूसँग घुस असुल्ने । भुक्तभोगीहरूका अनुसार उनी आफैं झोला बोकेर रकम उठाउन निस्कने डीजीका रूपमा चिनिन्थे । प्रशासनभित्र यस्तो चर्चा वर्षौंदेखि चल्दै आएको थियो, तर कारबाही भने भएको थिएन । अख्तियारले दायर गरेको पछिल्लो मुद्दाले अब त्यही पुरानो चर्चा कानूनी दस्तावेजमा रूपान्तरण भएको छ । बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव रहेका अधिकारीविरुद्ध मुद्दा दायर भएसँगै उनी स्वतः निलम्बित भएका छन् । अर्थ मन्त्रालय र मातहतका निकायमा बस्दा राम्रै 'तर' मार्न अभ्यस्त अधिकारी अन्ततः त्यही असुलीको जालमा फसे ।

**७० लाखमै सीमित किन ?**

तर, यहाँ अर्को प्रश्न झन् पेचिलो छ । राजस्व अनुसन्धान विभागजस्तो अत्यन्त संवेदनशील र 'मालदार' अड्डामा बसेर वर्षौंदेखि असुली गरेको आरोप खेपिरहेका अधिकारीमाथि अख्तियारले जम्मा ७० लाख रुपैयाँकै मुद्दा किन दायर गऱ्यो ? यही बिन्दुले प्रशासनिक वृत्तमा थप शंका जन्माएको छ । धेरैको प्रश्न छ-यो त देखिएको सतह मात्रै हो कि ? अख्तियारको अनुसन्धानबाट उनले घुसको रकमबाट जग्गा खरिद गरेको तथ्यसमेत खुलेको बताइन्छ । त्यसैले मुद्दा ७० लाखको भए पनि कथा त्यसैमा टुंगिने खालको देखिन्न ।

**पुराना काण्डको फेहरिस्त**

अधिकारीको नाम यसअघि पनि अनेक विवादमा मुछिएको थियो । सहकारी संस्थाको बचत रकम दुरुपयोगसम्बन्धी संसदीय विशेष समितिले उनीसँग बयान लिएको थियो । अध्यागमन विभागको महानिर्देशक हुँदा जीबी राईको राहदानी फुकुवा गरी विदेश भाग्न सहज बनाएको विषयमा पनि उनीमाथि प्रश्न उठेको थियो । सहकारी विभागको रजिस्ट्रार रहँदा खेलेको भूमिकासमेत विवादमुक्त थिएन ।

६० किलो सुन तस्करी प्रकरणमा समेत उनको नाम शंकास्पद रूपमा जोडिएको थियो । सुनको अवैध पैठारीसम्बन्धी जाँचबुझ आयोगले उनलाई विभागीय कारबाही गर्न सिफारिस गरेको थियो । बेल्जियन नागरिक दावा छिरिङसँग उनको 'कनेक्सन' देखिएको चर्चा बाहिरिएपछि त्यतिबेला गृहमन्त्री रहेका नारायणकाजी श्रेष्ठले उनलाई अध्यागमन विभागबाट हटाएका थिए । तर, राजनीतिक छाताका कारण उनी हरेकपटक उम्किँदै आएका थिए ।

**छाता हटेपछि फन्दा कस्यो**

प्रशासनभित्रको चर्चा के छ भने झलकराम अधिकारीको वास्तविक शक्ति उनको पद मात्र थिएन, उनको संरक्षण थियो । विशेषगरी नेता नारायणकाजी श्रेष्ठको राजनीतिक प्रभाव बलियो रहेका बेला अधिकारी पटक-पटक संवेदनशील र आम्दानी हुने विभागमा सरुवा हुँदै आएका थिए । तर, प्रतिनिधि सभा निर्वाचनमा श्रेष्ठ पराजित भएपछि त्यो छाता कमजोर बन्यो । त्यसपछि अधिकारीमाथि कसिएको अख्तियारको डोरी सहजै देखिन थालेको हो । यस अर्थमा अधिकारीको पतन केवल एक कर्मचारीको व्यक्तिगत असफलता होइन, यो शक्ति केन्द्रको संरक्षण हराएपछि सेटिङ कसरी भत्किन्छ भन्ने उदाहरण पनि हो ।

**अब पालो अरूको ?**

झलकराम अधिकारीविरुद्ध मुद्दा दायर हुनु प्रशासनभित्र 'डन' शैलीमा चल्ने सहसचिवहरूका लागि चेतावनीको घण्टी बनेको छ । जानकारहरूका अनुसार, असुली धन्दामा रमाउनेहरुमा उनी एक्ला पात्र होइनन् । अझै एक दर्जनभन्दा बढी सहसचिवहरू पहुँच, राजनीतिक छाता र मालदार सरुवाको खेलमा सक्रिय रहेर जागिरमा मस्ती गरिरहेको आरोप छ । त्यसैले प्रश्न अब झलकराममा मात्रै सीमित छैन । प्रश्न यो हो-अख्तियारले एउटा पात्रलाई डामेर आफ्नो काम सकिएको ठान्छ, कि निजामती प्रशासनभित्र गढेको असुली, संरक्षण र सेटिङको जालोमै प्रहार गर्छ ? झलकराममाथिको मुद्दाले एउटा ढोका खोलेको छ । अब हेर्न बाँकी छ, त्यो ढोका भित्र पस्ने हिम्मत राज्यले देखाउँछ कि फेरि एउटा 'उदाहरण' बनाएर कथा टुंग्याउँछ ।

(विस्तृत विवरण पृष्ठ ७ मा)

## चुनावी सर्जिकल...

र प्रभावकारी रूपमा बोल्ने सांसदहरूको सफ्या सधैँ न्यून नै देखिने गरेको छ । उदाहरणका लागि, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट गत प्रतिनिधि सभामा १४ जना सांसद थिए, तर संसदमा प्रखर रूपमा कुरा उठाउने एकाध सांसद मात्र थिए । तीमध्येका एक ज्ञानबहादुर शाही यसपटक पनि जितेर आएका छन् । त्यसैगरी नेपाली कांग्रेस र नेकपा (एमाले) मा पनि सधैँ बोलिरहने केही सांसदहरू थिए, जसको प्रतिनिधित्व अब अरूले गर्नेछन् ।

नेकपाका तर्फबाट अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' स्वयंको उपस्थिति छ । उहाँले निर्वाचन नतिजापश्चात् सार्वजनिक रूपमा 'सिट संख्या थोरै जितेको आधारमा नहेप्न' चेतावनी दिँदै 'जङ्गलमा सिंह एक्लै हुन्छ' भन्ने हेक्का राख्न भनिसक्नुभएको छ । विगतमा नेमकिपाका तर्फबाट लामो समयसम्म प्रेम सुवालले मात्र प्रतिनिधित्व गर्नुभयो, तर उहाँले एक्लै भए पनि पार्टी र जनताका कुराहरू निरन्तर राखिरहनुभयो । त्यसैले संख्याले मात्र खासै ठूलो अर्थ राख्दैन ।

अर्को कुरा, सत्तापक्षका सांसद धेरै हुँदा उनीहरूलाई आफ्नै सरकारविरुद्ध विषयहरू उठाउन कठिन हुन्छ । सुझाव दिन खोज्दा "सरकारमार्फत कार्यान्वयन गरे भइहाल्यो नि" भन्ने जवाफ पाइन्छ । त्यसैले संख्याको आफ्नै महत्त्व भए तापनि प्रतिपक्षमा बस्दा "संख्या कम भए कमजोर भइन्छ" भन्ने मानसिकता त्याग्नुपर्दछ । थोरै सख्या हुँदा बढी मेहनत गर्नुपर्ने चुनौती त थपिन्छ ।

संसमा जति बढी विपक्षी भए, बोल्नका लागि समय त्यति नै कम प्राप्त हुन्छ, किनकि सबैलाई समानुपातिक समय दिनुपर्ने हुन्छ । समग्रमा २७५ सदस्यीय प्रतिनिधि सभामा सत्तापक्षमा १८२ र प्रतिपक्षमा ९३ जना (करिब ३४ प्रतिशतभन्दा बढी) हुनु भनेको कम संख्या होइन । सरकार सञ्चालनका लागि संसद्को सुविधाजनक बहुमत अपरिहार्य हो । तर, राज्य सञ्चालनका लागि त्यो बहुमतले मात्र पुग्दैन । नेपालमा संसद् भन्नाले प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदन रहेका छन् । माथिल्लो सदन (राष्ट्रिय सभा) मा रास्वपाको प्रतिनिधित्व शून्य छ । संसद्बाट पारित हुने विषयहरू दुवै सदनबाट पारित हुनुपर्दछ ।

अर्कोतर्फ संवैधानिक परिषद्को संरचना छ, जसमा प्रधानमन्त्री अध्यक्ष तथा प्रतिनिधि सभाका सभामुख, उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रधानन्यायाधीश र विपक्षी दलका नेता सदस्य रहन्छन् । यो संरचनामा सत्तापक्ष विगतमा कतिपय अवस्थामा अल्पमतमा परेको देखिएकाले यस्तो अवस्था दोहोरिन सक्छ । यी सबै कारणले गर्दा पनि राज्यसत्ता सञ्चालन गर्नका लागि राजनीतिक सहमति आवश्यक पर्ने नै देखिन्छ ।

संसदीय समितिहरूमा समेत प्रतिपक्षको उल्लेख्य उपस्थिति रहनेछ । अझ स्मरणयोग्य कुरा के छ भने, प्रतिनिधि सभाको 'सार्वजनिक लेखा समिति' को सभापति प्रतिपक्षले पाउने विश्वव्यापी प्रचलन छ । यसमार्फत पनि सरकारका कामकारबाहीको अनुगमन र नियन्त्रणका धेरै कामहरू गर्न सकिन्छ ।

अन्त्यमा, "एकश्चन्द्रो हन्ति तमो न च तारागणोऽपि च" भनेझैं आकाशमा हजारौं तारा भए पनि अन्धकार हटाउन एउटै चन्द्रमा काफी भएजस्तै संसदमा पनि गुणस्तरीय र तार्किक उपस्थिति नै प्रधान हुन्छ । विश्व इतिहासमा सत्तापक्षको भारी बहुमतले राजनीतिक स्थिरता र द्रुत विकासको ढोका त खोल्छ, तर यसले लोकतन्त्रमा 'चेक एन्ड ब्यालेन्स' को चुनौती पनि निम्त्याउँछ । क्यानडा, भारत (दिल्ली) र सिङ्गापुरका उदाहरणहरूले देखाउँछन् कि 'सुपर मेजोरिटी' हुँदा सरकारलाई ठूला नीतिगत निर्णयहरू गर्न र विकासका आयोजनाहरू छिटो अगाडि बढाउन सहज हुन्छ ।

यद्यपि, प्रतिपक्षको न्यून उपस्थितिले सरकार स्वेच्छाचारी र निरङ्कुश बन्ने जोखिम रहन्छ । निष्कर्षमा, सत्तापक्षको संख्या जतिसुकै भए पनि संसदीय समिति र सार्वजनिक बहसहरूमा प्रतिपक्षको सार्थक उपस्थितिबिना लोकतन्त्रको गुणस्तर खस्कन्छ ! त्यसैले नेपालको सन्दर्भमा पनि सरकारले संख्याको दम्भ त्यागेर राष्ट्रिय सहमति खोज्नु र प्रतिपक्षले रचनात्मक तर्कका आधारमा सरकारलाई जवाफदेही बनाउनु नै उत्तम लोकतान्त्रिक अभ्यास हो । *समाप्त*

## सचिव बिडारी...

नदिएपछि शर्मा पदमै टिकेका थिए । अब शर्मा बाहिरिएपछि भने भौतिक मन्त्रालयमा प्रवेशका लागि पुनः तीव्र चलखेल सुरु हुनेछ ।

सचिव सिग्देलले आफूलाई उक्त मन्त्रालयमा ल्याउन शक्तिकेन्द्र धाउन थालेको दाबी पनि स्रोतको छ । कांग्रेस निकट मानिने सिग्देलले विगतमा समेत आरजु राणा देउवाको शक्ति र पहुँचको बलमा आफूअनुकूल मन्त्रालय रोज्दै आएका थिए । तर, पछिल्लो समय शहरी विकास मन्त्रालयमा रहँदा उनको कार्यशैलीप्रति मन्त्री प्रा.डा. कुमार इङनाम नै असन्तुष्ट रहेको चर्चा छ । यही कारण नयाँ सत्तासमीकरणमा उनलाई फेरि बजेट र ठेक्कापट्टाको हिसाबले 'मालदार' मन्त्रालयमा पुऱ्याउलान् कि नपुऱ्याउलान् भन्नेमा शंका उब्जिएको छ ।

**सचिव शर्माको यात्रा पनि कम रोचक थिएन**

२०७९ सालमा सचिवमा बढुवा भएपछि केशवकुमार शर्मा बिंडारीलाई तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयअन्तर्गत सिंचाइतर्फ पदस्थापन गरेको थियो । त्यसलगत्तै तत्कालीन उपप्रधान तथा भौतिक पूर्वाधार मन्त्री नारायणकाजी श्रेष्ठले उनलाई भौतिक मन्त्रालयमा ल्याएका थिए ।

तर, मन्त्रालयको राजनीतिक नेतृत्व फेरिएसँगै सचिव शर्माको यात्रा पनि सहज रहेन । नेकपा एमालेका रघुवीर महासेठ मन्त्री बनेपछि शर्मा र मन्त्रीबीच कार्यशैली नमिलेको चर्चा भयो । त्यसपछि शर्मालाई जल तथा ऊर्जा आयोगमा सारेर गोपाल सिग्देललाई भित्र्याइएको थियो । त्यसबेला मन्त्रालय र मातहत निकायमा सचिव सिग्देलको कार्यशैलीलाई लिएर व्यापक असन्तुष्टि बढेको प्रशासनिक वृत्तमा चर्चा थियो । पछि सत्ता गठबन्धन फेरियो । एमालेले माओवादी केन्द्रसँगको गठबन्धन तोडेर कांग्रेससँग सहकार्य गरेपछि मन्त्रालयको नेतृत्व देवेन्द्र दाहालको हातमा पुग्यो । दाहालले विवादित मानिएका सिग्देललाई हटाएर पुनः शर्मालाई भौतिक मन्त्रालयमै फर्काएका थिए । त्यसयता शर्मा निरन्तर त्यहीँ टिक्न सफल भए ।

## कूटनीतिक...

*यसैबीच, पीडितहरूले ठाकुरमाथि ठगीको अनुसन्धान मात्र पर्याप्त नहुने भन्दै सम्पत्ति शुद्धीकरण विभागबाट समेत छानबिन गरिनुपर्ने माग प्रहरीसमक्ष राखेका छन । स्रोतका अनुसार, पीडितहरूले उनको आयस्रोत, सम्पत्ति वृद्धि र आर्थिक कारोबारमाथि गहिरो अनुसन्धान हुनुपर्ने बताएका छन् ।*

*हाल ठाकुरमाथि ठगीसम्बन्धी कसुरमा विस्तृत अनुसन्धान भइरहेको प्रहरी परिसर काठमाडौं स्रोतले जनाएको छ । पीडितको संख्या, असुलिएको रकम, उनले प्रयोग गरेको पहुँचको दावी र सम्भावित सञ्जालबारे समेत अनुसन्धान केन्द्रित गरिएको छ । प्रहरीले कूटनीतिक नियोग, विदेशी दूतावास वा प्रभावशाली निकायसँग पहुँच भएको दाबी गर्दै रकम माग्ने व्यक्तिबाट सचेत रहन सर्वसाधारणलाई आग्रह गरेको छ ।*

## सेनाको बढुवा...

अनुपात निर्धारण गरिएको छ । यसअघि यो तहको बढुवा प्रधानसेनापतिको तजविजी र विवेकमा निर्भर हुने गरेको आरोप लाग्दै आएको थियो । नयाँ संशोधनले यस्तो 'विवेकाधीन' अभ्यासलाई सीमित गर्दै पारदर्शिता र पूर्वानुमानयोग्यता बढाउने विश्वास गरिएको छ ।

**'पीएसओज'बाट स्वीकृत,प्रक्रियामा अगाडि**

सैनिक स्रोतका अनुसार, प्रस्तावित संशोधन नेपाली सेनाको उच्च तह–पीएसओज् (Principal Staff Officers) बाट स्वीकृत भइसकेको छ र अब औपचारिक प्रक्रिया अगाडि बढाइएको छ । आवश्यक कानूनी र नीतिगत चरण पार गरेपछि यसलाई कार्यान्वयनमा ल्याइने बताइएको छ ।

**अवकाशको बाध्यताबाट मुक्ति**

हालको व्यवस्थामा बढुवा नपाएका अधिकृतहरू निश्चित उमेर वा सेवाअवधि पूरा भएपछि अनिवार्य अवकाश लिनुपर्ने अवस्था छ । विशेषगरी मेजर र कर्नेल तहमा यस्तो बाध्यता बढी देखिन्छ । प्रस्तावित संशोधन लागू भएमा बढुवाको अवसर विस्तार हुने भएकाले यस्ता अधिकृतहरूलाई समय अगावै अवकाश लिनुपर्ने बाध्यताबाट राहत मिल्ने अपेक्षा गरिएको छ । यसले अनुभवी जनशक्ति संगठनमै टिकाउन पनि मद्दत गर्ने विश्लेषण गरिएको छ ।

**संगठनभित्र सकारात्मक सन्देश**

सैनिक वृत्तमा यस संशोधनलाई 'ढिलो भए पनि आवश्यक सुधार' का रूपमा लिइएको छ । लामो समयदेखि 'अन्यायपूर्ण बढुवा संरचना' भन्दै आलोचना हुँदै आएको सन्दर्भमा यसले संगठनभित्र सकारात्मक सन्देश जाने अपेक्षा गरिएको छ । स्रोतहरूका अनुसार, यसले केवल व्यक्तिगत करियरमा मात्र होइन, समग्र संगठनको मनोबल, व्यावसायिकता र संस्थागत स्थायित्वमा समेत सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ । यद्यपि, संशोधनको कार्यान्वयन कसरी हुन्छ र व्यवहारमा कत्तिको प्रभावकारी हुन्छ भन्ने प्रश्न भने अझै खुला नै रहेको सैनिक वृत्तको टिप्पणी छ ।

## 'सेटिङ'-नियुक्तिमाथि...

*स्रोतका अनुसार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गतका विभिन्न निकायमा गरिएको नियुक्ति पुनरवलोकनको सूचीमा परेको छ । लुम्बिनी विकास कोषको सदस्य सचिवमा दीपक श्रेष्ठ, पशुपति क्षेत्र विकास कोषमा प्रकाशमणि शर्मा भुसाल, श्रीधर सापकोछ.टा, नेपाल वायुसेवा निगममा अमृतमान श्रेष्ठजस्ता नियुक्तिहरू अब नयाँ सरकारको छानबिनमा पर्न सक्ने चर्चा छ ।*

*निगमका निमित्त महाप्रबन्धक अमृतमान श्रेष्ठलाई स्थायी नेतृत्वमा लैजाने तयारी भइरहेका बेला सरकार परिवर्तनले त्यो खेल उल्टिन सक्ने सम्भावना बढेको छ । यस्तै, राष्ट्रिय भूमि आयोगका केन्द्रीय तथा जिल्ला तहका पदाधिकारीहरू पनि नयाँ सरकार बनेसँगै हटाइने सूचीमा पर्न सक्ने अनुमान गरिएको छ ।*

***'मेरिट'को नारा कि नयाँ सेटिङ ?***

*रास्वपाले निर्वाचनताका नै भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई एक वर्षभित्र जग्गाधनी प्रमाणपत्र दिलाउने प्रतिबद्धता सार्वजनिक गरिसकेको छ । त्यसका लागि भूमि आयोगदेखि अन्य निकायसम्म आफ्नो ढंगले पुनर्संरचना गर्न सक्ने बुझाइ छ ।*

*नयाँ सरकार गठनसँगै राष्ट्रिय योजना आयोग, महान्यायाधिवक्ता, विभिन्न संस्थान, बोर्ड, विश्वविद्यालय, राजदूत तथा संवैधानिक प्रकृतिका बाहेकका राजनीतिक नियुक्तिहरू स्वतः वा प्रक्रियामार्फत हटाइने संकेतहरू पनि फैलिएका छन् । सिंहदरबारमा चलिरहेको हिसाबअनुसार विगत सरकारहरूले गभर्नरदेखि बोर्ड सदस्यसम्म करिब एक हजारभन्दा बढी पदमा राजनीतिक भागबन्डा र पहुँचका आधारमा नियुक्ति गरेको आरोप लाग्दै आएको छ ।*

*अब बन्ने सरकारले 'मेरिट, क्षमता र प्रतिस्पर्धा'को नारा अघि सारे पनि प्रशासनिक वृत्तमा अर्को प्रश्न पनि उत्तिकै बाक्लिँदै गएको छ-के साँच्चै सेटिङ हटेर प्रणाली आउँछ, कि पुरानो सेटिङको ठाउँमा नयाँ शक्ति-समूह बस्छ ? अहिलेलाई यति मात्र स्पष्ट छ-सरकार बदलिनासाथ सचिवदेखि सदस्य सचिवसम्म, निमित्तदेखि अध्यक्षसम्म, धेरै कुर्सी हल्लिनेछन् । र, भौतिक मन्त्रालयको रिक्त सचिव पद त्यसको पहिलो नमुना बनेको छ ।*

## शहरीमा...

समयमा बनाउन नसक्ने शहरीको संयन्त्रले अरू विकासका गफ गर्नु नै व्यंग्यजस्तो भएको छ । म्याद थपिएको थपियै, लागत बढेको बढ्यै, ठेकेदारको अनुहार उज्यालिएको उज्यालियै । पेनाल्टी कागजमा, भेरिएसन व्यवहारमा-शहरी विकास विभागको यही नयाँ मन्त्र जस्तो देखिएको छ ।

बाहिरिँदै गरेका मन्त्री प्रा.डा. कुमार इङ्नामले पनि संकेत गरिसके-प्राविधिक मन्त्रालय भनेको विकासभन्दा कमिसनको बाटो छिटो भेटिने ठाउँ रहेछ । काम नगर्नेहरू कुर्सीमै, काम अल्झाउनेहरू प्रभावमै, निर्माण कम्पनीसँग मिल्नेहरू सुरक्षितमै । मन्त्रीको गुनासो यही थियो कि मन्त्रालयमा निर्माण कम, 'सेटिङ' बढी चल्यो । सचिवालय र विभागीय नेतृत्वको मौनता हेर्दा आरोप हावामा उडेको पनि लाग्दैन । अन्तिम निष्कर्ष सरल छ-बजेट रोकिएको भन्दा नियत रोकिएको ठूलो समस्या हो । शहरी विकास मन्त्रालयमा पैसा अभावले भन्दा जिम्मेवारी अभावले काम रोकिएको देखिन्छ । संसद् भवन नबनेको मात्रै होइन, मन्त्रालयभित्रको चरित्र पनि खुल्दै गएको छ-जहाँ विकास ढिलो हुन्छ, तर मिलेमतो र कमिशन बाँडचुड चाहिं छिटो हुन्छ ।

## नयाँ सरकार...

पुग्नुअघि नै अवकाशमा जानुपर्ने अवस्था आउन सक्ने देखिन्छ । सबैभन्दा कान्छो सुरक्षा संगठन सशस्त्र प्रहरी बलमा अहिलेसम्म नेपाल प्रहरी र नेपाली सेनाबाट स्थानान्तरण भएर आएका अधिकृतहरूले मात्रै संगठनको नेतृत्व सम्हाल्ने अवसर पाएका छन् । संगठनभित्रैबाट भर्ना भएका 'फ्रेस' अधिकृतहरू भने अझै नेतृत्व तहमा पुग्न सकेका छैनन् ।

२०८२ चैत १ गते सरकारले चार डीआईजीहरूको एक वर्ष पदावधि थप गर्ने निर्णय गरेको थियो । सोही निर्णयका कारण अब पनि नेपाल प्रहरीबाट स्थानान्तरण भएर आएका अधिकृतहरूले नै नेतृत्वमा बाजी मार्ने सम्भावना बढेको बताइन्छ । सशस्त्र प्रहरी बल स्थापना भएको २४ वर्षपछि नेतृत्व तहमा पुग्न लागेका सि.सं. १ ब्याचीहरू डीआईजीबाटै अवकाशमा जानुपर्ने अवस्था सिर्जना भएको भन्दै संगठनभित्र पदावधि थपको विषयमा चर्को असन्तुष्टि देखिएको थियो । सि.सं. १ का अधिकृतहरूले पदावधि थप गर्न नहुने भन्दै लबिङसमेत गरेका थिए । तर, उनीहरूको प्रयास असफल भयो र पदावधि थपको निर्णय कार्यान्वयनमा गयो । संगठनमा २०५९ कात्तिक २६ गते भर्ना भएको पहिलो ब्याच सि.सं. १ हो । त्यसपछि २०५९ चैत ७ गते दोस्रो ब्याच र २०६० साउन २९ गते तेस्रो ब्याच भर्ना भएका थिए ।


# वैदेशिक रोजगारमा जानेले घरमा छोड्नुपर्ने कागजात ।

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि,
- निरोगिताको प्रमाणपत्रको प्रतिलिपि,
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,
- म्यानपावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि,
- बीमा गराएको कागजको प्रतिलिपि,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,

**वैदेशिक रोजगारमा रहादा कठिनाइ उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन् ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


**प्रकाशक** : गोपाल बुढाथोकी, **सम्पादक** : रामकला बुढाथोकी, **कार्यालय** : बागबजार, यतिप्लाजा (पद्मकन्या क्याम्पस अगाडि), काठमाडौं, **फोन** : ५३३०७४८, पो.ब.नं. २९८४, **मुद्रण** : ॐ शिवशक्ति प्रेस, बागबजार